कस्तो रह्यो बिल क्लिन्टनको हालैको बहुचर्चित चीन भ्रमण ?

मूल्याङ्कन

मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५९
साउन, २०५५

कालापानी

किन र कसरी भारतले सीमा मिचेको छ ?

दुई भूतपूर्व नापी महानिर्देशकका भनाइहरु

कालापानी मार्चः स्थलगत रिपोर्ट





10th ANNIVERSARY 1987 1997

Nepal Grindlays Bank Limited

नेपाल ग्रिण्डलेज बैंक लिमिटेड

A DECADE OF "SERVICE EXCELLENCE"

Member ANZ group of companies

	Nayabaneswar	Kantipath	Thamel Exchange Bureau	Lalitpur	Biratnagar(Morang)
Tel:	246753,229333	228474	233128	524990	27983
Fax:	226762	228692	228692	523266	27982
TLX:	2531 GRNDLY NP	2736 GMNEPL	2268 GRCRD	2532 NGBL NP	2037 ANZBRT

	Duhabi (Sunsari)	Pokhara (Lakeside)	Arghaun Bazar, Pokhara
Tel:	40030	20102	21676
Fax:	40177	20318	20318
TLX:		6003 GR POREX	6003 GR POREX

मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ५९
साउन/२०५५

कालापानी

किन र कसरी भारतले सीमा मिचेको छ ?

◆ सुधीर शर्मा

❑ नापीका भू.पू. महानिर्देशक द्वय बुद्धिनारायण श्रेष्ठ र पुण्यप्रसाद ओली एवं पत्रकार भैरव रिसालका विचारहरू !

◆ ऋषिराज लुम्सालीको विश्लेषण र यात्रा विवरण !

कस्तो छ भारतीय ज्यादती कालापानीमा ?

नेकपा माले समर्थित अनेरास्ववियूको विद्यार्थी-मार्च टोलीसँगै कालापानी पुगेर फर्केपछि गणेश खत्रीले तयार गरेको स्थलगत रिपोर्ट

कस्तो रह्यो अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको हालैको बहुचर्चित चीन भ्रमण ?

प्रत्यक्ष विचार अन्तर्क्रिया को रिपोर्ट

के नून-चिनी-पानी प्रतिबन्ध लगाउनु पर्ने कुरा हो ?

समाजशास्त्री डा. कविताराम श्रेष्ठ र चिकित्सकहरू डा. शरद वन्त, डा. बेनुबहादुर कार्की र डा. सोनुलाल थापाका विचारहरू

हाम्रो मूल्यांकन
महाकाली पूर्व भइरहेको सीमा अतिक्रमणबारे सरकार किन ठोस कदम चाल्दैन ? ४

आवरण कथा
कालापानी: किन र कसरी भारतले सीमा मिचेको छ ? विज्ञहरुको टिप्पणी तथा स्थलगत भ्रमणको आधारमा तयार गरिएका विविध सामग्रीहरु सहित ५

घटना र प्रवृत्ति
कस्तो छ यसपालिको बजेट ? ३८
विरालोले मुसो खेलाएझैं कांग्रेसद्वारा खेलाइएका एमाले-मालेहरु ३७
अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको चीन भ्रमणको समीक्षा ४०

प्रेरक प्रसंग
एक सय सैंतीस वर्षपछि डार्विनसँग चर्चको हार ३०

विचार मञ्च
किन कम्युनिष्ट पार्टीमा खुश्चोभहरु पैदा हुन्छन् ? -गंगाप्रसाद चौधरी २९

अन्तर्क्रिया
के नून-चिनी-पानी प्रतिबन्ध लगाउनु पर्ने कुरा हो ? ३१

उत्पीडित मञ्च
दलितलाई आरक्षण किन र कसरी ? -पद्मलाल विश्वकर्मा १८

आँखीझ्याल
अमेरिकीमा गरिबी कसरी बढ्दैछ ? १७

रोचक
विगत सय वर्षमा विश्वमा भएका हेरफेरका केही तथ्यांकहरु १७

नयाँ स्तम्भ हास्य-व्यङ्ग्य
माले, मूल्यांकन र म -विमल निभा २८

साहित्य
हिन्दीका जनपक्षीय लेखक सव्यसाँची बित्तुभयो (जीवनी) २७

अचेल
प्रसिद्ध साहित्यकार तथा राजनीतिज्ञ श्यामप्रसाद शर्मा के गर्दै हुनुहुन्छ, के सोच्दै हुनुहुन्छ ? २२

नीति/संस्कृति
लामो बोलेर फलानाले बोरै गरे ! माइक पाएपछि छोड्दै नछोड्ने वक्ताहरु -चन्द्रदेव नेपाली २५

विश्व कम्युनिष्ट आन्दोलन
युरोपका केही कम्युनिष्ट सम्मेलनहरु ग्रीसमा ५० देशका ५७ कम्युनिष्ट पार्टीहरुको भेला ३५
ब्रसेल्समा अन्तर्राष्ट्रिय सेमिनार ३६
भारतमा एस.यू.सी.आई.को वार्षिकोत्सव ३६

पाठकको कुरो ४२

संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुईटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी

प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भंसारी
विज्ञापन व्यवस्थापक
गुण श्रेष्ठ
बजार व्यवस्थापक
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

आवरणमा : कालापानी क्षेत्रमा नेपाली विद्यार्थीहरुको 'कालापानी मार्च टोली' पुग्दा पारी डाँडाको फेदमा ठूलो संख्यामा भारतीय सैनिकहरु जम्मा भएको दृश्य। इन्सेटमा : विद्यार्थी मार्च टोली नेपालको झण्डा फहराउँदै (माथि र बायाँ) / नेकपा मालेको मार्च टोलीलाई सम्बोधन गर्दै क. ऋषिराज लुम्साली (दायाँ)। काँधमा : चीन भ्रमणमा बिल क्लिन्टन।

आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७/कलाकारहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक। फोन: २४७१८२

कम्प्युटर सेटिङ्ग: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

महाकालीपूर्व भइरहेको सीमा अतिक्रमणबारे सरकार किन ठोस कदम चाल्दैन ?

१८१६ को सुगौली सन्धिको धारा ५ ले सुस्पष्ट भाषामा नेपालको पश्चिमी सीमा काली नदी हो भनेर सुनिश्चित गरिदिएको जगजाहेर छ । तथापि, भारत सरकारले सन् १९६२ देखि नै कालीनदीदेखि पूर्वपट्टि नेपाली भूमिमा ठाउँ ठाउँमा आफ्नो सैनिक क्याम्प खडा गरेर नेपाली सार्वभौमसत्तामाथि बलात्कार गर्ने दुष्प्रयत्न गरेको छ । यति मात्र होइन, भारतीय शासक वर्गले नेपाली भूमिलाई आफ्नो साबित गर्न फर्जी नक्साहरू समेत बनाउने हास्यास्पद जालसाजी गरिरहेको देखिन्छ ।

भारत नेपालको छिमेकी राष्ट्र हो र भारतीय जनता नेपाली जनताका अन्यन्य मित्र हुन् । तथापि, सानो छिमेकी मित्रराष्ट्रप्रतिको भारत सरकारको यो बलमिच्याइँ र जालसाजी कहीँकतै मित्रतापूर्ण देखिन्न ।

भारत सरकारले नेपाली भूमिमा भारतीय पल्टन राखेपछि र जालसाजीपूर्ण नक्साहरू प्रस्तुत गर्न थालेपछि अहिले वास्तविक काली नदी कुन हो भन्ने सम्बन्धमा प्रश्नचिन्ह खडा भएको छ । यसको वास्तविक मुहान सम्बन्धमा नै अन्यौल पैदा भएको छ ।

सन् १९०५ सम्म सर्भे अफ इण्डियाले जे जति नक्साहरू आधिकारिक रूपमा प्रकाशित गरेको छ, ती सबै नक्साले अहिले भारतले कब्जा गरिरहेको, कालापानी र नाभीडाङ क्षेत्र सुस्पष्ट रूपमा नेपाली भूमि ठहऱ्याएका छन् । उदाहरणका लागि, सन् १८५० को नक्सा, १८५६ को नक्सा, १८७९ को नक्सा र १९०५ को नक्सा । १८५६ को आधिकारिक नक्साले त स्पष्ट रूपमा महाकालीको मुहान लिम्पियाधुरा देखाएको छ । यी सबै नक्साहरू तत्कालीन ब्रिटिश इण्डिया सरकारले स्वीकार गरेका आधिकारिक नक्साहरू हुन् । लण्डनको इण्डियन अफिस लाइब्रेरी एण्ड रेकर्डसमा ती सबै नक्साहरू अझै पनि सुरक्षित छन् । र, ती नक्साहरू नेपालको नापी विभागमा पनि उपलब्ध छन् ।

नेपाल र चीनबीच सम्पन्न सीमा सम्झौताको बेला आदान-प्रदान भएका १९६१ र १९७९ का नक्साहरूमा पनि सुस्पष्ट रूपमा अतिक्रमित कालापानी क्षेत्र नेपालको साइडमा देखाइएको छ ।

तत्कालीन भारत सरकारकै एकजना सर्भेयर जे.बी. टासिनले सन् १८३७ मा प्रकाशित गरेको हाते नक्सामा पनि सुस्पष्ट रूपमा यही अंकीत छ । अझ, यसले त महाकालीको मुहान लिम्पियाधुरा नै देखाएको छ ।

हामीलाई लाग्छ, यी सबै सबूदहरू भारत सरकारसित पक्कै होलान् । सम्भवतः यही कारणले होला, भारतले अतिक्रमण गर्नु एक वर्षअघि सन् १९६१ मा कालापानी व्यास क्षेत्र, नाभी, कुटी, गुन्जी जस्ता हाल भारतद्वारा अतिक्रमित नेपाली क्षेत्रमा नेपालको तर्फबाट आफ्नै भूभागको रूपमा जनगणना भएको तथ्य नेपालका तत्कालीन आधिकारिक नापी अधिकृतहरू बताउँदैछन् । तर त्यतिखेर भारतबाट त्यस जनगणनामा कुनै बाधा विरोध भएको पाइन्न । अन्यथा, के कुनै भारतीय भूभागमा नेपालबाट जनगणना हुन सम्भव थियो ?



नेपालको कालापानी क्षेत्रमा भारतीय सैनिक बंकर ।
फोटो यात्रा थुलगा

यी सबै ऐतिहासिक सबूदहरू हुँदाहुँदै भारतीय पल्टन नेपाली भूभागमा जबर्दस्ती कब्जा जमाएर बसिरहेछ । भारतीय शासक वर्गको योभन्दा ठूलो प्रभुत्ववादी व्यवहार अरू के हुन सक्छ ?

तथापि, राजा महेन्द्रदेखि अहिलेसम्मका सबै नेपाली शासकहरू नेपाली भूभागमा भारतीय पल्टन रहेको जस्तो अति सम्वेदनशील सूचना बेलैमा प्राप्त हुँदाहुँदै- सीमा अतिक्रमण जस्तो अति नै गम्भीर राष्ट्रिय महत्वको समस्या हल गर्नका लागि लागिपरेका देखिन्नन् । राष्ट्रवादको नारा दिने पञ्चायती राजदरबार यो मामलामा बिल्कुलै चुप देखिन्छ । आफ्नो कुर्सी स्वार्थका लागि उनीहरूले राष्ट्रिय स्वार्थलाई बिल्कुलै आँखा चिम्लिदिएको प्रष्टै देखिन्छ । ठीक त्यस्तै, २०४६ साल यता यहाँ मूलतः कांग्रेसकै सरकार सिंहदरबारमा आसीन छ । तर कुनै पनि कांग्रेसी सरकार भारतीय पल्टन नेपाली भूमिबाट खेद्नका लागि गम्भीरतापूर्वक लागेको पाइन्न, न त उसले अतिक्रमणबारे विस्तृत यथार्थ खुलाइएको सरकारी श्वेतपत्र नै अहिलेसम्म सार्वभौम जनतासमक्ष राख्न जरूरी ठानेको छ । भारतले तीमौं वर्षदेखि नेपाली भूभाग निलेको छ, नेपाली जनता यसबारे सूसुचितसम्म छैन । कहाँ निल्यो, कति निल्यो, जनतालाई बस्तुगत यथार्थको ठीक ठीक सूचनासम्म छैन ।

यस परिप्रेक्ष्यमा, अहिले नेपालका नौ वामपन्थी समूहहरूले जुन देशभक्तिपूर्ण आन्दोलन छेड्दैछन्, त्यो सर्वथा सह्राहनीय छ । देशका सर्वपक्षीय देशभक्त बौद्धिकहरूले 'सीमा अतिक्रमण प्रतिरोध समिति' बनाएर विषयविज्ञहरूमार्फत् सीमा अतिक्रमणबारे जुन ढंगले भौगोलिक र ऐतिहासिक तथ्यहरूको संकलन गर्दैछन्, त्यसले काली नदी पूर्वको सीमा अतिक्रमणबारे यथार्थ पत्ता लगाउन र जनतालाई सचेत पार्न राम्रो भूमिका खेल्न अपेक्षा राख्न सकिन्छ । नौ वामसंग सम्बद्ध बौद्धिकहरू, पेशाकर्मीहरूले पनि एकताबद्ध भएर यस मामलामा दबावकारी सडक आन्दोलन र गोष्ठीहरू गर्दैछन् र यसले पनि जनजागरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दैछ ।

वर्तमान परिप्रेक्ष्यमा हामीले काली सीमा अतिक्रमणबारे भारतको शासक वर्गसित मात्र लडेर पर्याप्त भएको छैन, नेपालकै सरकारसित समेत हामीले लड्नु परेको छ । जनदबाबको कारणले गिरिजा सरकारले सीमा अतिक्रमणबारे थोरै बोल्न त बाध्य भएको छ । तर यति मात्रै बोलाइले सीमा अतिक्रमणको समस्या सम्बन्धमा माखो मर्नेवाला देखिन्न । सरकारको तर्फबाट यस मामलामा दरो र मूर्त कदम उठाउनु नितान्त जरूरी भएको छ । त्यो कदम भनेको- यथाशीघ्र सीमा अतिक्रमणबारे जनतालाई सूसुचित गर्न श्वेतपत्रको प्रकाशन हो, अविलम्ब भारतसित विशेषज्ञसहित सर्वोच्च राजनीतिक स्तरमा वार्ताको माग हो, र बुद्धिमत्तापूर्ण कूटनीति हो । यो उपायबाट समस्या हल भएन भने, यो समस्यालाई अन्तर्राष्ट्रियकरण गर्नु जरूरी हुनेछ ।

आन्दोलनरत जनताको तहबाट त यो समस्यालाई अहिले नै अन्तर्राष्ट्रियकरण गर्नु जरूरी तथा सम्भव छ र त्यो प्रक्रिया नौ वामले थालीपनि सकेको छ । भारतीय जनतासित र त्यहाँका सहयोगी पार्टीहरूसित यस मामलामा सम्पर्क र एकता कायम गर्नु पनि अत्यन्त महत्वपूर्ण कदम हुनेछ । नेपाली जनता र भारतीय जनताको एकीकृत दबाबले नै दुबै देशका सरकारलाई समस्या समाधानतर्फ डोऱ्याउन सम्भव देखिन्छ । ❑

कालापानी

किन र कसरी भारतले सीमा मिचेको छ ?

◆ सुधीर शर्मा

नेपालको उत्तरी भेकमा रहेका १४ वटा भारतीय सैनिक चौकीहरूलाई ०२६ सालमा हटाउँदा पनि कालापानीस्थित क्याम्पलाई किन हटाइएन ?- भन्ने बारे पनि सम्बन्धित निकायहरूले स्पष्ट चित्तबुझ्दो जवाफ दिन सक्दैनन् ।

दार्चुला जिल्लाको व्यास गाउँ विकास समितिको वडा न १ मा पर्ने कालापानी क्षेत्रमा भारतले जबर्जस्ती आफ्नो सैनिक क्याम्प राखिरहेको तथ्य सर्वसाधारणको जानकारीमा आइसकेको छ । यसप्रति जनस्तरबाट जति विरोध भएको छ, त्यसको विपरीत सरकारले चाहिं त्यसलाई अनावश्यक झण्झट ठानेको देखिन्छ । एउटा सार्वभौमसत्तासम्पन्न स्वतन्त्र देशको भूमिमा विदेशी सेना रहंदा पनि त्यसलाई हटाउन सरकारी तवरबाट पर्याप्त प्रयास भएको पाइंदैन । यहाँसम्म कि, त्यहां भारतीय सेना बसेको जानकारी सरकारले कहिले पायो र नेपालको उत्तरी भेकमा रहेका १४ वटा भारतीय सैनिक चौकीहरूलाई ०२६ सालमा हटाउंदा पनि कालापानीस्थित क्याम्पलाई किन हटाइएन ?- भन्ने बारे पनि सम्बन्धित निकायहरूले स्पष्ट चित्तबुझ्दो जवाफ दिन सक्दैनन् ।

कालापानी अतिक्रमणको चुरो भनेको महाकाली (चलनचल्तीको भाषामा काली) नदीको उद्गमस्थल सम्बन्धी विवाद हो । भारतले 'तुल्सी न्यूराङ' अर्थात् 'कृत्रिम कालापानी'मा कालीको कृत्रिम मूहान खडा गरेर अतिक्रमणलाई 'वैधानिकता' दिने जाली कसरत गरिरहेको छ । त्यहाँ पहाडबाट रसाएको पानीलाई सानो तलाउमा जम्मा पारेर एउटा कूलो लिपुखोलामा जोडिएको छ र त्यही तलाउलाई कालीको स्रोत भन्ने हास्यास्पद दावी गरिएको छ । नेपालको सरकारले चाहिं तुल्सी न्यूराङभन्दा ६ कि.मि. उत्तरमा पर्ने लिपुधुरा वा लिपुलेक (सक्कली कालापानी) कालीको उद्गम हो भनेको छ । यस भनाइअनुसार, लिपुलेकबाट निस्कने लिपुखोला काली नदीका रुपमा सीमा नदी हुन आउँछ र यो स्थितिमा भारतले करीब ३५ वर्ग कि.मि. भूभागमाथि अतिक्रमण गरेको देखिन्छ । यसबाहेक, नेपालका विपक्षी पार्टी, सम्बन्धित विशेषज्ञ र स्थानीय बासिन्दाहरूले लिम्पियाधूराबाट निस्कने कुटी नदीलाई मूल काली नदीका रुपमा सीमा नदी हो भन्ने तथ्यहरु अघि सारेका छन् । लिम्पियाधुरा कालीको उद्गम साबित भएको खण्डमा भारतले करिब १९६ वर्ग कि.मि. नेपाली भूभागमाथि अतिक्रमण गरेको मानिनेछ ।

कालापानीको महत्व

हाल भारतीय सैनिक क्याम्प रहेको कारण चर्चामा आएको कालापानीको खास नाम तुल्सी न्यूराङ हो । सक्कली कालापानी त्यहाँभन्दा ६ कि.मि.माथि लिपुधुरा वा लिपुलेकमा छ, जहाँबाट काली निस्कन्छ भन्ने सरकारी मान्यता छ । सक्कली कालापानीमा काली मन्दिर छ । भारतीयहरुले तुल्सी न्यूराङमा पनि त्यस्तै मन्दिर बनाएर कालीको मूहान भएको कालापानी त्यही हो भनी झूठको खेती गरिरहेका छन् ।

सो विवादास्पद क्षेत्रभित्र पर्ने तुल्सी न्यूराङ (नक्कली कालापानी) सहित नाभीडाङ, गुन्जी र छोटा कैलाश गरी जम्मा चार ठाउँमा भारतले सैनिक क्याम्पसहरु राखेको छ । त्यसमध्ये, तुल्सी न्यूराङ सामरिक, व्यापारिक र धार्मिक सबै दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण स्थानमा रहेको छ । त्यसैकारण भारतले सो ठाउँको निर्मित मरिहत्ते गरिरहेको छ ।

नेपालको बैतडी जिल्लाको पारीपट्टि पर्ने भारतको उत्तर प्रदेश पिथौरागढ जिल्लाको जौलजिबीदेखि माथिको सम्पूर्ण क्षेत्रलाई भारत सरकारले निषेधित क्षेत्र घोषित गरेको छ । विशेष अनुमतिपत्र नलिएका भारतीयहरुले समेत जौलजिबीदेखि माथि जान पाउँदैनन् । सो क्षेत्रमा हरेक १०/१५ मिनेटमा सैनिक क्याम्पहरु भेटिन्छन् । कालापानी क्षेत्रमा चाहिं भारतले भारत-तिब्बती सीमा प्रहरी (आई.टि.बि.पि.) नामको अर्धसैनिक बल तैनाथ गरेको छ । सन् १९६२ को भारत-चीन युद्धताकादेखि त्यहाँ आई.टि.बि.पि. तैनाथ गरिएको हो । त्यसअघि सन् १९५७ देखि नै त्यहाँ स्पेशल पुलिस फोर्स (एसपीएफ) को चेकपोष्ट राखिएको थियो ।

भारतले कालापानी क्षेत्रमा कब्जा जमाउनुको खास कारण त्यहाँको सामरिक महत्व नै हो । तुल्सी न्यूराङको जस्तो समतल भू-बनौट त्यस भेकमा अन्यत्र छैदैछैन । त्यहाँ एकैचोटी दुईटा हेलिकोप्टर ल्याण्ड गर्ने ठूला हेलिप्याडहरु छन् भने, १० वटा गुम्बज आकारका फलामे घरहरुसहित अन्य सिमेन्टेड घरहरु पनि छन् । वरिपरि अग्ला पहाडहरु छन् । उत्तरको लिपुलेकमा चिनियां सेना आयो भने पनि त्यो हिमाली खोंचबाट सर्लक्कै देखिन्छ ।

कथकदाचित फेरि भारत-चीन युद्ध भएमा चिनियां पैदल सेना अघि बढन सक्ने सबैभन्दा खतरनाक सामरिक नाका नै लिपुलेक-तुल्सी न्यूराङ हो । किनकि, चीनबाट भारतको नयां दिल्लीसम्मको सबैभन्दा छोटो दूरीको बाटो लिपुलेक कालापानी भएर जान्छ । र, तुलनात्मक रुपले लिपुभन्ज्यांगको उंचाई ५०९८

नापीका भू.पू. महानिर्देशक द्वय बुद्धिनारायण श्रेष्ठ र पुण्यप्रसाद ओली एवं पत्रकार भैरव रिसालका विचारहरू !

◆ ऋषिराज लुम्सालीको विश्लेषण र यात्रा विवरण !

❑ विद्यार्थी मार्चको स्थलगत रिपोर्ट

लिपुभन्ज्यांगबाट करिब ३० कि.मि.को दूरीमा चीनको सिङक्याङ तिब्बत मार्ग (रेशम मार्ग) रहेको छ । यसै आधारमा दार्चुलालाई मोटर बाटोबाट रेशम मार्गसंग जोड्ने हो भने, भारतीय भूमि नछोइकनै पाकिस्तानको कराँची बन्दरगाह र क्यास्पियन सागरसम्म जान सकिने हुन्छ ।

मिटर पनि कम छ । कालापानी नेपाललाई फिर्ता दिएमा निरन्तर खतरा भइरहने निष्कर्ष भारतीय सैन्य रणनीतिकारहरुले निकालेको पाइन्छ । लिपुभन्ज्यांगभन्दा केही तल चीनसंग टाँसिएर रहेको सामरिक महत्वको अर्को नेपाली नाका टिंकर भन्ज्यांग (उचाई ५२५८ मि.) तर्फ पनि अब भारतको आँखा गढ्न थालेको संकेत पाइएको छ ।

एक सुरक्षा विश्लेषकका अनुसार, चिनियां आक्रमणको खतरा बढेपछि एक समय भारतले नाथुला भन्ज्याङमाथि पूर्ण कब्जा जमाउन पूरै सिक्किम निलेको थियो, अहिले उसको निम्ति लिपुभन्ज्यांग नाथुलाभन्दा कैयौं गुणा बढी महत्वपूर्ण भएको छ ।

भारतले आणविक परीक्षण गरेको लगत्तैपछि नेपालभित्र कालापानी प्रकरण चर्कनुमा चीनको हात रहेको प्रचार भारतका सरकारसमर्थित सचार माध्यमहरुले गरिरहेका छन् । त्यसका निम्ति चीनले नेपालका कम्युनिष्टहरुलाई उचालेको र नेपालले कालापानी फिर्ता लिएर चीनलाई बुझाउने षड्यन्त्र गरेको प्रचार पनि उनीहरुले गरेका छन् । यसबाट पनि कालापानीप्रतिको भारतीय सैन्य रुचि कति गहिरो रहेछ भन्ने बुझ्न सकिन्छ ।

सामरिक दृष्टिले मात्र हैन, धार्मिक, व्यापारिक र पर्यटकीय प्रयोजनको निम्ति पनि तुल्सी न्यूराङ- कालापानी-लिपुभन्ज्याग बाटोको अहम महत्व छ । तिब्बतस्थित कैलाश पर्वत र मानसरोवर जाने तीर्थयात्री तथा तिब्बतको ताक्लाकोट बजारमा व्यापार गर्न जाने व्यापारीहरुको निम्ति सबैभन्दा छोटो र सुलभ बाटो पनि त्यही हो । तर, त्यो सुविधा भारतीयहरुलाई मात्र उपलब्ध छ, नेपालीहरुलाई आफ्नै भूमिमा जान समेत बर्जित छ । हाल भारतले कालापानी क्षेत्रसम्मै मोटरबाटो जोड्ने योजना बनाएर सडक निर्माण गरिरहेको छ । र, तुल्सी न्यूराङभन्दा करीब ४० किलोमिटर दक्षिण माङ्तीसम्म मोटर पुग्न थालिसकेका छन् । सो निर्माणकार्य चाँडो सक्न उसले तीब्र गतिमा काम गराइरहेको छ ।

अर्कोतर्फ, लिपुभन्ज्यांगबाट करिब ३० कि.मि.को दूरीमा चीनको सिङक्याङ तिब्बत मार्ग (रेशम मार्ग) रहेको छ । यसै आधारमा दार्चुलालाई मोटर बाटोबाट रेशम मार्गसंग जोड्ने हो भने, भारतीय भूमि नछोइकनै पाकिस्तानको कराँची बन्दरगाह र क्यास्पियन सागरसम्म जान सकिने अति महत्वपूर्ण राजमार्गसंग नेपाल आबद्ध हुनसक्ने परिकल्पना पनि गरिएको छ । यस्तै एक अर्को परिकल्पनाका अनुसार, दार्चुला (लिपुभन्ज्यांग) बाट काराकोरम पास पुग्न ११ सय कि.मि. बाटो तय गर्नु पर्छ र त्यहाँबाट सय कि.मि. मै पाकिस्तानी सीमाभित्र पुग्न सकिनेछ । अर्थात् दार्चुलाबाट कलकत्ता वा ढाका पुग्नुभन्दा पाकिस्तानको उत्तरी सीमा पुग्ने मोटरबाटो नजिक छ । यसैगरी, सोही बाटो प्रयोग गरेर अफगानिस्तानको काबुलसम्म पुग्न १६५० कि.मि. पर्दछ भने तुर्कमेनिया हुँदै क्यास्पियन सागरसम्म पुग्न लगभग ३२५० कि.मि. स्थल मार्ग प्रयोग गरेमा नेपालले यूरोपसम्मको व्यापारिक नाका प्राप्त गर्न सक्ने देखिन्छ । यस तरिकाबाट दार्चुलादेखि रुसको यूरोपीय भागमा पर्ने बाकु बन्दरगाहसम्म पुग्न जम्माजम्मी ३८ सय कि.मि. मोटरबाटो पार गर्नुपर्ने हुन्छ । अहिले दार्चुलाको दक्षिणी भाग काठमाडौंसग मोटरबाटोबाट जोडिइसकेको छ । त्यहाँबाट लिपुभन्ज्यांगसम्म सडक बन्ने र प्रस्तावित परिकल्पनामा चीनले सहयोग गर्ने हो भने नेपालको नयाँ व्यापारिक नाका खुल्नु असम्भव चाहिं छैन । तर यसको निम्ति कालापानी विवाद पहिलो र प्रमुख अवरोध हो, यसलाई हल गर्न भारत चाहँदैन ।

विगतको मौनता

कालापानी अतिक्रमणबारे देशभित्र चौतर्फी चर्चा चले पनि सरकारले यसबारे आफ्नो दृष्टिकोण प्रस्तुत गर्नमा लज्जास्पद ढिलाइ गऱ्यो । भारतले अतिक्रमण गरेको वर्षौं बितिसके पनि सरकार प्रमुखले अघिल्लो महिना मात्र आफ्नो धारणा पहिलो पटक सार्वजनिक गरेका छन् । प्रम गिरिजाप्रसाद कोइरालाले राष्ट्रिय सभा, प्रत्यायोजन व्यवस्थापन सरकारी आश्वासन समितिलाई असार ४ गते लिखित विवरण पेश गर्दै कालापानी नेपाली भूभाग भएको र त्यहाँ हाल भारतको भारत-तिब्बत सीमा प्रहरी चौकी रहेको उल्लेख गर्नु भएको छ । उहाँले लपुलेकबाट झरेको नदीलाई महाकाली नदी मान्ने नेपालको आधिकारिक दृष्टिकोण पहिलोपल्ट प्रस्तुत गर्दै भारतले विगतमा तयार पारेको नक्शाले नै लिपुभन्ज्यांगलाई नेपाल-चीन-भारत त्रि-देशीय बिन्दुका रुपमा स्वीकारेको बताउनुभयो ।

नेपाल र चीनबीच सन १९६९ अक्टोबर ५ मा भएको सीमा सन्धि र सन् १९७९ नोभेम्बर ५ मा भएको सीमाना प्रोटोकलमा लिपुभन्ज्यांगलाई नै त्रिदेशीय सीमाबिन्दु मानिएको थियो । त्यसपछि नेपाल र चीनका परराष्ट्रमन्त्रीहरुले सन् १९८८ मा बेजिङमा चिनियां प्रधानमन्त्रीको उपस्थितिमा गरेको सम्झौतामा पनि लिपुभन्ज्यांगलाई नै त्रिदेशीय सीमाबिन्दुको रुपमा स्वीकारियो । तर भारतले चाहिं कालापानी क्षेत्रमाथि कब्जा जमाएर लिपुभन्ज्यांगलाई त्यस्तो सीमाबिन्दु नमान्ने व्यवहार देखाइआएको छ ।

सो क्षेत्रको नेपाल-चीन सीमामा कुनै समस्या छैन, तर भारत र चीनबीच दशकौं पुरानो विवाद छ । ती राष्ट्रहरुबीच हालसम्म सीमांकन हुनसकेको छैन । भारत-चीन सीमा टोली बने तापनि त्यसले सो क्षेत्रमा नापी कार्य थालेकै छैन । एक नापी विशेषज्ञ भन्छन- भारत र चीनबीच सीमांकन भएको भए कालापानीबारे त्यस्तो ठूलो विवाद उठ्ने थिएन होला ।

भारतले दार्चुलामा अतिक्रमण गरेर आफ्नो सैनिक ब्यारेक राखेको बारे सार्वजनिक चर्चा चलेको चानचुन चार वर्ष भएको छ । तर सम्पूर्ण राज्ययन्त्र सम्हालेर बसेको सरकारलाई त्यसैबारे कहिलेदेखि अवगत थियो र उसले त्यसलाई हटाउन बेलैमा र प्रारम्भमै किन प्रयास गरेन भन्ने सवाल पनि उठेको छ । भारतले सैनिक ब्यारेक राखेको तुल्सी न्यूराङभन्दा १४ कि.मि. दक्षिणमा रहेको छाङरु गाउँमा वि.स. २००८ सालदेखि नेपालको सीमा प्रहरी चौकी छ र त्यसले भारतीय सीमा अतिक्रमणबारे केन्द्रमा निरन्तर जानकारी पठाइरहेको छ । यसैगरी, छाङरुमै ०३४ सालमा सीमा प्रशासन कार्यालय खुलेपछि सो कार्यालयले हरेक वर्ष नेपाली भूभाग अतिक्रमण भइरहेको जानकारी गृह मन्त्रालयमा पठाइरहेको छ । तर विगत ४० वर्षदेखि नेपालले साँधेको रहस्यमय मौनता आफैंमा आश्चर्यजनक छ । आखिर किन नेपाल सरकार यसरी सारा

सन् १८३७ को जे. वि. टाशिनको उर्दू भाषा प्रयोग भएको प्रसिद्ध नक्शा: यस नक्शामा हाल भारतले अतिक्रमण गरेको कालापानी क्षेत्र नेपालकै भूभागको रूपमा प्रष्टसँग देखाइएको छ

सूचनाका बावजूद हातमा दही जमाएर बसिरहेछ ?

वास्तवमा, राजा महेन्द्रले कालापानी अतिक्रमण हुनेबित्तिकै त्यसबारे जानकारी पाएका थिए भन्ने भनाइ पनि छ । ०१७ सालको "कू"पछिको सरकारमा अर्थमन्त्री रहेका ऋषिकेश शाह भन्नुहुन्छ- कालापानीमा सेना बसेको बारे हामीले उहिल्यै थाहा पाएका थियौं । मैले मन्त्रीको हैसियतमा त्यो कुरा राजा महेन्द्रलाई जाहेर गरें । मौसूफले त इण्डिया मसंग अहिले बहुत रिसाएको छ, अब धेरै नचिढाऔं । अहिले तिनीहरु कालापानीमा बस्दै गरुन् पो भनिबक्स्यो ।

"त्यसबेला (सन् १९६२ ताका) नेपाल-चीन सीमा सम्झौता भर्खरै भएको थियो, चीनले भारतको विरोधका बावजुद कोदारी राजमार्ग पनि बनाइदियो । त्यसैबेला उसले भारतमाथि आक्रमण गऱ्यो । त्यस्तो अवस्थामा भारतीय सेनालाई कालापानीबाट हट भन्दा नेपाल पूरै चीनपट्टि लागेको देखिने भएकोले हामी चुप बस्यौं ।"- ऋषिकेश शाहले बताउनुभयो ।

पञ्चायत कालका प्रधानमन्त्री कीर्तिनिधि बिष्टले ०२६ सालमा नेपालको उत्तरी भेकमा रहेका भारतीय सैनिक चेकपोटहरु हटाउँदा पनि कालापानी क्षेत्रमा रहेको सैनिक क्याम्पलाई चाहिं यथावत नै रहन दिए । त्यसप्रति गृह प्रशासन जिम्मेवार रहेको बताइन्छ । यसबारे तत्कालीन प्रम बिष्टको भनाइ छ- "मैले प्रम हुँदा उत्तरतर्फका सम्पूर्ण भारतीय चेकपोष्ट र मिल्ट्री मिशन हटाए पनि प्रशासन यन्त्रको सूचनाको अभावमा कालापानीको सेना हटाउन नसकेकोमा लज्जित छु ।"

अतिक्रमणको सिलसिला

सन् १८१६ को सुगौली सन्धिले नेपालको पश्चिमी सीमा काली नदीलाई तोकेको थियो । अहिले कालीको उद्गमस्थलसम्बन्धी विवाद सिर्जना गरेर भारतले नेपाली भूमि अतिक्रमण गरिरहेको छ । तर, त्यसको प्रामाणिक खण्डन भारतले बनाएका ऐतिहासिक नक्शाहरुले नै गरेका छन् ।

सुगौली सन्धी भएको दुई दशकपछि सन् १८३७ मा जे.बि. टासिन नामका भारतीय नापी प्रविधिज्ञले बनाएको हाते नक्शा सबैभन्दा पुरानो दस्तावेजको रुपमा रहेको छ । त्यसमा कालीको उद्गमको रुपमा लिम्पियाधुरालाई देखाइएको छ । त्यसपछि सन् १८५५ अक्टोबरमा भारतको नापी विभागले पहिलोपल्ट बनाएको नक्शामा पनि कालीको उद्गम लिम्पियाधुरालाई नै देखाइए तापनि सीमा नदी चाहिं लिपुलेकबाट निस्कने खोला हो भनी देखाइएको छ । तत्कालीन भारतको इष्ट इण्डिया कम्पनीका डेपुटी सर्वेयर जनरल र ब्रिटेनका सर्वेयर जनरलद्वारा हस्ताक्षरित सो नक्शा भारतको क्यू.एम. जनरल्स अफिसले सन् १८४० मा निकालेको नक्शाको दोस्रो संस्करण हो । त्यसमा नेपाल अधिराज्यसहित भारतको उत्तर प्रदेश, बिहार, बंगाल र पूर्वोत्तर क्षेत्रलाई समेटिएको छ । सम्भवतः लण्डनस्थित इण्डिया अफिस लाइब्रेरी एण्ड रेकर्डसमा मात्र रहेको झण्डै दुई मिटर लामो सो दूर्लभ नक्शा हाल नेपालको निम्ति दरिलो प्रमाण ठहरिएको छ ।

प्राप्त जानकारी अनुसार, भारतको नापी विभागले सन् १८७७ ताका दोस्रो पल्ट र सन् १९०५ मा तेस्रो पल्ट नक्शा प्रकाशित गऱ्यो, जसमा एकतर्फी रुपमा सीमा नदी संशोधन गरिएको छ । भारतले १९०५ को नक्शामा लिपुलेकबाट निस्कने खोलालाई सीमा नदी (काली) तोक्यो । तर, सन् ५० को दशकमा आएर उसले आफैंले तोकेको सीमा मिच्दै कालीबारी नै सैनिक क्याम्प राख्यो र तुल्सी न्यूराड (नक्कली कालापानी) मा कालीको कृत्रिम मुहान खडा गऱ्यो । तर हालका भारतीय नक्शाहरुमा समेत तुल्सी न्यूराडमा कालीको महान देखाउने आँट गरिएको छैन ।

सुगौली सन्धि भएको झण्डै दुई सय वर्ष बितिसक्दा पनि कञ्चनपुरको ब्रम्हदेव मण्डीदेखि माथि दार्चुलासम्म कहिल्यै सीमा स्तम्भ नगाडिएको कारण समस्या सिर्जना गर्न भारतलाई सजिलो भएको छ । सो क्षेत्रमा भारतले मनपरी ढंगबाट सीमा मिच्ने काम गरेको पाइन्छ । हालैको उदाहरणमा, अनेरास्ववियूले कालापानी-मार्च गरेको बखतदेखि भारतले तुल्सी न्यूराडदेखि आधा कि.मि. वरै कब्जा जमाएको छ ।

अन्तर्राष्ट्रिय्यकरणको आवश्यकता

भारतका तत्कालीन प्रधानमन्त्री इन्दरकुमार गुजराल गत साल नेपाल भ्रमणमा आउँदा कालापानी विवादबारे पहिलो पटक उच्चस्तरमा द्विपक्षीय छलफल भएको थियो । त्यसपश्चात, सोही विषयलाई लिएर नापी विभाग स्तरीय नेपाल-भारत सयुक्त प्राविधिक सीमा कार्यदल गठन भयो । तर भारतीय पक्षको उदासिनताका कारण सो कार्यदलको बैठक दुईचोटीभन्दा बढी बस्न सकेको छैन । यसैबीच, भारतका राजदूत के.भि. राजनले भारतले आणविक परीक्षण गरेको लगत्तै कालापानी १९ औं शताब्दीदेखि आफ्नो भू-भाग रहेको दावी गरेर कुटनैतिक धम्की दिन पुगे । लगत्तैपछि राजदूत स्वयले आफूले त्यस्तो नभनेको भनेर स्पष्टीकरण दिए । तर विवाद भने अझै पनि यथावत छ ।

नापी विभागका पूर्व महानिर्देशक पूण्यप्रसाद ओलीका भनाइअनुसार, "भारतले कालापानी र सुस्ताको सीमा समस्या सुल्झाउन एउटै कार्यदललाई जिम्मा दिने प्रस्ताव राखेको थियो । तर त्यसलाई नेपालले मानेन । त्यसो भएको भए सुस्तामा अतिक्रमण गरेका केही भू-भाग नेपाललाई फिर्ता दिने र कालापानी चाहिं आफैंले लिने बार्गेनिङको परिस्थिति भारतले सिर्जना गर्ने थियो ।"



कालापानी क्षेत्रमा भारतले त्रालै थप ६०० मिटर वर कब्जा जमाएको नेपाली भूभाग/पारी भित्ताको काँधमा लस्करै भारतीय सेनाको झुण्ड खडा देखिन्छ

२००८ सालदेखि नेपालको सीमा प्रहरी चौकीले र ०३४ सालदेखि सीमा प्रशासन कार्यालयले हरेक वर्ष नेपाली भूभाग अतिक्रमण भइरहेको जानकारी गृह मन्त्रालयमा पठाइरहेको छ । तर विगत ४० वर्षदेखि नेपालले साँधेको रहस्यमय मौनता आफैंमा आश्चर्यजनक छ ।

दार्चुलामा सीमा मिचिएकोमा लगभग सबै राजनीतिक दलहरु सहमत छन्, तर उनीहरुको हेराइ फरक फरक छ । ठूला साना सबै कम्युनिष्ट पार्टीहरुले कालीको उद्गम लिम्पियाधुरा भएको र भारतले करिब १९६ वर्ग कि.मि भूभागमाथि अतिक्रमण गरेको बताएका छन् । तर नेपाली कांग्रेसको अल्पमत सरकारले लिपुलेकलाई कालीको उद्गम जनाउँदै भारतले करिब ३५ वर्ग कि.मि. भू-भाग मात्र मिचेको ठहर गरेको छ । प्रम गिरिजाप्रसाद कोइरालले सो धारणा ल्याउनाले नेपालले गुन्जी, नावी र कुटी गरी तीनवटा गाउँहरु गुमाउनु परेको आरोप लगाइएको छ । यसबाहेक, पछिल्लो अवधारणाले भारतीय अतिक्रमण पश्चिम दिशाबाट पूर्वतर्फ नभई उत्तरबाट दक्षिणतर्फ भएको मान्यता पनि स्थापित गरेको छ । किनकि, तुल्सी न्यूराडबाट बिस्तारै लिपुखोला (सरकारी भनाइमा काली) पूर्वतर्फ मोडिएको छ ।

अर्कोतर्फ, नेपालले सन् १९६१ मा चीनसंग सीमा सम्झौता गर्दा नै लिम्पियाधुरा त्रिदेशीय सीमाबिन्दु हो भन्ने पूर्व अडानलाई त्यागेको जिकीर परराष्ट्र अधिकारीहरु गर्छन् । सो सम्झौता हुँदा लिपुभन्ज्यांगलाई त्यस्तो सीमाबिन्दु मानियो, जेसले गर्दा लिम्पियाधुरा कालीको उद्गम हो भन्ने मान्यतालाई पनि नेपाल आफैंले खारेज गऱ्यो । त्यसबेला त्यसो किन गरियो भन्ने कुरा हालसम्म पनि रहस्यको गर्भमा छ ।

उता भारतले चाहिं अझै पनि लिपुभन्ज्यांगलाई त्रिदेशीय सीमा बिन्दुको रुपमा मान्यता दिएको पाइँदैन । त्यस्तो सीमाबिन्दु निर्धारण गर्ने प्रक्रिया पुनः शुरु गर्न नेपालले आफ्नो हितअनुकूल पहल गरेमा अनुचित हुँदैन । नेपाल, भारत र चीन तीनै देशका सीमा विशेषज्ञहरु बसेर त्रिदेशीय सीमाबिन्दुका बारेमा सहमति कायम गरेमा कालापानी विवाद सुल्झाउन सजिलो हुनसक्छ । तीन देशबीच त्यसखाले सहमति हुनसकेमा कालीको उद्गम पहिचान गर्न र नेपालबाट भारतको सैनिक क्याम्प हटाउन कठिनाई हुनेछैन । यसबाहेक, नेपालले भारतीय अतिक्रमणको मुद्दालाई सरकारी तवरबाटै अन्तर्राष्ट्रिय मञ्चहरुमा जोडदार रुपले उठाएमा त्यो उपयुक्त र समयानुकूल कदम ठहरेछ ।

❑

तत्कालीन प्रम विष्टको भनाइ छ- "मैले प्रम हुँदा उत्तरतर्फका सम्पूर्ण भारतीय चेकपोष्ट र मिल्ट्री मिशन हटाए पनि प्रशासन यन्त्रको सूचनाको अभावमा कालापानीको सेना हटाउन नसकेकोमा लज्जित छु ।"

ऋषिराज लुम्साली

को विश्लेषण

कुटी याङ्दी नै काली नदी हो

सुगौली सन्धिबाट नेपालको पश्चिमी सीमा काली नदी हो भन्ने एकिन गरिएको तर त्यसैबेला काली नदीको मुहानको निर्यौल गरी सीमा निर्धारणको वैज्ञानिक प्रक्रिया चाहिं पूरा नगरिएको वास्तविकताबाट 'काली नदी कुन हो ?' भन्नेबारे आजसम्म विभिन्न मत-मतान्तरहरु देखिइरहेका छन् र संयुक्त सीमा समिति कुनै टुंगोमा पुग्न सकिरहेको छैन । नेपालमा सर्वाधिक विवादास्पद महाकाली नदीको एकीकृत सन्धिलाई संसदको संयुक्त अधिवेशनबाट अनुमोदन गर्ने क्रममा पनि महाकालीको मुहानबारे र महाकाली नदीको हैसियतबारे एमाले कार्यदलभित्र र बाहिर पनि खूबै चर्चा परिचर्चा भएको र सन्धिले अधिकांश भागमा सीमा नदी भन्ने हैसियत दिएपछि मुहानको भागमा भारतीय नदी भनेर व्याख्या गरिने सजिलो तर्क भारतलाई मिलेको हुनाले नै सन्धि राष्ट्रिय हितको प्रतिकूल रहेको अनुभूति गरिंदैछ । काली नदीको मुहानबारे नापी विशेषज्ञहरु, जलस्रोत विशेषज्ञहरु र सन्धि संझौताका साथै स्थानीय जनताको प्रशासनिक संरचनाको व्यवस्थापन गर्ने क्रममा गरिएका जनगणना जस्ता कामसम्म संलग्न व्यक्तिहरुका समेत दृष्टिकोणहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । तीं सबै कुराको समष्टिगत निष्कर्षलाई हेर्दा, महाकाली नदीको मुहान लिम्पियाधुराबाट निस्किने कुटी याङ्दी (स्थानीय भौंका भाषामा कुटी अर्थात् काली, याङ्दी अर्थात नदी= काली नदी) लाई नै वास्तविक काली नदी मान्नुपर्ने तथ्यहरु फेला परिरहेका छन् ।

ब्रिटिश इण्डियाले नै प्रकाशित गरेका आधिकारिक नक्साहरुबाट समेत काली नदीको मुहान लिम्पियाधुराबाट नै निकलेको तथ्य प्रष्ट हुन् आउंछ । साथै, निम्न तथ्यहरुलाई केलाएर हेर्दा हाल भारतद्वारा अतिक्रमित दार्चुलाको १९६०० हेक्टर नेपाली भूमि पूर्णतया काली नदी पूर्व परेको र कालापानी मात्र नभई, गुन्जी, नाभी, कुटी र नाभीडाडमा समेत फौजी क्याम्प बनाई बसेका भारतीय फौजहरुले नेपाली भूमि खाली गर्नुपर्ने हुन्छ । त्यसैले, सवाल कालापानीको मात्र नभई काली नदीको मुहान यकिन गरिनु नै प्रमुख रुपमा अगाडि देखिएको छ ।

अब हामी निम्न तथ्यतर्फ ध्यान देऔं :

(१) जसरी गंगा नदीको जलाधार भेगबाट बगी आउने जम्ना, भागिरथी, अलक नन्दा, मंदाकिनी, रामगंगा, गौरी गंगा, काली नदी, कर्णालीका शाखा नदीहरु, सप्तगण्डकीका हिमाली नदीहरुका साथै सप्तकोशीका विभिन्न शाखाहरु समेत गंगा बेसिनकै नदी रहेको स्थितिमा पनि ती नदीहरुमध्ये लम्बाई, जलाधार क्षेत्र तथा मुहानबाट आउने पानीको परिमाणको आधारमा गंगोत्रीबाट निकलने भागीरथी गंगालाई नै गंगाको मूल मुहान मानिन्छ, त्यसै गरी, काली नदीको जलाधार क्षेत्रमा पर्ने, रंगून चल्यी, सरयू, गोरीगंगा, धौलीगंगा, चौलानी टिकर, अपी, लिपु जस्ता थुप्रै नदी र हिमनदीहरुमध्ये लम्बाई, जलाधार क्षेत्र र मुहानबाट निकलने पानीको परिमाणबाट पनि जोलिङकाङ पर्वत श्रृंखलाको लिम्पियाधुरातर्फबाट निकली आउने कुटी याङ्दीलाई नै कालीको वैज्ञानिक र यथार्थ (सक्कली) मुहान मान्नुपर्ने हुन्छ । हाल भारतद्वारा 'महाकाली' भनी प्रचार गरिएको लिपु खोलाको पानीको मात्राभन्दा झण्डै चारगुना बढी पानी कुटी (काली) बाट बगिरहेकै तथ्यलाई बुझ्न कालापानी पुग्नै पर्दैन । यसको लागि, गुंजी भन्ने ठाउंमा काली र लिपुको दोभान रहेको कावाबाटै प्रष्ट हेर्न र बुझ्न सकिन्छ । जलस्रोत विज्ञानको हिसाबले यति प्रष्ट प्रमाण हुंदाहुंदै लिपु खोलालाई काली भन्नु भारतलाई खुसी पार्नु सिवाय अरु केही हुन सक्दैन ।

२) सन् १८१६ मा सुगौली सन्धिबाट निर्दिष्ट काली नदीको अवस्थिति दर्शाउंदै ब्रिटिश सर्भेयर जे.वी. टासिनले सन् १८३९ मा कलकत्ताबाट प्रकाशमा ल्याएको नक्शामा नेपालको पश्चिमोत्तर सीमानालाई महाकालीको मुहान लिम्पियाधुरातर्फबाट आएको प्रष्ट पार्दै जोलिङकाङतिरै फर्केको चराको चुच्चो जस्तै देखाएर लिम्पियाधुराबाट नै काली नदी बगेको दर्शाइएको र नेपाल, भारत र चीनको स्थिति अंकित गरिएको छ ।

३) सर्भे अफ इण्डियाबाट सन् १८५६ मा प्रकाशित आधिकारिक नक्सामा गुंजीको भागबाट दवैतर्फ उत्तर पश्चिमपट्टिबाट बगिआएको नदीलाई प्रष्ट काली नदी भनी देखाइएबाट लिम्पियाधुराबाट आउने कुटी याङ्दी नै काली नदी हो भन्ने पूर्ण आधार प्रमाणित हुन्छ ।

४) नेपालको तर्फबाट वि.सं. २०१८ सालमा गरिएको जनगणनामा डोटी गौंडाअन्तर्गत पर्ने कुटी याङ्दी पूर्वका रु. हाल भारतले 'महाकाली' भन्ने गरेको लिपुखोला पश्चिमतर्फ पर्ने नेपाली बस्तीहरु गुंजी, नाभी र कुटीमा समेत नेपाली जनगणना टोलीले काम सम्पन्न गरेको विवरण अभिलेखहरु सरकारले अध्ययन गरी हेरेमा र भारतलाई त्यसको यथार्थता जनाएमा पनि कालीको मुहान कुटी याङ्दी नै रहेको प्रष्ट हुनेछ ।

५) सन् १९५० को शान्ति मैत्री संधिको आधारमा नेपाल र भारतका बीच जनस्तरमा निर्बाध पारवहनको व्यवस्था हुंदाहुंदै भारतीय पक्षबाट गोरीगंगा (जलजीबी) देखि माथिल्लो भागमा नेपालीहरुलाई प्रवेशाज्ञा लिनुपर्ने र धार्चुलादेखि माथि, खासगरी, दम्लिङ उत्तरको भागमा नेपालीहरुलाई पूर्ण प्रवेश निषेध गराउने भारतीय कदमबाट गुंजी, नाभी र कुटीका नेपालीहरुसग नेपालीहरुको सम्पर्क बन्द गराउनुले पनि त्यस भेगका जनतालाई नेपाली राष्ट्रियताको सचेतनता नबढोस् भन्ने भारतीय प्रयास विस्तारवादको रुपमा रहेको छ ।

६) गुंजी गाउं (हाल कुटी पूर्व रहेको भारतीय फौजी क्याम्प रहेको) मा जम्लाबाट बसोबास सरी गएका गुरुङहरुको बाहुल्यता र तिनै परिवारबाट पंचायतका चुनाव जिती प्रधानपंच रहेका प्रशासनिक अभिलेख केलाएर हेर्दा पनि र बेलायतस्थित ब्रिटिश लाइब्रेरीमा संरक्षित थुप्रै सनदहरुको अध्ययनबाट पनि सो क्षेत्रमा सन् १८५६ पछि गोर्खाहरुको प्रशासनिक नियन्त्रण रहेका प्रष्टयाइंसाई पनि आधार मान्नुपर्ने हुन्छ र व्यास क्षेत्रका जनताहरु हालसम्म पनि आफ्ना बाबु बाजेको भूमि कुटी पूर्व रहेको बताउंछन् ।

यसरी, ऐतिहासिक जलवैज्ञानिक र नक्सागत तथा प्रशासनिक आधारहरुले समेत काली नदीको मुहान कुटी याङ्दी नै हो भन्ने प्रष्ट हुंदाहुंदै पनि किन यो विवाद ब्रिटिश इण्डियाकालदेखि हालसम्म सुल्झिएन र यो गंभीर रहस्य बन्न पुगेको छ ।

यसलाई केलाउंदै खोज्दा भारत सरकारको मिचाहा प्रवृत्ति र नेपाल सरकारको आत्म-समर्पणवादी प्रवृत्तिहरु नै कारक तत्वको रुपमा रहेको देखिन आउंछ ।

(क) ब्रिटिश इण्डिया र स्वतन्त्र भारतले समेत तिब्बत पुग्ने एक मात्र सर्वाधिक सुविधायुक्त मार्गको रुपमा कालापानी भन्ज्याङलाई देखेर सामरिक

भित्तापट्टिबाट महाकाली (कुटी याङ्दी) को ठूलो प्रवाह र अगाडि दायांपट्टिबाट लिपु खोला । यही थोरै पानी भएको खोलालाई नै हाल भारतले महाकाली भनेर दावी गरिरहेको छ

फोटो दीपक भट्ट

रुपले त्यसमाथि कब्जा जमाउने नियतले नै महाकालीको वास्तविक मुहान देखाइएको १८५६ को आफ्नै नक्सालाई बदलेर कहिले लिपु खोला र कहिले टिंकर भन्ज्यागतर्फ सीमा सारी महाकालीको नक्कली मुहान सिर्जन थालेको कुरा प्रष्ट हुन आएको छ र खास गरी, सन् १९६२ को चीन-भारत युद्धपछि लिपुखोलाभन्दा अझ पूर्वतर्फ कालापानीमा फौजी कैंप हालेर बस्ने र फौजी बंकर खडा गरी रुपाएको पानीलाई कालीको मुहान भन्ने धृष्टता भारत पक्षले गरेको पाइन्छ ।

(ख) पचायती व्यवस्थालाई टिकाउन भारतलाई प्रशन्न पार्नुपर्ने बाध्यता बुझेका राजा महेन्द्रबाट सुगौली सन्धिको अवैधानिकतालाई बेवास्ता गर्दै सन् १९६१ मा चीनसंग सम्पन्न गरेको चीन-नेपाल सीमा सन्धिले र खास गरी सन् १९६३ मा गरिएको सन्धि सझौताको सशोधनले समेत चीनसंग सझौता गरेर भारतलाई १६००० हेक्टर भूमि अतिक्रमण गर्न बल पुग्ने मार्ग खोलिदिएर गंभीर रुपमा राष्ट्रिय हितमाथि प्रतिकूल असर पार्ने खोजिएको त थिएन ? भन्ने कुराको शका र हालै सरकारी आश्वासन पूरा गर्न बनाइएको ससदीय समितिमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'लिपुखोला नै नेपाल, चीन र भारतको सीमा बिन्दु हो' भनी बयान दिएबाट गंभीर प्रश्न उठेको छ ।

के राजा महेन्द्र र हालका प्रधानमन्त्रीलाई सुगौली सन्धिको वैधताबारे ज्ञान थिएन वा छैन ? यदि छ भने काली नदी कुन हो ? भन्ने आधिकारिकता प्रमाणित नभएसम्म थरिथरिका सीमा सझौता गरी हिंड्नु पर्ने बाध्यता के थियो ? यसबारे देशको सार्वभौम भनिएको जनतालाई सुसुचित पार्दै श्वेतपत्र जारी गर्नु पर्दछ र इतिहासविद, भूगोलविद तथा जलस्रोतविदहरु समेत रहेको दुवै देशका र आवश्यकता परे अन्तर्राष्ट्रिय विशेषज्ञहरुलाई समेत राखेर काली नदीको पहिचान गरिनु पर्दछ ।

भारतले पनि सुगौली सन्धि नमानी सुखै छैन, नत्र टिष्टा देखि कांगडासम्मको ऐतिहासिक गोर्खा भूमिबारे नेपालले पनि किन दावी नगर्ने ? भन्ने प्रश्न उठ्ने हुन्छ । तसर्थ, नेपाल-भारतको पश्चिमी सीमा काली नदी नै हो र लिपु खोला होइन भन्ने कुराको साथै काली नदी लिम्पियाधुरातर्फबाट आउने कुटी याङदी नै हो भन्ने निष्कर्षलाई न त परमाणु हतियार बोकेबापत भारतले बंग्याउन सक्छ, न त राष्ट्रवादीहरुलाई 'पागल र उत्ताउला' भनी हिंड्ने वीभिषण प्रवृत्तिका खलनायकहरुले सराप्दैमा नेपाली जनता र नेपालका जायज हकहरुलाई बिसर्जन गर्न सकिन्छ । ◆

(श्री लुम्साली नेकपा मालेको केन्द्रीय सल्लाहकार र महाकाली हक संरक्षण समितिका संयोजक हुनुहुन्छ ।)

कालापानीको भंज्यांग नै थकाउँदै नेपालको पक्षमा नारा लगायौं !

नेकपा (माले) को कालापानी मार्च : स्थलगत रिपोर्ट

कालापानी क्षेत्रबाट १०० मिटर वर भारतीयहरूले छेकेको ठाउंमा नेकपा माले सुदूर पश्चिमान्चल क्षेत्रीय ब्यूरोको २६ सदस्यीय टोलीले पार्टी झण्डा तथा प्लेकार्ड गाडेको दृश्य

फोटो: दीपक भट्ट

◆ ऋषिराज लुम्साली

नेकपा माले सुदूर पश्चिमान्चल क्षेत्रीय ब्यूरोको वैशाख ४ को धनगढी बैठकबाट प्रस्तावित तथा वैशाख १० गते नेकपा माले महासचिवबाट अनुमोदित निर्णय बमोजिम देशको पश्चिमी सीमाको रुपमा रहेको महाकाली नदीको दक्षिणबिन्दु कचनपुरको कुतिया कवरबाट उत्तरीबिन्दु दार्चुलाको व्यास गाविसको महाकाली उद्गम क्षेत्रतर्फ पार्टी कार्यकर्ताहरुको एक पैदल ञ्यालीको आयोजना गरिएको थियो । यसरी, देशको सीमान्त क्षेत्रको अवलोकन गर्ने एवं देशका जनताको ध्यान अतिक्रमित नेपाली भूभागको मुक्ति आन्दोलनतर्फ आकर्षित गर्ने ऐतिहासिक अभियानको थालनी जेठ ५ गते भयो ।

खचाखच भरिएको महेन्द्रनगरको खुलामन्चमा 'काली हाम्रो सीमा हो, काली कुटी याङदी हो !', 'कालीपूर्व बसेका भारतीय फौज फिर्ता जा !', 'महाकाली साझा हो ! पानी आधा आधा हो !', 'राष्ट्रको हक बचाऔं ! महाकाली सन्धि सच्याऔं !' र 'नेकपा माले जिन्दाबाद !' जस्ता नारा घन्काउँदै ञ्याली अगुवा क. दीपक भट्टको अगुवाई एवं स्व. प्रेमसिंह धामीकी पत्नी श्रीमती नन्दा धामी समेतको सहभागितामा सयकडौंको संख्यामा प्लेकार्ड तथा ब्यानरका साथ पुगेको टोलीलाई नेकपा माले महासचिव क. वामदेव गौतमबाट पार्टी झण्डा प्रदान गरियो र टोली आफ्नो गन्तव्य कालापानीतर्फ प्रस्थान गऱ्यो ।

कंचनपुर, डडेल्धुरा, डोटी, बैतडी र दार्चुलासमेत पाँच जिल्लाका काली नदीका सीमान्त क्षेत्र तथा राजमार्गका जनबहुल क्षेत्रबाट १८ दिनको अविरल रिले पैदलमार्च गर्ने क्रममा टोलीले टनकपुर बाँध क्षेत्रको ब्रम्हदेव मण्डी, सानानी, बुँडर, साउँखर्क, डडेल्धुरा, खलंगा, अनारखोली, सतबाँझ, गोकुले, बोहरी गाउँ, दत्तु, दार्चुला खलंगा, हुति, दुम्लिङ, कुन्ति साउँ, छाँगरु हुँदै जेठ २१ गते कालापानी क्याम्पसम्म पुगी सोही दिन छाँगरु फर्केर आफ्नो राजनैतिक मिसन पूरा गऱ्यो । यसरी, सुगौली सन्धिपछिका १८२ वर्षमा पहिलो पल्ट कुनै राजनैतिक पार्टीको नेतृत्वमा आफ्नो अतिक्रमित सार्वभौमिकताको सुरक्षा गर्न जनस्तरमा सचेतनता आन्दोलन शुरु गरियो । ३२८ कि.मि. पैदल यात्रा पूरा गर्न १८ दिनसम्म लागेको अभियानमा २१ ठाउँमा कोण सभाहरु सम्पन्न गरिए । साथै, आन्दोलनको औचित्य र आवश्यकता बोध गराउने एवं अतिक्रमित १९६०० हेक्टर क्षेत्रको भौगोलिक नक्शासहितका बीसौं हजार पर्चा र हयाण्ड बिलहरु जनतामा वितरण गरिए । यसरी झण्डै सवा तीन लाख जनतामा नारा जुलुसका साथ सन्देश पुऱ्याइयो । ४६ सालको जन आन्दोलनपछि पैदल ञ्यालीको इतिहासमा यस ञ्यालीको आफ्नै महत्व र विशिष्टता अंकित हुन पुग्यो ।

> ३२८ कि.मि. पैदल यात्रा पूरा गर्न १८ दिनसम्म लागेको अभियानमा २१ ठाउँमा कोण सभाहरू सम्पन्न गरिए ।

एकातिर, नेपालका देशभक्तहरुको यस अभियानलाई नेकपा मालेलगायत नौ वाम समर्थक नेपाली छापाहरुमा समर्थन जनाउँदै ऐक्यबद्धता जाहेर गर्न थालियो भने, अर्कोतर्फ, नेपाली कांग्रेस समर्थक छापाहरुले यसलाई मालेको चुनावी प्रोपोगण्डाको रुपमा व्याख्या गरे । जहाँसम्म भारतीय छापाहरुको सवाल छ, उनीहरुले यस अभियानलाई चीनद्वारा उक्साइएको भारतविरोधी अभियानको रुपमा दुष्प्रचार मात्र गरेनन्, दार्चुला खलंगामाथि टोली बढिरहेको बेला 'भारतले नाकाबन्दी गर्ने', 'गोली चलाउने' जस्ता धम्कीपूर्ण समाचार छापेर जनतामा आतंक कायम गर्दै मनोवैज्ञानिक दवाब दिने समेत प्रयास गरे । खास गरी, अनेरास्ववियूको टोलीले जेठ २२ गते काठमाण्डौं- कालापानी मार्च गर्ने मिति तोकेपछि भारतीय

गोकुले, खलंगा, कालापानी मोटर मार्ग बनाउने योजना त्यहाँ तत्कालै थाल्नु पर्दछ । अन्यथा, सस्तो राशन र रोजगारी दिने नाममा भारतले दार्चुलालाई पनि सिक्किम निलेजस्तै निल्दै लैजाने छ ।

राजदूत के.भी. राजनद्वारा कालापानी क्षेत्रमाथि भारतीय दावी गर्दै निकालिएको वक्तव्यले नेपालका देशभक्तहरुको आक्रोशलाई तीव्र पार्‍यो र गिरिजा कोइरालाको नेतृत्वको कांग्रेसी सरकारले समेत कालापानी क्षेत्र नेपालको हो भनी घुमाउरो वक्तव्य दिन कर लाग्यो । नेकपा माले पार्टीको र मालेसमर्थक विद्यार्थीहरुको एकपछि अर्को न्यालीलाई एमाले नेता खड्ग ओलीले चाहिं 'पागलपना र उत्ताउला ठिटाहरुको अराजक' गतिविधि भन्दै 'राष्ट्रघात गरेको' समेत आरोप लगाउन चुकेनन् । यसबाट देशमा न्याली समर्थक र न्यालीका आलोचकहरुको बीचमा ध्रुवीकरण बढेको प्रष्ट आभास हुन थाल्यो ।

नेकपा मालेको क्षेत्रीय नेतृत्व पंक्तिको सहभागिताको क्रममा न्यालीमा क्षेत्रीय ब्यूरोका सदस्य क. गोविन्द कलैनीको साउखर्कदेखि गोकुले खलंगासम्म सहभागिता रहयो भने, क. भोजराज जोशी र क. महेश्वर पाठकको दार्चुलाको गोकुलेदेखि दार्चुला खलंगासम्म सहभागिता रहयो । क्षेत्रीय ब्यूरो सदस्य क. ऋषिराज लुम्सालीको साउँखर्कदेखि डडेलधुरा खलंगा तथा गोकुलेदेखि दार्चुला खलंगा हुँदै कालापानी क्याम्पसम्म पुग्ने क्षेत्रीय ब्यूरोका तर्फबाट एक मात्र सहभागिता रहयो । अन्य निर्वाचित जनप्रतिनिधिहरुमा डडेल्धुरा जिविस सभापति क. गजेन्द्र शाहीको आफ्नो जिल्लाभित्र र गोकुले दार्चुला खलगासम्मको सहभागिता तथा दार्चुलाका सभापति क. गणेश ठगुन्नाको दार्चुला खलगाबाट छाडरु कालापानी खण्डमा सहभागिता रहयो । र, अन्तिम बिन्दुसम्म पुग्नेहरुमा क. ऋषिराज लुसाली, क. गणेश ठगुन्ना, क. गणेश सिंह धामी, क. रामदत्त जोशी, क. दयाकृष्ण पन्त, क. कृष्ण ओझा, श्रीमती नन्दादेवी धामी, क. दीपक भट्ट (टोली नेता), क. गौरी सिंह कार्की, क. पद्मराज पन्त, क. केदारचन्द्र भट्ट, क. नैनसिंह बोहरा, रवीन सुवेदी, केशव गिरी, अशोक भट्ट, धन ब. शाही, ज्ञानेन्द्र गौतम, नरबहादुर धामी, दामोदर पौडेल, नरेशकुमार पाण्डे, राजकुमार जोशी, महादेव भट्ट, बल ब. बोहरा, देवदत्त भट्ट र मानसिंह डडाल हुनुहुन्थ्यो । साथै, छाडरुबाट सीतापुल चौकीका ४ जवान तथा सीमा पुलिसका ५ जवान गरी ९ जवान नेपाल प्रहरीसमेत उक्त टोलीमा २१ गते सहभागी बनी फर्केको थियो ।

न्यालीका सहभागीहरुलाई जनस्तरबाट खानपीन र आवासको साथै हार्दिकतापूर्ण स्वागत र उत्साह प्रदान गरिएबाट नै यति लामो र कष्टकर भौगोलिक यात्रामा समेत सहभागीहरुमा उर्जा कायम रहयो भने सुत्ने ठाउँ नभएर कुन्ती साउँमा ओडारमा सुतेको संझना, कालापानी पुग्ने दिन जेठ २१ गते विहान छाडरुबाट हिंडेपछि भत्केर पहिरो गएका बाटाहरुमा बाँदर समेत लड्ने भीरमा घसेर हिंड्नु परेको तथा गुन्जीको दोभान, जहाँबाट काली कुटी याङदी (ठूलो नदी) दाहिने छुट्छ तथा लिपुखोला (सानो खोला) जसलाई नक्कली काली नदी भनिंदैछ, सोही ठाउँबाट यस टोलीलाई फायरिङ रेंजमा राखेर भारतीय फौजले पिछा गरेको र बसे बस्ने, हिंडे हिंड्ने, रोटी खान बस्दा चिया खान बस्ने र लगातार टोलीलाई टेलिस्कोपले नियाल्ने तथा लाइट मेशिनगनको निशाना बनाएर पोजिशन लिने जस्ता कायरतापूर्ण हरकतबाट टोलीले गुझ्नु पर्‍यो । यो संझदा अहिले पनि मन रोमांचित हुन्छ र खास गरी, हिउँको पैरोमा लाठीले डोब बनाउँदै खुट्टासम्म राखेर चिप्लने संभावनामा हिंड्नु परेको र चिप्लेर लडेमा लिप् खोला पारी झर्ने र भारतीय फौजले हतियार सोझ्याइबसेको संझदा कालापानीमै नालापानीको दृश्य दृष्टिगोचर हुन जान्थ्यो । जे होस्, जेठ २१ गते विहानको १० ४० बजे यो नेकपा माले-टोली कालापानी क्याम्पसम्म पुग्यो । त्यहाँ भारतीय फौज पूरा हतियार लैस भएर १०० मिटर वरै कांडे तार लगाई पोजिशनमा बसेको पाइयो ।

आफ्नो पूर्ण टोलीलाई भारतीय फौजी लाइनभन्दा २० मिटर वरै राखेर जब क. ऋषिराज लुम्साली र क. गणेश ठगुन्ना भारतीय फौज भएतर्फ अघि बढे, त्यसबेला हातले सिग्नल दिएर पूरै फौजलाई कमाण्डरले एलर्ट पारेको र क. लुम्सालीबाट आफ्नो र टोलीको यात्रा उद्देश्य र राजनैतिक परिचय दिएपछि कालापानी क्याम्पको कमाण्डर भनी परिचय गराइएको विजयकुमार तथा नेपाली क्याप्टेन बाबुराम गुरुङका साथै रेडियो अपरेटर तिवारीले समेत पहिले क्याम्प छेउको मन्दिर हेर्न नदिने भनेकोमा पछि धार्मिक कारणबाट समेत हेर्न आग्रह गर्दा डांडाको भागबाट क्याम्प मन्दिर र नक्कली काली मुहान देखाइयो र मुहानबारे अपव्याख्या गरियो । यसको प्रतिवाद टोलीबाट गर्दै लिम्पियाधुराबाट आउने कुटी याङदी नै काली नदी रहेको दावी नेपालको रहेको कुरा राखियो । त्यसपछि भारतीय फौजकै सामु पार्टी झण्डा र प्लेकार्डहरु गाड्ने तथा कोण सभा गर्ने काम सम्पन्न गरियो । यसपछि, क. ऋषिराज लुम्सालीबाट संबोधन गरियो । त्यसपछि कालापानीको भन्ज्याङ थर्काउँदै टोलीले भारतीय फौज फिर्ता गर्ने नारा लगाउँदा त्यहाँ भारतीय फौजमा देखिएको आक्रोश, छटपटी र किंकर्तव्यविमूढता तथा नेपाली टोलीमा देखिएको स्वाभिमान, उत्साह र विजयभावलाई संझदा सो दिन र सो क्षण जीवनको सर्वोत्कृष्ट क्षण रहेको अनुभूति भइरहन्छ ।

मार्चको क्रममा त्यहाँका रमणीय प्राकृतिक दृश्यहरु, अपी हिमालको सुन्दर गजुर र सुरमा सरोबर तालको सामीप्यता, दुम्लिङदेखि छाडरुसम्म खहरे गर्जेझैं गर्जने काली नदीको हुँकार, निगालो र भोजपत्रको बहुमूल्य जंगल तथा जीवनदायी जडीबुटीहरुको प्रचुरता र १५-२० हजार जति प्रतिकिलोसम्म तिब्बततर्फका व्यापारीहरुले किन्ने पारदर्शी स्फाटिक जस्तो जलकुश (सेतो ढुंगा, जसलाई हीरा वा यूरोनियम समेत भनी चर्चा गरिन्छ) खनिजका भण्डारहरु हेर्दा रत्नगर्भा दार्चुलाको त्यस भेगमा भारतले त्यसै आँखा गाढेको रहेनछ भन्ने प्रष्टै बुझिन्छ ।

त्यसमाथि कैलाश मानसरोवरको प्रवेशद्वार मात्र नभई ताडकलाकोटकै छेउबाट शुरु हुने रेशम मार्ग हुँदै पाकिस्तान, अफगानिस्तान, कजाकिस्तान, इराक, तुर्कमेनिया र क्यास्पियन सागरसम्म जान सक्ने मध्य एशियाको र यूरोपसम्मको व्यापार मार्गको समेत संभाव्यता रहेको कालापानी भन्ज्याङलाई भारतले कब्जा गरेर १२ हजार फुटको भन्ज्याङबाट मोटर मार्ग र भोलिका दिनमा विद्युत ग्रिड समेत बिछाउन सकिने नेपाली भूमि अतिक्रमण गरेको कुरालाई अब पनि गम्भीरतापूर्वक लिइएन भने नेपालले कहिल्यै पनि आफ्नो सार्वभौमिकता बचाउन सक्ने छैन ।

जहांसम्म, दार्चुलाको सीमान्त भेगका जनताको देशभक्तिको भावना छ, त्यसलाई छाडरु गाउँको महिला संघका सदस्यको निम्न भनाइबाट बुझ्न सकिन्छ : 'देश भनेको बुबा, आमा र जनता भनेको छोराछोरी हुन् । जसरी छोराछोरीले बुबा आमाको आदर गर्छन्, त्यसरी नै हामी पनि नेपाल आमाको आदर र माया गर्छौं । तर बुबा आमाले पनि छोराछोरीको उस्तै माया गर्नु पर्दछ, अर्थात्, नेपाल सरकारले पनि हामी दार्चुलाका जनताको बाटोघाटो, राशन पानीको ख्याल राख्नु पर्दछ, व्यवस्था र आपूर्ति गर्नु पर्दछ ।'

यो भनाइसंग टोलीले पनि सहमति जनायो । र, श्री ५ को सरकारसंग तुरुन्त दार्चुलामा हरेक इलाकामा खाद्य डिपो राख्न माग गर्नुपर्ने अनुभव गर्‍यो । वास्तवमा, गोकुले, खलंगा, कालापानी मोटर मार्ग बनाउने योजना त्यहाँ तत्कालै थाल्नु पर्दछ । अन्यथा, सस्तो राशन र रोजगारी दिने नाममा भारतले दार्चुलालाई पनि सिक्किम निलेजस्तै निल्दै लैजाने छ । र, हाल अतिक्रमित १९६०० हेक्टर नेपाली भूमिलाई मुक्त पार्न दार्चुलाका सीमा क्षेत्रका नागरिकहरुको जीवन्त सहयोग पाउन गाह्रो पर्नेछ । बाहिरबाट मात्र गरेको प्रयासले त्यहाँको समस्या समाधान हुन सक्दैन । ❑



सन् १८५६ मा तत्कालीन ब्रिटिश भारतले एकतर्फी रूपमा तयार गरेको चर्चित नक्शा: यसमा महाकालीको मूल मुहान झुलिंग देखाइएको छ, जुन ठाउँ लिम्पियाधुरापट्टि नै अवस्थित छ

कस्तो छ भारतीय ज्यादती कालापानीमा ?

विद्यार्थी मार्च टोलीसँगै कालापानी पुगेर फर्केपछिको स्थलगत रिपोर्ट

◆ गणेश खत्री

"यह लोग हमको नमक के कण भी बन्द कर रहे हैं !"

दार्जुला जिल्लाको सदरमुकाम खलगा बजार र भारतको धार्चुला शहर जोड्ने साँघु छेउकै एक दोकानेले ठूलो स्वरमा भने । लेखकले उनीसंग कुरा गर्न खोज्दा उनी स्वाट्ट भित्र छिरे । कुर्दा पनि आएनन् ।

खलंगाबाट सात कोस उत्तरमा पर्ने हुती गाउँमा र त्यहाँबाट पनि नौ कोस उत्तरमा पर्ने सुनसेरा गाउँमा "कालापानी नेपालको हो" भन्नेहरु चीनबाट आएका हुन् भनेर प्रचार भएको रहेछ । "चीनका मान्छे" हेर्न बुढापाका, केटाकेटी र अनपढ तरुणी-तन्नेरीहरु सुनसेरामा नसुतुन्जेल हेरिरहेका थिए । यो गतः जेठ २७ गते बिहानदेखि साँझसम्मको घटना हो ।

सुनसेराबाट ५ घण्टा भीर र लेकको बाटो हिँडेर राप्ला गाउँ विकास समितिको दुम्लिंग गाउँमा पुग्नासाथ एक अधवैंसे महिलाले घोडेटो बाटोको बीचमै उभिएर धारे हातले सरापिन् । उनी भन्दै थिइन्, "तम्लोग फर्को !" उनले दार्चुलाबासीले बोल्ने भाषामा नेपाली र हिन्दी भाषा मिलाएर गाली गरिरहिन् । मखन सिंह ऐतवाल नाउका व्यक्तिका अनुसार, उनले च्याक्ती (रक्सी) खाएकी थिइन् र महिला संघले उनलाई उक्साएको थियो । त्यस गाउँमा संघ संगठन बारेमा केही थाहा नभए पनि पहिला प्रेम सिंह धामीको विरोध गर्न सदरमुकामबाट आउने महिलासंग उनी हिँड्ने गर्थिन् । यो जेठ २८ गते बिहानको कुरो हो ।

"म कालापानी क्षेत्र सबै घुमेको छु । सबै थाहा छ । तर मेरो नाम नलेखिदिन् नि !" दुलिंगदेखि कस्सिएर दिनको आठ घण्टा हिँडेर दुई दिन लगाएर पुगिने ठाउँ कुन्तिसौका एक होटेलबालाले भने । उनको ससुराली भारतको धार्चुलामा रहेछ । "मैले भनेको खबरी कागजमा छाप्यो भने मलाई पारी (भारत) जान दिंदैन । कुट्छन् ।" उनले डराउँदै भने ।

नेपालमा कम्युनिष्ट पार्टी (माले) समर्थित् अनेरास्ववियू काठमाडौं-कालापानी मार्च टोली दार्चुला जिल्लाको सदरमुकाम खलंगा बजारबाट कालापानीतर्फ प्रस्थान गरेपछि माथि उल्लेखित जनअवधारणाहरु बाटोमा सुन्न पाइएका हुन् ।

मार्च टोली कालापानी प्रस्थान गर्नुअघि काठमाडौंको रत्नपार्कमामालेका महासचिव वामदेव गौतमले अखिलका अध्यक्ष योगेश भट्टराईलाई राष्ट्रिय झण्डा र उपाध्यक्ष रुपनारायण श्रेष्ठलाई संगठनको झण्डा प्रदान गर्नुभएको थियो । कालापानी हिँडेको ६० जनाको मार्च टोलीका प्रायः सदस्यहरु विद्यालयका छात्र छात्राहरूलाई सोध्थे, "कालापानी थाहा छ ?" "कालापानी हाम्रो हो ।" विद्यार्थीहरू भन्थे ।

टोली रत्नपार्कबाट कलंकीसम्म पुग्दा काठमाडौंबासीले दिल खोलेर स्वागत गरेका थिए । त्यस्तै, मलेखुका जनताले खाजा खाए र चितवनवासीले भरतपुरमा बिहानको खाना खाए । जेठ २३ गते साँझ टोली महेन्द्रनगर पुग्दासम्म ठाउँ ठाउँका जनताले अभिनन्दन गरे । गाडीमा वामपन्थी विद्यार्थी संगठनको कलम तारा अंकित झण्डा एकातर्फ फहराएको थियो भने, अर्कोतिर नेपालको राष्ट्रिय झण्डा । रुपन्देहीको बुटवल नगर पार गरेपछि ट्याक्टरमा चढेका मजदूरहरुले हात हल्लाउँदै स्वागत गरेको पाइयो । विद्यालयबाट ट्रकमा झुण्डिएर घर हिँडेका स-साना विद्यार्थीहरु मुठ्ठी उचालेर स्वागत गर्थे । रिक्सा चालक र अन्य सबारी चालकहरु हात हल्लाएर स्वागत गर्थे ।

कैलालीको अत्तरियाबाट पहाडी बाटो हुँदै बसबाट डडेल्धुरामा झर्दा धेरै जनता झुम्मिए ।

मार्च टोलीका प्रायः सदस्यहरु विद्यालयका छात्र छात्राहरुलाई सोध्थे, "कालापानी थाहा छ ?"

"कालापानी हाम्रो हो ।" विद्यार्थीहरु भन्थे ।

बैतडीको पाटन शहरमा त शहरवासी नै एकजुट भएर आए । तर तिनीहरुमध्ये लेखापढी जान्नेहरु खुलेर आफूले रोजेको राजनीतिक दलबारे बताउँथे । अरु भने, चन्द पार्टी (पार्टी) भन्थे । तर सबैलाई कालापानी नेपालको हो भन्ने थाहा रहेछ ।

बैतडी जिल्लाको गोकुलेश्वरसम्म मौसमी मोटर बाटो पुगेको रहेछ । त्यहाँबाट सदरमुकाम पुग्ने दुई बटा गोरेटो रहेछन् । एउटा बाटो प्रयोग गर्दा डर त्याग्नु पर्ने तर छोटो र छिटो । अर्को हिँड्दा पहिलोको दोब्बर ।

जन चेतना जगाउने उद्देश्यले अखिलको मार्च टोली गोकुलेश्वरबाट दुई दिन हिँडेर खलंगा पुग्यो । थकितमध्ये धेरैले ओछ्यान पाएनन् । कोही खेलमैदान

सरकारले दार्चुलालाई वास्ता गऱ्यो भने दार्चुलावासीले नै भारतीय सेना धपाउन सक्छन्

◆ गणेशसिंह ठकुन्ना

जिबिस सभापति (दार्चुला)

० भारतको नागो हस्तक्षेपलाई कसरी लिनु भएको छ ?

हामीले त पहिल्यैदेखि भारतीय अतिक्रमणको विरोधमा बोलिरहेका छौं । जनचेतना जगाउने काम गरिरहेका छौं । वास्तवमा, नेपाली शासकको लाछीपनको आड लिएर नै भारतीय सेना कालापानी क्षेत्र अतिक्रमण गर्न हौसिएको हो । सरकारको स्पष्ट नीति केही छैन । सीमा अतिक्रमण जस्तो संवेदनशील विषयको बारेमा सरकार मौन छ । सरकार जहिलेसम्म मौन रहन्छ, थप अतिक्रमण हुँदै जानेछ ।

० तपाईंकै जिल्लामा सीमा अतिक्रमण भएको छ । अब यसलाई कुन ढंगले अघि बढाउने विचार गर्नु भएको छ ?

सर्वप्रथम त दार्चुला नेपालको जिल्ला भए पनि नेपालको तेसो मुलुक हो । यहाँका जनताले पानी मात्र नेपालको पिउँछन् । त्यसपछि संविधान नेपालको मान्छन् । विकास छैन । सबैथोक भारतबाट ल्याउनु परेको छ । जनता आत्मनिर्भर नभइकन केही होला जस्तो लाग्दैन । मैले त बाँचुन्जेल जतिसुकै अप्ठ्याराहरु आए पनि मातृभूमिप्रति एक नागरिकको हैसियत अनुसार काम गरिरहनेछु । जबसम्म शासक वर्गको चाबी भारतको हातमा हुनेछ, कालापानी क्षेत्रबाट भारतीय फौज हट्ने छैन । यदि सरकारले दार्चुलाबासीलाई वास्ता गर्दैन, विकास निर्माणका योजना ल्याउँदैन, बाटो बनाउँदैन र खाद्यान्न उपलब्ध गराउँदैन भने पहिलो आन्दोलन भारतमुखी शासक वर्गप्रति लक्षित हुनेछ ।

> *दार्चुलाका जनताले पानी मात्र नेपालको पिउँछन् । त्यसपछि संविधान नेपालको मान्छन् । विकास छैन । सबैथोक भारतबाट ल्याउनु परेको छ ।*

० कालापानी अनि मात्र ?

हैन्नु स् । भोका जनतालाई खाना दिने कि पानी ? जब जनता भोका हुँदैनन, राज्यले उपलब्ध गराएको सुविधाबाट प्रसन्न हुन्छन्, हामीलाई अन्य जिल्लाका जनताको सहानुभूति भए पुग्छ । कालापानीबाट दार्चुला-वासीले मात्रै भारतीय सेना लखेट्नेछन् ।

० तपाई आफैंले चाहिं विकासका कस्ता खाले कार्यक्रम अघि सार्ने योजना बनाउनु भएको छ ?

दार्चुला जिल्ला विकट छ । गरिब पनि छ । जिल्लाको आय एक करोड नाघ्दैन ।

जबकि, एक किलोमिटर मोटर बाटो खन्न ७०-८० लाख रुपैयाँ चाहिन्छ । खलगादेखि टिंकर भन्ज्यांगसम्म र उता गोकुलेसम्मका गोरेटो बाटोलाई राम्ररी मर्मत गर्न पनि हाम्रो बजेटले भ्याउँदैन । जनचेतनाको योजना पूरा गराउन लाग्नु हामीले गर्न सक्ने बाहेक के छ र ?

◆

त कोही कसैको घरका छतमा सुते । रेडक्रस भवनको भुँईमा पनि सुते कोही ।

खलंगा बजारबाट ९६ किलोमिटर उत्तरमा कालापानी पर्छ । त्यहाँबाट १४ किलोमिटर दक्षिणसम्म नेपाली गाउँ बस्ती छन् । त्यस्तै, कस्सिएर हिंड्दा खलगाबाट चार घण्टामा हुती पुगिंदो रहेछ । त्यहाँबाट पनि उति नै समयमा दम्लिंग गाउँ पुगिन्छ । हुतीसम्म त जनता शिक्षित नै रहेछन् । नेपाली भाषा बुझ्ने, राजनीतिक दलबारे बताउन सक्ने र भारतबाट प्रकाशित हुने पत्रिका पनि पढ्दा रहेछन् । गाउँमै माध्यमिक विद्यालय र सदरमुकाम जोड्ने घोरेटो बाटो त्यहाँका विकासे चिन्हहरु रहेछन् । "जेनतेन पेट पाल्न सक्षम छौं । तर अन्य आय स्रोत छैन । बिंडी खाने पैसा कमाउन पनि भारतमा गिट्टी कुट्न जानै पर्छ ।" कुवेर ठकुन्नाले भने । उनका अनुसार, गाउँमा सुन्तला, कागती लगायतका फलफूल प्रशस्त फल्छन् । तर एक डोको सुन्तला बोकाएर भारतको धार्चुला पुऱ्याउँदा २५ रुपैयाँमा बिक्री हुने, भरियाले भने ३० रुपैयाँ लिंदो रहेछ । त्यसैले, जनताले खाएर उब्रेको फलफूल त्यसै कुहिएर जान दिंदा रहेछन् ।

हुतीको ठीक पारिपट्टि भारतको कालोपत्रे मोटरबाटो देखिन्छ । दिउँसो उजाड पाखो देखिए पनि राती झलमल्ल देखिन्छ । यता नेपालतिर भर्ने पैसा भए पनि जनताले मट्टितेल बाल्न पाएका छैनन् । स्थानीय धीरमान धामीका अनुसार, हुतीमा एक लिटर मट्टितेलको मोल १८ रुपैंया पर्छ । तर भारतमा भने तीन भारु मै एक लिटर मट्टितेल पाउन सकिने उनले बताए । उनका अनुसार, भारतले धार्चुला शहरदेखि उत्तरतर्फका गाउँहरुलाई अविकसित क्षेत्रको कारण सहुलियत दरमा दैनिक उपभोग्य वस्तुको आपूर्ति गरेको रहेछ । ठाउँ ठाउँमा सरकारी पसल खोलिएको पनि धामीले बताए । नेपालीहरु यदाकदा महाकालीमाथि हालिएको घिर्लिंगमा झुण्डिएर भारत जाने र सस्तो मोलमा सामान लिएर फर्कने गर्दा रहेछन् ।

दुम्लिंग गाउँ हुतीभन्दा ज्यादै अविकसित । भारतमा रोडा कुट्न र पहरा फोर्न जाने बलिया बांगा युवाहरुले चामल बोकेर घर फर्कन्छन् । गाउँमा तरकारीको नाउँमा केही उब्जाउ नहुने स्थानीय जनता बताउँछन् । धेरैजसो गाउँलेहरुलाई नेपालको कुनै मतलब रहेनछ । पूर्ण रुपमा भारतनिर्भर दुम्लिंगवासीले भारतको विरोध गर्नेलाई ठाडै खाउँला जस्तो व्यवहार गर्दा रहेछन् । मार्च टोली त्यहाँ पुग्दा जनताले हामीलाई चाखचाख्ती पारे । सबैको एउटै माग थियो- "हामीलाई बाटो छैन, चामल छैन, तेल छैन, नून छैन, तिमीहरुलाई किन चाहियो कालापानी ? पहिला हामीलाई भोकै मर्नबाट बचाऊ । बाटा खनिदेऊ । कालापानी जान तिमीहरु आउनु पर्दैन । हामी आफैं जान्छौं र सेना धपाउँछौं ।" बूढाबूढी युवा-युवती सबैले मार्च टोलीलाई भने ।

दुम्लिंग पारी भारतको बुधी गाउँ पर्छ । त्यहाँसम्म भारतले मोटरबाटो पुऱ्याइसकेको छ । बुधी र दुम्लिंगका जनता मिलेर महाकालीमाथि दुईवटा घिर्लिंग हालेका रहेछन् । भारततिर नेपाली मुलका व्यक्तिहरु पनि धेरै भएकाले नेपाली र उनीहरुबीच राम्रो आत्मियता रहेछ । तर भारतीय प्रहरीले नेपालीलाई सताउने गरेको नेपाली नागरिक मखनसिंह बताउँछन् । कालापानी मार्च टोलीले दुम्लिंगबाट उकालो लागेपछि बुधी जोड्ने दुवै घिर्लिंग भारतीय प्रहरीले काटी दिएको पनि उनले बताए ।

दुम्लिंगदेखि जोड्ले दुई दिन हिंड्दा छांगरु पुगिन्छ । बीचमा बस्ती छैन । बाटो ज्यादै चिसो । अपी हिमाल छेउमा पर्ने लेकाली बाटोबाट जान् पर्छ । ठाउँ ठाउँमा हिउँ पहिराहरु र तिनले भत्काएका बाटाहरु देखिन्छन् । रुख विरुवा सोत्तर भएको पनि पाइन्छ । मानसरोबर जाने तीर्थ यात्रीको निम्ति टाढाबाट आउने गाउँलेलें कतै कतै कटेरा बनाइदिएका छन् । दोपाखे र कुन्तिसौमा चाहिं साना होटल पनि छन् । तर एक एक मात्रै ।

महाकाली र टिंकर खोलाको दोभानमाथिको समतल ढिस्कोमा छांगरु गाउँ पर्छ । त्यहाँबाट चौध किलोमिटर पश्चिमोत्तरमा कालापानी पर्छ । र, कालापानीबाट दश किलोमिटर उत्तरमा लिपुलेक पर्छ । अर्कोतर्फ छांगरुदेखि सात किलोमिटर पश्चिमोत्तरमा कुटी नदी र लिपुलेकबाट आउने लिपुखोलाको दोभान गुञ्जी पर्छ । त्यहाँबाट चारकिलोमिटर उत्तरमा नावी, नावीबाट नौ किलोमिटर टाढा कुटी र त्यहाँबाट १४ किलोमिटर उत्तरमा छोटे कैलाश पर्ने कुरा कुटी गाउँका नगेन्द्र ऐतबालले बताए । ऐतबाल हाल छाङरुका जितसिंह बोहराको घरमा दोकान थापेर बसेका छन् ।

छोटे कैलाश, जोलिंकन पर्वतमालामा पर्ने लिपियाधुरा क्षेत्रमा पर्छ । छाङ्रुवासीका अनुसार, तिब्बतको कैलाश पर्वतझैं छोटे कैलाश पनि हिन्दूहरुको पवित्रस्थल हो । कुटीनदी क्षेत्रको बारेमा राम्रो जानकारी भएका

महाकाली र टिंकर खोलाको दोभानमाथिको समतल ढिस्कोमा छांगरू गाउँ पर्छ । त्यहाँबाट चौध किलोमिटर पश्चिमोत्तरमा कालापानी पर्छ ।

विद्यार्थी टोली कालापानीमा नेपाली झण्डा फहराउँदै



फोटो गणेश बर्मा

कालापानीमा नेपाली विद्यार्थी टोलीका विरूद्ध पारिडांडाको फेंटमा लस्करै बसेका सयौं भारतीय सिपाहीहरू

फोटो: गणेश खत्री

धार्चुलामा भारतीय सेनाको Mountain Division को दशौं बाहिनी राखिएको छ । एक वाहिनीमा तीन हजारको हाराहारीमा सेना रहन्छ । त्यस्तै, सीमा प्रहरी पनि दुई हजारभन्दा ज्यादा रहेको छ

नगेन्द्र ऐतवालका अनुसार, गुञ्जीका जनतालाई गर्म्याङ्ग (छाङरुको पारीपट्टिमा) सारेपछि गुञ्जी र नाभीका बालबालिका पढ्ने विद्यालय भत्काइयो । नाभी गाउँलाई पनि कुटीमा सारियो । हाल गुञ्जी र नाभीमा भारतीय सेनाका ब्यारेक मात्र छन् । त्यस्तै कुटीको छेउमा रहेको करण मैदानमा पनि सैनिक ब्यारेक राखिएको छ ।

यी सबै नेपाली गाउँहरु कुटी नदीवारी पर्थे । तर भारतले सबै क्षेत्र उसको सैन्य घेरामा पारेको देखिन्छ । भारतीय सेना त्यहाँबाट पनि बढेर लिपु लेकसम्म पुगेको छ । महाकाली नदीको मुहान कुटी नदी नै हो भन्ने भौगोलिक प्रमाण के देखिन्छ भने, लिपु लेकबाट निस्कने लिपु खोलाको लम्बाई गुञ्जीबाट १५ किलोमिटर छ भने, छोटे कैलाशबाट आउने कुटी नदीको लम्बाई गुञ्जीबाट २७ किलोमिटर छ । अहिले भारतले छोटे कैलाशदेखि गुञ्जीसम्म र गुञ्जीदेखि लिपु लेकसम्म मात्र नभई लिपु लेकदेखि १० किलोमिटर दक्षिणमा नेपालपट्टि पर्ने कालापानीदेखि पूर्वोत्तर टिंकर भञ्ज्यांगको छेउसम्म कब्जा गरेको देखिन्छ ।

गत जेठ २९ गते मार्च टोली छाङरु पुगेको थियो । सबै एकैनासले हिंड्न नसक्ने हुँदा १६ जनाको समूह पछिल्लो समूहभन्दा दुई घण्टाअघि नै पुगेको थियो । नेपाल प्रहरीले सबैको नाम टिपेर लग्यो । र, सदरमुकाम खलगाको जिल्ला कार्यालयमा पठायो । केही समयपछि एकजना प्रहरी हवल्दारले कैलाश होटलमा आएर भने, "हामीले आवा गरेर १६ जना आएको खबर गर्‍यौं । तत्कालै हाम्रो आवा सेटमा भारतीय प्रहरीले भन्यो- सोह्रजना होइन, ५७ जनाको टोली छ", उनले नेपालको प्रशासनको हालत दर्शाए । "हामीलाई भन्दा हाम्रो बारेमा उनीहलाई बढी थाहा हुन्छ । समस्या बताए जागिरै जान्छ ।" ती हलवल्दारले भने ।

नेपालका सुरक्षा निकायको स्थिति

धार्चुला शहरदेखि नै भारतले हरेक २-३ किलोमिटरको फरकमा सैनिक चौकी राखेको छ । धार्चुलामा भारतीय सेनाको Mountain Division को दशौं बाहिनी राखिएको छ । एक वाहिनीमा तीन हजारको हाराहारीमा सेना रहन्छ । त्यस्तै, सीमा प्रहरी पनि दुई हजारभन्दा ज्यादा रहेको छ- खलंगाबासी बताउँछन् । यता खलंगामा भने बढीमा डेढ सय प्रहरी र शाही सेनाको एउटा गुल्म मात्र छ । जसमा दुई सय सेना रहेको बताइन्छ ।

खलंगादेखि कालापानीसम्म नेपाल प्रहरीका चार वटा मात्र चौकी छन् । हुती, सुनसेरा र दुम्लिंगमा बाह्रै महिना रहे पनि छाङरु छेउको सीतापुल प्रहरी चौकी भने ६ महिना मात्र त्यहाँ रहन सक्ने कुरा जिल्ला प्रमुख अधिकारी मोहनप्रसाद आचार्य बताउन् हुन्छ । ६ महिना पूरै हिउँ पर्ने हुनाले त्यहाँका प्रहरीलाई खलंगामा सारिने पनि उहाँले बताउन् भयो । सीतापुलको प्रहरी चौकीको बोर्डमा २००८ सालमा स्थापित भनेर लेखिएको छ ।

प्रहरी हवल्दार नैनसिंह विष्टका अनुसार, २००८ सालमा चारकोठे धर्मशालामा राखिएको उक्त चौकी अहिले पनि धर्मशालामै छ । बरु दुई कोठा घटेका छन् । ढुंगाले थिचेर जस्ताको छाना लगाइएको देखिन्छ । एक प्रहरीका अनुसार, हिउँ परेको बेला प्रहरीहरु खलंगा सरेका बखत दुई कोठा भत्काएर जस्ता पाता र झ्याल ढोका चोरी भयो । "कसले भत्कायो होला ?" प्रश्नको उत्तरमा उनी भन्छन्, "पारीकाले हो कि वारीका जनताले । यकिन गरेर भन्न सकिन्न ।"

त्यस चौकीमा दुई वटा राइफल पठाइएको रहेछ २०५४ सालमा ।

कालापानीमा नेपाली सेनाको पनि ब्यारेक राख्नु पर्छ



◆ मोहनप्रसाद आचार्य

दार्चुलाका प्रमुख जिल्ला अधिकारी

◆ भारतले थप सीमा मिचेको जानकारी छ कि छैन ?

भर्खर पाएँ । तर कति मिच्यो, कहिले थप मिच्यो, त्यो जानकारी मकहाँ आएन । पाएको जानकारी सम्बन्धित निकायमा पठाइसकें ।

◆ सीमा सुरक्षा तथा विकासको लागि कुनै योजना बनाउनु भएको छ कि छैन ?

योजना मैले बनाउने होइन । यो राष्ट्रिय योजना आयोगमा गएर सोध्नुस् । मेरो काम शान्ति सुरक्षाको बन्दोवस्त गर्ने मात्र हो ।

◆ उत्तरी दार्चुलामा त ६ महिना प्रहरी बस्दैनन् । अन्य सुरक्षा निकाय पनि छैनन् । त्यहाँ स्थायी प्रहरी राख्ने योजना बनाउनु भएको छ कि छैन पो भन्न खोजेको ?

मैले प्रधानमन्त्री देउबाजी हुँदा उहाँलाई नै लेखेर पठाएको थिएँ । सुरक्षा व्यवस्था कमजोर भयो, महाकाली नदीको तटबन्धन गर्नुपर्छ भनेर लेखेको थिएँ । पत्याउनु हुन्न होला, मेरै हातले लेखेर पठाएको हो । म त भन्छु, कालापानीमा नभए पनि त्यहाँबाट केही तल नेपालले पनि सैनिक ब्यारेक राख्नुपर्छ । त्योभन्दा पहिले दार्चुलाको विकास गर्नुपर्छ । ❑ *२०५५ असार ३ गते*

राइफल बोकेर चौकीबाहिर प्रहरी उभिँदा चौकीको छानोभन्दा अग्लो देखिँदो रहेछ ।

स्थानीय जीतसिंह बोहराका अनुसार, ६ महिना त्यो क्षेत्र नेपालको प्रशासनविहीन हुने हुनाले कहिलेकाहीं भारतीय सेनाहरु हतियार भिरेरै पस्छन् । "२०५४ सालको कार्तिकमा छाडरु गाउँमा चिनियाँ गुप्तचर छन् भन्दै २० जनाभन्दा बढी भारतीय सेना आएर सबै गाउँलेको घर खानतलासी गरे । मेरो पनि गरे ।" बोहराले बताए । छाडरुमा रहेको कैलाशपति निम्न माध्यमिक विद्यालयमा ती सेना अड्डा जमाएर बसेछन् । करिब १५ दिनसम्म तिनले सताएको उनी बताउँछन् ।

छाडरु र कालापानीबीचमा नेपाली बस्ती छैनन् । गुन्जीबारी पर्ने तल्लो कावा र माथ्लो कावा भनिने ठाउँमा ठूला ठूला समथर चौरहरु छन् । त्यहाँ पुराना घरका भग्नावशेषहरु देखिन्छन् । सन् १९५७ मा गुञ्जी र दुवै कावामा बस्ती भएको बूढा पाका छाडरुवासी बताउँछन् । तर भारतले गुञ्जी र कालापानीमा सैनिक व्यारेक बनाउन थालेपछि गुञ्जीका जनतालाई गर्म्यांगमा सारेको र सन् १९६१-६२ मा भारत चीनबीच युद्ध शुरु भएपछि कावाबासी नेपाली जनतालाई जबर्जस्ती धपाएर भारतीय सेनाले गाउँमा लुकी युद्धको तयारी गरेको गगनसिंह बताउँछन् । गगनसिंह सन् १९५७ मा भारतले कालापानीमा सैनिक व्यारेक राख्दा गोर्खा रेजिमेन्टको 'जे बाहिनी'बाट खटिएको कुरा बताउँछन् ।

अहिले दुवै कावामा गर्म्यांग र गुन्जीस्थित भारतीय सेनाका घोडा तथा खच्चरहरु चरिरहेका देखिन्छन् । गाउँले गोठालाहरुका अनुसार, त्यहाँ उनीहरु तालिम गर्ने र सानातिना विस्फोटक पदार्थ पड्काउने पनि गर्छन् । तर सीतापुल प्रहरी चौकीबाट डरले नेपाली प्रहरीहरु तिनलाई धपाउन जाँदैनन् भन्ने कसै कसैको गुनासो छ । यहाँसम्म कि छाडरुदेखि करिब तीन किलोमिटर दक्षिणमा रहेको पिपलचौरमा पनि भारतीय सेनाका घोडा चर्ने, भारतीय हेलिकोप्टर उत्रने-उड्ने गरेको, त्यसै चौरको उत्तरी कुनामा चिया पसल चलाएर बसेका प्यारोज शाही बताउँछन् ।

अहिले भारतीय सेनाले गुन्जीदेखि लिपुलेकसम्म नेपाली भूमिमा आफ्नो सैनिक क्षेत्र घोषणा गरेको छ । त्यहाँ गैर सैनिक भारतीय नागरिकलाई समेत जान दिइदैन । अघिल्लो वर्षसम्म कालापानी नाविडांगको बाटो हुँदै मानसरोवरको यात्रामा जाने तीर्थयात्रीहरुलाई यो साल रोकिएको छ । उनीहरु छाडरु छेउमा रहेको सीतापुल भन्सार चौकीले हालेको पुल तरेर नेपालको बाटो हुँदै मानसरोवर गइरहेका देखिन्छन् । तर नेपालको प्रशासनले उनीहरुलाई केही गर्दैन, सोधखोज नै गर्दैन । "भारत नेपालीको निम्ति निषेधित र नेपाल भारतीयको निम्ति खुल्ला" भएको त्यहाँका दृश्यले यसरी देखाउँछन् ।

भारतीय सेनाले हप्ताको दुई चोटी कालापानी क्षेत्रमा हवाई गस्ती गर्छ । त्यसबेला नेपाली आकाश पनि अतिक्रमण हुने गरेको दार्चुलावासी बताउँछन् । यसलाई प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद आचार्य पनि स्वीकार्नु हुन्छ । उहाँका अनुसार, पछिल्लो पल्ट गत जेठ २९ गते दिउँसो भारतको सैनिक हेलिकोप्टर खलंगाको सदरमुकाममा नजिकैबाट धेरै फन्को घुमायो । शाही सेनाको व्यारेक छेउसम्म पुग्यो । त्यो हेलिकोप्टर नेपालकै हो भनेर खलंगाको चौरमा भेला भएकौं बताइन्छ । "मैले त्यसै दिन गृह मन्त्रालयमा नेपाली आकाश अतिक्रमण भएको जाहेरी दिएँ ।" आचार्यले बताउनु भयो । "परराष्ट्र-मन्त्रालयका सचिवलाईसम्म भनें", उहाँले थप्नु भयो ।

मार्च टोली र कालापानी

मार्च टोली गुन्जीबारीको कौवा पुग्नासाथ भारतीय सेनाले पारीबाट मेशिनगन तेर्स्याए, भिडियो क्यामेरा टोलीतर्फ फर्काए र टोली नजिकै भए पनि दूरबीन लगाएर हेर्न थाले । त्यहाँबाट जति जति टोली कालापानी तर्फ बढ्यो, उति उती उनीहरु पारीबाट बढ्थे । जहाँ टोली बस्यो, उनीहरु पनि बस्थे र फोटो खिच्थे । भारतीय सैनिक व्यारेक रहेको कालापानीदेखि करिब एक किलोमिटर दक्षिणमा मार्च टोली पुग्दा २६ जना नेपाली प्रहरी र सीमा अधिकृत फकिर सिंह धामी पुगिसक्नु भएको रहेछ ।

एउटा खोल्सोको ढिस्कोबाट हेर्दा लाम लागेर बसेको भारतीय सेना देखिन्थ्यो । स-साना पोथ्रामा र डाँडा डाँडामा सेना सुतेका थिए । दूरबीनले हेर्दा तिनका राइफल विद्यार्थी मार्च टोलीतर्फ सोझ्याइएको देखिन्थ्यो ।

पहिलो पल्ट अखिलका अध्यक्ष योगेश भट्टराई, उपाध्यक्ष रुपनारायण श्रेष्ठ र सीमा अधिकृत फकिरसिंह धामी कालापानी प्लाटुनका प्रमुखलाई ज्ञापन पत्र बुझाउन खोल्सो पार गरेर जानु भयो । खोल्सोको वल्लो डिलबाट पल्लो डिलमा पुग्नासाथ उनीहरुले माइकबाट कराए, "सरकार के आदेश है । आगे मत बढो, गोली चलाने पडेगी ।" तिनले ज्ञापनपत्र समेत बुझेनन् । बरु भुँईमा सुते र राइफलमा गोली भर्न थाले ।

भारतीय सेनाले तीनतिरबाट घेरा हालेर अघि नबढ्ने चेतावनी दिन थाल्यो । त्यसपछि पल्लो डिलमा जहाँबाट भारतीय सेनाको घेराबन्दी प्रष्ट देखिन्थ्यो, उनीहरुले पनि देख्थे, त्यहाँ कार्यक्रम आयोजना गरियो ।

"विस्तारवादी र प्रभुत्ववादी शक्तिको रुप यही हो । हामी हाम्रै जन्मभूमिमा भारतीय सेनाको घेराबन्दीमा परेका छौं ।" योगेश भट्टराईले सम्बोधन गर्नुभयो । उहाँले भोकभोकै १४ किलोमिटर हिँडेर आएका विद्यार्थीलाई बुझाउनु भयो । "यदि तपाईहरुको आत्मा चोखो छ भने अहिले भोक होइन, आक्रोश जाग्नुपर्छ । आवश्यक परे गोली थाप्नुपर्छ । घसेर भए पनि ढुंगा टिपेर गोलीसंग जुध्नुपर्छ ।" त्यसबेला सबैको आँखामा आँसु थियो । यहाँसम्म कि, आधाभन्दा ज्यादा प्रहरीहरु पनि आँसु पुछ्दै थिए । वास्तवमा, तिनले वर्दी बाहिर रहेर एक नेपाली नागरिकको रुपमा राष्ट्रमाथिको प्रत्यक्ष हस्तक्षेप देखेर मन कुँडाइरहेका थिए । तत्र वर्दीमा उभिएर विद्यार्थी नेताले बोल्दा आक्रोश जगाएर समर्थनमा ताली ठोक्ने थिएनन् ।

"आज हामी कलम बोकेर आएका छौं । कलम चलाउने हातले राइफल बोक्ने अवस्था आयो भने कालापानीबाट मात्र होइन, स्वर्गलोकबाट पनि हामी भारतीय विस्तारवादी जत्थालाई धपाउन सक्छौं ।" उपाध्यक्ष रुपनारायण श्रेष्ठले भारतीय सेनातर्फ औंला ठड्याउँदै भन्नुभयो । उहाँले बोल्नु हुँदा भन् सबै रोए । त्यहाँको स्थितिले सबैलाई रुवाउन बाध्य पारेको थियो ।

अन्त्यमा, विद्यार्थीहरुले दापबाट खुकुरी झिकेर, भारतीय सरकारको विरोधमा र नेपालको राष्ट्रियताको पक्षमा नारा लगाए । त्यसबेला भारतीय सेनाले युद्धकालीन अवस्थाको झैं अन्तिम रुप लिइसकेको थियो । तर आधा घण्टा जति खुकुरी प्रदर्शन गरेपछि आ-आफूले लगेको फूको च्यूरा खाँदै टोली फर्क्यो । काठमाडौंबाट कालापानीतर्फ हिँडेको निहत्था विद्यार्थी दलले त्यहाँ राष्ट्रको निम्ति आँसुका थोपाबाहेक क चाहिं गुमाएर आउन सक्थ्यो र ? ❑

विद्यार्थी टोली नेपालको झण्डा, अनेरास्ववियुको झण्डा र मजदूर संगठन (इकोन्ट)को झण्डा सहित । फोटो: गणेश खनी

सन् १९६१-६२ मा भारत चीनबीच युद्ध शुरू भएपछि कावाबासी नेपाली जनतालाई जबर्जस्ती धपाएर भारतीय सेनाले गाउँमा लुकी युद्धको तयारी गरेको गगनसिंह बताउँछन् ।

असार २०, २०५५ मा ओजित 'सीमा अतिक्रमण प्रतिरोध समिति'को विचार गोष्ठीका वक्तहरूमध्ये बुद्धिनारायण श्रेष्ठ, पुण्यप्रसाद ओली र भैरव रिसालद्वारा व्यक्त विचारहरूको टेप उतार गरी यहाँ प्रस्तुत गरिएको छ । -मूल्यांकन

भारतले कृत्रिम मुहान बनाएर निकालेको नदी कुनै पनि नक्सामा देखिएन

◆ बुद्धिनारायण श्रेष्ठ

नापी विभागका भूतपूर्व महानिर्देशक

नेपालको पश्चिमी सीमा कहाँ पर्छ ? भन्ने प्रश्न गर्दा जो कोहीले पनि महाकाली नदी नै नेपालको पश्चिमी सीमाना हो भन्ने उत्तर दिन्छन् । सुगौली सन्धिको पाँचौं धाराअनुसार पनि काली नदीभन्दा पूर्वतिरको सबै भाग नेपालको र पश्चिमको भाग सबै भारतको भनेर उल्लेख गरिएको छ । अहिले पश्चिमी सीमा सम्बन्धमा विवाद भएको विषय हो- काली नदी कहाँ पर्छ ? अथवा काली नदीको मुहान कुन हो ?

मेरो विचारमा दुईवटा अवधारणाको आधारमा यसको निर्क्यौल हुनुपर्छ । एउटा, नक्सामा आधारित भौगोलिक तथ्य र सत्यापनको आधारमा र अर्को, ऐतिहासिक दस्तावेज, अभिलेख तथा पुराना लेखोटहरुको आधारमा ।

मैले १८३७ को जे.बि. तासेनको नक्सा, १८५६ को सर्भे अफ इण्डियाबाट प्रकाशित नक्सा तथा १८७९ मा सर्भे अफ इण्डियाबाट नै प्रकाशित नक्साको राम्ररी अध्ययन गरेको छु । यी नक्साहरुमा सुगौली सन्धिमा उल्लेखित काली नदी कहाँ पर्छ त ?

यी नक्साहरुमा तीनवटा ठूला ठूला नदीहरु देखाइएको छ । ती नदीहरुमध्ये सबभन्दा पहिलो नदी ल्हासा याङ्कीबाट उत्पन्न भएको नदी हो, जुन नदीलाई धौली गंगा वा दर्मा गंगा भनेर भनिँदो रहेछ । दोस्रो, लिम्पियाधुराबाट निक्लेको नदी हो, यसलाई नक्सामा कुटी याङ्दी भनेर लेखिएको छ । तेस्रो नदी, लिपुलेखबाट निक्लेको नदी, जुन नदीलाई १९७९ को नक्सामा काली नदी भनेर उल्लेख गरिएको छ । यो नदी उद्गम स्थानबाट पश्चिमतर्फ जाँदै तक्षिणतर्फ गएको छ । अथवा यो नदी कालापानीबाट पश्चिमतर्फ भएर गएको देखिन्छ ।

१९८२ मा ब्रिटिशहरुले प्रकाशित गरेको एउटा स्याटेलाइट नक्सा पनि मैले अध्ययन गरेको छु । त्यस नक्सामा जोलिङकाङ पर्वतमालाको एउटा दह, जुन सानो दह जस्तो लाग्यो, तर त्यसलाई मैले टेलिस्कोपबाट हेर्ने मौका पाएको छैन, त्यस दहबाट निस्केको नदी देखाइएको छ । त्यसलाई कुटी याङ्दी भनेर लेखिएको छ । ऋषिराज लुम्सालीले लेख्नु भएको पुस्तकमा पनि त्यस नदीलाई कुटी याङ्दी लेखेर बाकेटमा 'काली' भनेर लेखिएको छ । नक्सामा लेखिएको काली नदीभन्दा यो नदीको लम्बाई लामो छ र यसको नदी तट पनि फराकिलो र ठूलो पनि देखिन्छ । यस नदीको किनारै किनार छोटा कैलाश, कुटी, नाभी, गुन्जी जस्ता बस्तीहरु पनि उल्लेख भएका देखिन्छन् । यो कुटी याङ्दी नदी र लिपु लेखबाट आएको नदी कावा भन्ने गाउँभन्दा पश्चिम र गुन्जी भन्ने बस्तीभन्दा पूर्वमा आएर मिसिएको छ ।

अझ ल्हासा याङ्कीबाट निस्केको धौली गंगा नदी कुटी याङ्दी जतिकै लामो छ र अझै फराकिलो छ । यो नदी पनि धौलाकोट गाविसको उत्तर पश्चिममा आएर कालीसंग जोडिएको छ । धौली गंगाको उत्तरमा दरमा भन्ने भन्ज्यांग पनि रहेको छ । त्यस्तै लिम्पियाधुरा, अथवा कुटी याङ्दीको उत्तरमा पनि एउटा भन्ज्यांग छ । त्यस्तै, गरेर नक्सामा लेखिएको काली नदीको पूर्वतर्फ पनि लिपुलेख भन्ने भन्ज्यांग नक्सामा देखिन्छ ।

चौथो नदी, जुन भारतले कृत्रिम मुहान बनाएर निकालेको छ, त्यो नदी कुनै पनि नक्सामा अंकित भएको देखिएन । यसलाई भारतले लिपु खोला नामाकरण गरेको छ । यहाँबाट पंखागाड भन्ने नदीको दक्षिणपट्टिबाट सीमाना कोरेर डाँडैडाँडो पानी ढलैढलो टिंकरको भन्ज्यांगमा लगेर सीमा टुंग्याएको छ । मेरो विचारमा यो नदी ज्यादै सानो तथा खहरे नदी भएकोले नक्सामा नदेखिएको हुन सक्छ ।

यस अध्ययनले के देखाउँछ भने, काली नदी चाहे लिपु लेखबाट निस्केको होस्, चाहे लिम्पियाधुराबाट निस्केको होस्, चाहे ल्हासा याङकीबाट निस्केको होस्, कालापानी क्षेत्र काली नदीको पूर्वमै देखिन्छ । तर सन् १८७९ को नक्सामा कालापानी काली नदीको पूर्वमै भए तापनि अन्तरराष्ट्रिय सीमानाको संकेत चिन्ह चाहिं अलि भिन्नै देखिन्छ । कालापानीको दक्षिणतिर र माथिल्लो कावामन्दा उत्तरको भागमा भएको पुल (जुन पुल नक्सामा पनि देखिन्छ) बाट सीमाना स्वाटटै पूर्वतिर मोडिएको छ । र, त्यहाँबाट सबभन्दा अग्लो डाँडालाई लिएर अन्तर्राष्ट्रिय सीमा संकेत त्यस नक्सामा कालापानीभन्दा पश्चिमतिर काली नदीलाई देखाइएको छ । तर प्राकृतिक नदी यथावत स्थानमा रहेको छ ।

यहाँनिर सबभन्दा महत्वपूर्ण कुरा के छ भने, कालापानी काली नदीभन्दा पूर्वमै रहेको छ । संकेत चिन्ह आफ्नो मनखुशी डाँडा काँडा, पाखा पखेरु, जतासुकैबाट मोडेर बनाइएको कार्टोग्राफिक अंकनलाई सही मान्न सकिँदैन । त्यसैले, प्राकृतिक काली नदीभन्दा कालापानी पूर्वमा रहेकोले कालापानी नेपालको सरहदभित्र नपर्ने भन्ने कुरै हुन सक्दैन । मेरो विचारमा यो भूमि भारतबाट अतिक्रमण भएको हो । अब त भूमि अतिक्रमण झन् विस्तार विस्तार अघि बढ्दैछ । जस्तो, पहिले पहाडबाट रसाएर आएको पानी जम्मा गरेर बनाएको कृत्रिम पोखरीबाट निकालिएको नदीलाई लिपु खोला नाम दिइयो र त्यसैलाई भारतले सीमा नदी भनेर प्रचार गऱ्यो । त्यसपछि भारतीय सैनिकहरुले दिशापिसाब गर्ने गरेको एउटा सानो खोलालाई चपी खोला नामाकरण गरेर त्यसैलाई सीमा नदी भन्न थालियो । अब त विद्यार्थीहरु त्यहाँ जाँदा ६ सय मिटर नेपालतिर आएर काँडे तार लगाइयो । यसरी सीमा मिच्ने क्रम बिस्तार बिस्तारै बढिरहेको प्रतीत

> प्राकृतिक काली नदीभन्दा पूर्वमा रहेकोले कालापानी नेपालको सरहदभित्र नपर्ने भन्ने कुरै हुन सक्दैन । यो भूमि भारतबाट अतिक्रमण भएको हो ।



कालापानी क्षेत्र हाम्रो हो, द्विविधा नराखे हुन्छ

◆ पुण्यप्रसाद ओली

नापी विभागका भूतपूर्व महानिर्देशक

नापी विभागको महानिर्देशकको हैसियतले र नक्सा सम्बन्धी एकजना प्राविधिज्ञको हैसियतले मैले जे जति नक्सा र दस्तावेजहरु हेर्ने अवसर पाएको छु, त्यसको आधारमा बोल्नु पर्दा मेरो ब्रम्हले के भन्छ भने- कालापानी क्षेत्र हाम्रो हो र यो स्पष्टतः नेपालमा पर्छ। यसमा कसैले द्विविधा नै नराखे हुन्छ।

अहिले सीमा सम्बन्धमा महानिर्देशक तथा उपमहानिर्देशक तहमा कुराकानी भइरहेको छ। हामीले आफ्नो प्रमाण त्यस कुराकानीमा पेश गरिरहेका छौं। संसदबाट र बाहिरबाट जे कुराहरु आइराखेको छ, त्यही आधारमा हामीले भारतसित कुराकानी गरेका छौं। भारतीय पक्षले हामीले राखेका कुराहरु बेठीक छ भनेर कुनै प्रमाण दिएको छैन। आगामी अगस्तसम्ममा यसबारेमा कुनै ठोस निर्णय होला।

तत्कालीन ब्रिटिशहरुले सन् १९०५ सम्म निकालेका केही नक्साहरुमा लिपु लेकबाट निक्लिएको नदीलाई काली नदी भनेर अंकित गरिएको पाइएको छ। अधि बुद्धिनारायणजीले भन्नु भए जस्तो कुनै आधिकारिक ब्रिटिश नक्सामा चाहिं लिम्पियाधुराबाट निक्लिएको कुटी याङ्दीलाई पनि काली नदी भनिएको छ। तर १९०५ पछि निकालिएका जति पनि विदेशी अमेरिकन, ब्रिटिश नक्साहरु छन्, तिनीहरुमा चाहिं वर्तमान भारतीय दावीलाई पुष्टि गर्ने ढंगले सीमा रेखांकित गरिएको छ। त्यसकारण म के भन्छु भने, पर्दाखेरि हामीहरु जस्तो सानो देशको मद्दत ठूला देशहरुले गर्दैनन्। हाम्रो देशलाई पर्दा मद्दत गर्ने भनेको यो देशका देशभक्त नेपालीहरुले नै हो, तपाईंहरुले नै हो।

सन् १९०० र त्योभन्दा अगाडिका नेपाली कागजमा लेखिएका नजरी नक्साहरुको अध्ययन गर्दा र सन् १९६१-६३ मा चीनसित भएको सीमा सन्धिका आधारमा प्रकाशित नक्साको अध्ययन गर्दा कालापानी, जसलाई नापी गर्ने अमीनले तुल्सी गाउँ पनि भन्छ, प्रष्ट रुपमा काली नदीको पूर्वपट्टि नेपाली भूमिमा परेको छ। मैले बुझेअनुसार, सन् १७९२ को सन्धिपश्चात व्यास क्षेत्र नेपालपट्टि आएको रहेछ। सन् १८१६ को सुगौली सन्धिले व्यास क्षेत्रलाई दुई भागमा विभाजत गरिदिएको रहेछ।

पर्दाखेरि हामीहरु जस्तो सानो देशको मद्दत ठूला देशहरुले गर्दैनन्। हाम्रो देशलाई पर्दा मद्दत गर्ने भनेको यो देशका देशभक्त नेपालीहरुले नै हो, तपाईहरुले नै हो।

त्यस सन्धिअनुसार, खेती जग्गा चाहिं नेपालपट्टि परेछ, बस्ती चाहिं पारी भारतपट्टि परेछ। यससम्बन्धी जनताको गुनासो सन् १८१८ ताक नै आएको हामी विभिन्न दस्तावेज र रिपोर्टबाट पाउँछौं।

सीमानासम्बन्धी छिनोफानो दुवै देशलाई मान्य भएका दस्तावेजहरुको आधारमा गरिन्छ। हामीले अहिले हाम्रो पक्षको नक्सा र दस्तावेजहरुको आधारमा मात्र बोलिरहेका छौं, डकुमेण्टेशन गरिराखेका छौं। हामी हाम्रो अडान छोड्नेवाला छैनौं। त्यसमा विश्वास गरे हुन्छ।

लिम्पियाधुरा महाकालीको वास्तविक मुहान हो कि होइन भन्ने विवाद चाहिं सन् १८१८ देखि नै चलिराखेको हो। त्यसमा हामी अहिले अध्ययन गरिराखेका छौं, आवश्यक भरपर्दा सबूदहरु जुटाइरहेका छौं। कति जमीन मिचिएको हो भन्ने बारेमा पनि हामी आवश्यक सबूदहरु जुटाइरहेका छौं। अहिले भारतसित वार्ता चलिरहेको हुनाले कतिपय सबूदहरु सार्वजनिक नगर्नु नै बेस होला।

◆

लिम्पियाधुरासम्म ओगट्ने क्षेत्र हाम्रो हो, त्यसमा विवाद हुनुपर्दैन

◆ भैरव रिसाल

२०१८ सालमा कालापानी लिम्पियाधुरा क्षेत्रका जनगणना अधिकृत/पत्रकार

अहिले पश्चिमी नेपालको सीमा सम्बन्धमा जुन क्षेत्रको विवाद भइरहेको छ, त्यो क्षेत्रमा २०१८ सालमा नेपालको तर्फबाट जनगणना भएको थियो। त्यतिबेला त्यो अञ्चलको जनगणना गर्ने कामको नेतृत्व मैले गरेको थिएँ। त्यतिबेला म अञ्चल अफिसर थिएँ। त्यतिबेला अहिले जस्तो चौध अंचल थिएन। त्यतिबेला जनगणनाको आफ्नै किसिमको अञ्चल थियो। त्यो अञ्चलअन्तरगत दार्चुला पनि पर्थ्यो। त्यतिबेला थुम, प्रगन्न, गर्खा भन्ने चलन थियो। त्यसैअनुसारद्य व्यास गर्खा अन्तरगत गर्ब्याग, गुन्जी, नाभी, कुटी, गुन्जी लगायतका गाउँहरू थिए। ती गाउँहरूमा केन्द्रीय तथ्यांक विभागअन्तरगत त्यहाँको जनगणना कार्यालयले जनगणना गराएको थियो। यदि ती ठाउँहरू नेपालको नभएको भए हामीले त्यहाँ जनगणना गराउने थिएनौं र हिन्दुस्थानले पनि जनगणना गर्न दिँदैनथ्यो। त्यसैलेद्य लिम्पियाधुरासम्म ओगट्ने क्षेत्र हाम्रो हो, त्यसमा विवाद हुनु पर्दैन। मैले नै त्यहाँ जनगणना गर्न नेतृत्व गरेको हैसियतले अझै पनि म आधिकारिक रूपले नै भन्नु सक्छु कि, ती ठाउँहरू नेपालकै हो। ती ठाउँहरू हाम्रै हो।

यस सम्बन्धमा त्यतिबेलाको तथ्यांकहरू कहाँ छ भन्ने बारेमा नरकान्त अधिकारीसंग कुरा गरेको थिएँ। १९९८, २००९ साल, २०११ साल तथा २०१८ सालको जनगणना हुँदा उहाँ केन्द्रीय तथ्यांक विभागको सेवामा हुनुहुन्थ्यो। उहाँले पनि के भन्नुभयो भने, त्यतिबेला जनगणना गराएको तथ्यांकहरू केन्द्रीय तथ्यांक विभागमा हुनुपर्छ। त्यहाँ गाउँ गाउँको नाम हुनुपर्छ। त्यस्तैद्य मैले त्यतिबेलाको तथ्यांक विभागसंग सम्बन्धित व्यक्तिहरूमध्ये थीरबहादुर रायमाझी तथा सत्यमोहन जोशीसंग पनि कुरा गरेको थिएँ। उहाँहरूले पनि त्यसै भन्नुभयो। त्यसैले उहाँहरू तीनैजनालाई हामीले राष्ट्रिय स्रोत व्यक्तिहरूको रूपमा लिनुपर्छ। ❑

हुन्छ।

अर्को महत्वपूर्ण कुरा, सीमा अतिक्रमण क्षेत्र कति हो भन्ने छ। लिपुलेखबाट निक्लेको नदीको पूर्वमा पर्ने भूभाग भारतले कति अतिक्रमण गरेको छ भन्ने बारेमा कसैले ३४ स्क्वायर कि.मि. भनेका छन्, कसैले ६२ स्क्वायर कि.मि. भनेका छन् भने कसैले ३५ स्क्वायर कि.मि. भनेका छन्। त्यस्तै, लिम्पियाधुराबाट निक्लेको कुटी याङ्दी नदीको पूर्वी भू-भागबारेमा पनि त्यत्तिकै विवाद देखिन्छ। त्यो नदीभन्दा यताको भूभाग पनि कसैले १८९ स्क्वायर कि.मि. भनेका छन्, कसैले १९४ तथा कसैले १९६ स्क्वायर कि.मि. भनेका छन्।

त्यसकारण, जबसम्म भौतिक रुपले नै नापजोख गर्न सकिँदैन, तबसम्म यति नै क्षेत्रफल भनेर भन्न सकिँदैन। तैपनि, नक्साबाट ग्राफिकल हिसाबले क्षेत्रफल निकाल्न सकिन्छ। त्यसैले, नेपालको क्षेत्रफल मिचिएको छ भन्ने कुरा स्पष्ट छ। त्यसैले, यसको लागि हामीले ब्रिटिश भारतको सम्पूर्ण नक्सा, चीन, बेलायत, तथा भारतको पनि नक्साको दस्तावेज पनि लिनु पर्‍यो र नेपालमा भएका नक्साहरु पनि गहिरिएर अध्ययन गर्नु पर्‍यो। त्यसको साथै, तात्कलीन ब्रिटिश र भारतको अलावा पाकिस्तान, बंगलादेशसंग पनि नक्साको दस्तावेज छ कि, अध्ययन गर्नु पर्‍यो।

❑

सबैभन्दा धनाढ्य मुलुकमा गरिबी यसरी बढ्दैछ

◆ दीपक वैद्य

अमेरिकाको अर्थतन्त्र विश्वकै नम्बर १ मा आउने अर्थतन्त्र मानिन्छ। विश्वका १० जना सबैभन्दा धनी व्यक्तिहरुमध्ये ६ जना अमेरिकामै छन्। ५१ अरब डलरको विशाल सम्पत्ति भएको विश्वकै सबैभन्दा धनी व्यक्ति बील गेट्स पनि अमेरिकी नै हुन्। अहिले विश्वकै पहिलो, दोस्रो र तेस्रो सबैभन्दा ज्यादा सम्पत्तिवाला व्यक्तिहरु पनि अमेरिकी नै छन्।

तर के यो धनीहरुको मुलुकमा गरीबी पनि त्यत्तिकै छ ? सय तल्ले भवनहरुको यो देशमा के असंख्य झुप्राहरु पनि छन् ? यो प्रश्न भने अक्सरतया उपेक्षाको विषय हुने गरेको छ। सेप्टेम्बर १९९७ मा प्रकाशित अमेरिकी जनगणना ब्यूरोको सबैभन्दा पछिल्लो १९९६ को जनगणना तथ्यांकले यो प्रश्नका बारेमा थप्रै तीता सत्यहरुको उदघाटन गरेको छ। यो तथ्यांक अनुसार, अमीरहरुको मुलुक अमेरिकामा दश बीस हजार मात्र होइन, ३ करोड ६५ लाख मानिसहरु गरिबीको रेखामुनि हरिकंगाल जीवन बाँचिरहेछन्। २६ करोड जनसंख्या भएको अमेरिकामा यो संख्या भनेको कुल जनसंख्याको १३.७ प्रतिशत हो।

अमेरिकाको जन-गणना ब्यूरोले वर्षेनी यस्तो तथ्यांक संकलन र प्रकाशित गर्ने गर्छ। सन् १९९५ को तथ्यांक अनुसार, अमेरिकामा त्यो वर्ष ३ करोड ६४ लाख मानिसहरु गरिबीको रेखामुनि थिए। यो आँकडालाई एक वर्षपछिको आँकडासित दाँज्दा के स्पष्ट हुन्छ भने, अमेरिकामा एकै वर्षमा थप एक लाख मानिसहरु गरिबीको रेखामुनि झरेछन्।

गरिब त अमेरिकामा श्वेतहरु पनि छन्, अश्वेतहरु पनि। तर जनगणनाको तथ्यांकले के देखाएको छ भने, अमेरिकामा कालो र सेतो हुनुमा अझै पनि ठूलो भिन्नता छ र त्यो गरिबीको मामलामा अरु प्रष्टसित छर्लंग हुने गरेको छ। उदाहरणका लागि, अमेरिकाका कुल श्वेतहरुमध्ये ११.२ प्रतिशत मात्र गरिबीको रेखामुनि छन्। तर यति नै बेला काला जातिका मानिसहरुमध्ये भने २८.४ प्रतिशत मानिसहरु दरिद्रताको रेखामुनि पाइएका छन्। यो तथ्यांकले इंगित गरेको तीतो सत्य के हो भने, श्वेतहरुमा भन्दा अश्वेतहरुमा गरिबीले घाँटी अठ्याएकाहरु दोब्बरभन्दा पनि ज्यादा देखिएका छन्।

अमेरिकामा गरिबीले सबभन्दा ज्यादा महिलाहरु र केटाकेटीहरुलाई आक्रान्त पारेको पाइएको छ। त्यस्ता परिवारहरु सबभन्दा ज्यादा गरिब देखिएका छन्, जसको घरमूली महिला छ र जुन घरमा श्रीमान् विद्यमान छैन, त्यस्ता परिवारहरुमध्ये ३६ प्रतिशत परिवार गरिबीको संघारमुनि रहेका छन्। उस्तै र उति नै काम गर्दा पनि पुरुषहरुको तुलनामा अमेरिकी महिलाहरुको ज्याला/पारिश्रमिक ७४ प्रतिशत मात्र रहेको पाइएको छ।

केटाकेटीहरुमा व्याप्त गरिबीलाई केले स्पष्ट पार्दछ भने, अमेरिकामा कुल केटाकेटीहरुमध्ये २०.५ प्रतिशत केटाकेटीहरु गरिबीको रेखामुनि छन्।

जनगणनाले के पनि देखाको छ भने, अमेरिकामा १९९६ मा सबैभन्दा गरिब २० प्रतिशत मानिसको सरदर आम्दानी १.८ प्रतिशतले ओरालो लाग्यो। तर यति नै बेला सबैभन्दा धनी २० प्रतिशतको आम्दानी भने २.२ प्रतिशतले बृद्धि भयो।

धनाढ्यहरुको यो मुलुकमा गरिबहरुको संख्या एक वर्षभरिमै लाखौंको संख्यामा बढ्नुको मुख्य कारण गरिब र धनीहरुको आम्दानीमा भएको यही खाडल देखिएको छ।

के स्मरणीय छ भने, सन् १९७९ मा अमेरिकामा गरिबीको रेखामुनि ज्यूने हरिकंगालहरु दुई करोड ६१ लाख थिए। सन् १९८०, अर्थात् एक वर्षपछि नै उनीहरु दुई करोड ९३ लाख पुगे, अघिल्लो वर्षभन्दा ३२ लाखले बेसी। एक दशक उता १९९० मा पुग्दा त्यस्ता गरिबहरु ३ करोड ३६ लाख पुगे। यसको मतलब दश वर्षमा झण्डै थप डेढ करोड मानिसहरु गरिबको बगालमा थपिएछन्। अहिले, ६ वर्षपछि १९९६ मा त्यही संख्या बढेर ३ करोड ६५ लाख पुगेको छ। अर्थात् आधा दशकमै २९ लाख थप मानिसहरु अमेरिकामा हरिकंगाल भएछन्।

यसको मतलब के हो भने, अमेरिकामा वर्षेनी एकाध शय खरबपतिहरु मात्र दिन दुगुना, रात चौगुना हुने गरी चुलिएका होइनन्। त्यहाँ त्यो संगसंगै वर्षेनी लाखौंको संख्यामा गरिबहरुको फौज पनि बढ्दैछ। र, ती खरबपतिहरु यिनै लाखौं खाकपतिहरुको सत्यानाशको मोलमा चुलिएका छन्। उदाहरणको लागि, सन १९७९ मा अमेरिकामा ११.७ प्रतिशत मानिसहरु मात्र गरिबीको रेखामुनि थिए। अहिले त्यो अनुपात बढेर १३.७ प्रतिशत पुगेको छ। यसबीच, अमेरिकाको गरिब जनसंख्या मात्र बढेको होइन। त्यहा गरिब हुनेहरुको अनुपात पनि बढ्दैछ। त्यहाँ धनी-गरिबीबीचको खाडल पनि अचाक्ली बढ्दैछ।

अमेरिकाको धनाढ्यताको पाटो मात्र हेरेर रंगीन चित्र कोर्नेहरुका लागि अमेरिकी सरकार स्वयंले प्रकाशित गरेको यो तथ्यांक ठाडो लोप्पा साबित हुन देखिन्छ। हो, अमेरिकामा बील गेट्सहरु छन्। तर, त्यहाँ करोडौं एकछाकेहरु पनि छन्, जसको न रोजगारी छ, न बास नै। त्यस्ता मानिसहरु भेट्न अमेरिकी राष्ट्रपतिको निवास ह्वाइट हाउसबाट आधा घण्टा पनि पर जान पर्दैन। उनीहरु त्यहीं सडकमै जन्मन्छन्, त्यहीं हुर्कन्छन् र त्यहीं मर्छन्। ❑

अमेरिकामा शुरू भएको आर्थिक मन्दीले गर्दासिरि धेरै परिवारहरू मगन्ते र घरबारबिहीन भए
चित्रमा माग्ने अवस्थामा पुगेका एक अमेरिकी मजदूर



नस एन्जेलसमा १९९२ मा जातीय उन्मोहन र गरिबीका विरुद्ध भएको विद्रोहको एक दृश्य

अमेरिकामा गरिबहरू

गरिबीको रेखामुनि रहेका जनसंख्याको प्रतिशत

१९७९	१९८०	१९९०	१९९२	१९९३	१९९४	१९९५	१९९६
११.७	१३.०	१३.५	१४.८	१५.१	१४.५	१३.८	१३.७

गरिबीको रेखामुनि बाँचेको जनसंख्या (करोडमा)

२.६१	२.९३	३.३६	३.८०	३.९३	३.८१	३.६४	३.६५

स्रोतः अमेरिकी जनगणना ब्यूरोको रिपोर्ट

दलितलाई आरक्षण किन र कसरी ?

◆ पद्मलाल विश्वकर्मा

कृषि र पशुपालनमा आधारित अर्थव्यवस्थाको विकासक्रममा आर्य समुदायभित्र सुविधाभोगी र सुविधाविहीन दुई किसिमको स्तर देखापऱ्यो, जसलाई वर्ण नामको एक खास गुरुयोजनाद्वारा स्थायित्व दिइयो। कालान्तरमा यस वर्णले एक विशेष सिद्धान्तको हैसियत पाएपछि यसलाई वर्णाश्रम धर्म अर्थात् ब्राम्हण धर्मको रुपमा स्थापित गर्ने काम भयो। अझ, पछि गएर यसैलाई हिन्दू धर्म भन्न थालियो। विश्वभरिकै हरेक नश्लवाद र जातिवादको मुहानको रुपमा चिनिने यस ब्राम्हण धर्मबाट ब्राम्हणवाद, नाजीवाद तथा फासिवाद जन्मिए।

समाजका सीमित ठालूहरुले बहुसंख्यक सोझासिधा श्रमजीवी जनतामाथि राजनैतिक तथा प्रशासनिक वर्चश्व कायम गर्ने सशक्त हतियारको रुपमा ब्राम्हणवादलाई प्रयोग गर्न थाले। असमानताको मानसिक प्रवृत्ति नै ब्राम्हणवाद हो र घृणा तथा उपेक्षा यसको मनोविज्ञानको धूरी हो। यसले स्वतन्त्रता, समानता र भातृत्वलाई सोझै इन्कार गर्छ। जन्मगत वर्ण-निर्धारण, सवर्ण-असवर्णको विभेद र अमानवीय अछूत प्रथाले सबैभन्दा नाजुक स्थिति अछूत पारिएका समुदायले खप्नु पऱ्यो। हिन्दू धर्मले दासप्रथालाई धार्मिक औचित्य प्रदान गऱ्यो भने दासलाई जन्मजन्मान्तर अछूतको दर्जामा राख्दै अलग मर्यादा र दण्डविधानभित्र रहन बाध्य तुल्याएयो। अरु दासप्रथामा मालिकले दासको गाँस-बास-कपास तथा शिक्षादीक्षाको जिम्मा लिनुपर्छ। तर यस अछूत दास प्रथामा यो सब गर्नु पर्दैन, बरु जन्मजन्मान्तरसम्म दासको रगत-पसिनामाथि सितैमा चैन गर्न छूट छ। त्यसको बदलामा घृणा, उपेक्षा र अत्याचार गर्नु धर्म ठहऱ्छ।

पष्ट छ, वर्णाश्रमी हिन्दू समाजभित्र दलित समुदायहरु विगत साढे तीन हजार वर्षदेखि आफ्नो स्वतन्त्रता तथा अस्मिता गुमाएर बन्दी जीवन भोग्न विवश पारिएका छन् भने गत पन्ध्र सय वर्षयता अछूत प्रथाको हथकडी भिरेर उनीहरु मानव मर्यादाविहीन पशुभन्दा नीच जीवन गुजारिरहेका छन्। यस्तो छ-यस हिन्दू समाजको ऐनाभित्र दलितको कारुणिक तस्वीर।

वर्णव्यवस्था मूलतः सामन्ती शासनव्यवस्था र अर्थव्यवस्थाको केन्द्रबिन्दुको रुपमा खडा भएको थियो भने जातपात र छूवाछूत प्रथा आर्थिक शोषणको शक्तिशाली स्थायी हतियार साबित भयो। उत्पादन एवं यसको वितरणमा सामुहिक स्वामित्व नभएको समाजमा विषमता, शोषण-उत्पीडन एव छूवाछूतको भेदभाव टिकिरहने पक्का छ। यस मुलुकका दलित समुदायको आर्थिक दूरावस्थाका पछाडि वर्णाश्रमेमा आधारित यही शासन व्यवस्था र अर्थव्यवस्था पूर्ण जिम्मेवार छ। यस मुलुकमा देशी विदेशी तत्वले श्रमजीवीमाथि बजारवाद लादेका छन् र बजारभाऊ उनीहरुकै हातमा छ। यहाँको बजारवादको मतलब वर्णाश्रमवाद पनि हो। वैश्य (व्यापारी) र ब्राम्हणको संयुक्त मोर्चाले श्रमजीवी वर्गमाथि मनोमानी लुटपाट मचाइरहेको छ। यहाँको पूँजीवाद सामन्तवादबाट संरक्षित छ भने यो पूँजीवाद केवल दलाल पूँजीवाद मात्र नभई वर्णाश्रमी पूँजीवाद हुन पुगेको छ। यसभित्र ब्राम्हणवादी तन्तु हावी भएको हुँदा यसबाट प्रगतिशील पूँजीवादको किमार्थ आशा गर्न सकिन्न। किनकि, यसले सामन्ती तथा अर्धसामन्ती उत्पादन सम्बन्धसंग हरस्तरमा संझौता गर्छ। यस ब्राम्हणवाद पूँजीवाद नियन्त्रित अर्थतन्त्रलाई पल्टाएर प्रगतिशील पूँजीवादी क्रान्ति सम्पन्न नगर्दासम्म दलित समुदाय लगायत समग्र श्रमिक जनताको पूर्ण मुक्ति हुनेवाला छैन। फेरि पनि वर्तमान सामाजिक-आर्थिक-राजनैतिक संरचनाभित्र दलित समुदायलाई सशक्तिकृत गर्दै लाने ताल्कालीक उपाय के हुने भन्ने बारेमा हामी गंभीर हुनै पर्छ।

केन्द्रीय तथ्यांक विभागअन्तर्गत रहेको जीवनस्तर मापन सर्वेक्षणले निकालेको २०५३ को तथ्यांकअनुसार, लिम्बू जातिबाहेक अन्य सबै जातिहरुमा गरिबीको चाप दलित जातिभन्दा निकै कम छ। प्रत्येक १०० जना दलितमध्ये ६५ देखि ८६ जनासम्म गरिबीको रेखामुनि बाँचेका छन्। मनुस्मृतिलगायतका अरु शास्त्रीय काला कानूनहरुले शुद्रलाई सम्पत्ति आर्जनमा मात्र बन्देज गरेका नभई शिक्षा आर्जनमा समेत पूर्ण बन्देज लगाएको थियो। वर्तमान अवस्थामा पनि संस्कृत शिक्षालयका ढोकाहरु दलितका लागि बन्द छन् भने पश्चिमी पहाडी भेगका स्कूलमा दलित बालबालिकाहरु जातीय कारणले अलग्गै बस्नुपर्ने स्थिति छ, तराई क्षेत्रका डूम-मेस्तरका बच्चाबच्ची विद्यालय बाहिरै बस्नु पर्छ, सवर्ण समाजका साथीहरु र गुरुवर्ग समेतको पक्षपात, उपेक्षा तथा दुर्व्यवहार भोग्नुपर्छ। यी सबै कारणहरुको फलस्वरुप, दलित समुदाय शिक्षामा पछौटे पर्नु स्वाभाविकै छ। नेपालमा साक्षरताको दर लगभग ५० प्रतिशत पुगेको अनुमान छ, जसमध्ये दलित समुदायको साक्षरता नगण्य छ।

> हामो मुलुकको परिप्रेक्ष्यमा मोटामोटी हिसाबले ५ क्षेत्रमा आरक्षण चाहिन्छ

उदाहरणका लागि, साक्षरताको दर सबैभन्दा कम भएको जाति मुसहर हो, जुन ४.२ प्रतिशत छ। त्यसपछि दुसाद र चमारको नम्बर आउँछ, जुन क्रमशः ९.९ प्रतिशत र १०.१ प्रतिशत छ।

दलित समस्या सामाजिक मात्र नभई राजनैतिक पनि हो। ब्राम्हणवादलाई सदासर्वदा टिकाइराख्ने धूर्त राजनीतिले जातिवादलाई धार्मिक औचित्य दियो, जसको फलस्वरुप दलित समुदाय आफूमाथिको अत्याचारविरुद्ध कहिल्यै एकजूट भएर प्रतिकार गर्न पाएनन्। जातिवादको अर्को नाम नातावाद हो, जसले राजनैतिक प्रकृतिलाई ध्वस्त गर्छ, समानता तथा स्वतन्त्रताको अवसरलाई इन्कार गर्छ। हाम्रो देशका सत्ताधारी वर्गको नीति वर्ग-सापेक्ष मात्र नभई वर्ण सापेक्ष-समेत रहँदै आएको छ। नेपाली क्रान्तिको दिशा वर्ग-वर्ण-उत्पीडनविरोधी हुनुपर्नेमा केवल वर्गीय उत्पीडनविरोधी मात्र देखिन्छ। वर्गगत र वर्णगत संघर्षलाई एकीकृत गरी चलाइने आन्दोलनले मात्र नेपाली दलित समुदायको समग्र मुक्ति संभव छ। क्रान्तिकारी सामाजिक परिवर्तन हासिल गर्न सामाजिक न्याय र समानताको आन्दोलनलाई समाजवादको आन्दोलनसंग मैत्रीपूर्ण रणनीतिक सम्बन्धद्वारा जोडेर अघि बढाउनु पर्छ।

मुक्ति समाजद्वारा २०५४ मा राजधानीको टुंडीखेलमा भएको विशाल आमसभाको एक दृश्य



यस मुलुकका कुनै पनि राजनैतिक पार्टीहरुको नीतिमा एउटा मुसहरको समस्या सुल्झाउने उपयुक्त कार्यक्रम छैन। उनीहरुका राजनैतिक कार्यक्रमहरु केवल एउटा गरीब बाहुनको समस्या सुल्झाउने दिशातिर उन्मुख छन्। यस मुलुकको श्रमिक वर्गको चारित्रिक प्रतिनिधि पहिलो नम्बरमा त्यो गरीब मुसहर हो। उसलाई पनि राज्यको शासन-प्रशासन, साधन-स्रोत-सुविधामा हिस्सेदारी गराउन सावधान नभएको वर्तमान स्थितिलाई प्रजातान्त्रिक भन्नुको अर्थ छैन।

जन्मगत असमानतामा आधारित नेपाली समाजको ढाँचा प्रजातान्त्रिक छैन। मुलुकको परम्परागत खेतीपातीका सामग्री, हातहतियार, शोभा-सौन्दर्यका गहना, आभूषण, वस्त्र, जुत्ता, काठधातुको कार्य तथा कृषि श्रमको खाँचो टार्नेदेखि कला-संस्कृतिको धरोहर हुँदै आएको दलित समुदायले मुलुकको एकीकरण

अभियानदेखि जनतान्त्रिक संघर्षहरुमा अग्रणी भूमिका निर्वाह गर्दै आएको कुरा कसैले नकार्न नसक्ला । तर मुलुकको सिंगो जनसंख्याको २० प्रतिशतभन्दा बढी हिस्सामा रहेका दलित समुदायले सार्वभौमसत्ता, राजनैतिक हक, सामाजिक स्वतन्त्रता, समानता, मर्यादाको नैसर्गिक हकबाट वंचित रहनु परेको छ । वर्णाश्रम धर्मको नाममा साढे तीन हजार वर्षदेखि दलित समुदायमाथि लादिंदै आएको अमानवीय शोषण-उत्पीडन, अपमान, नृशंस दमनचक्रको उत्तरदायित्व राज्यले लिनुपर्छ । त्यही अपमानपूर्ण दमनको जायज क्षतिपूर्ति या मुआब्जास्वरुप दलित समुदायलाई राज्यले आरक्षणको व्यवस्था गर्नुपर्छ ।

आरक्षण के हो ?

आरक्षण भनेको सकारात्मक विभेद (positive discrimination) हो, जसको मूल ध्येय असक्षमको पक्ष लिने र उठाउने हुन्छ । वर्णाश्रम व्यवस्थाको मूल थलो भारतवर्षमा दलित समुदायले आरक्षणलाई एक आन्दोलनकै रुपमा विकास गर्दै ल्याइयो, जसको मूल नारा समानुपातिक आरक्षण र समानुपातिक प्रतिनिधित्व रहँदै आएको छ । सवर्णहरुको एकछत्र ढलीमली हुँदै आएको ठाउँमा दलितले हिस्सेदारी पाउने आरक्षणको नीतिको विरोध फेदेखि नै हुँदै आएकोमा २०४७ सालमा वि.पि. सिंहको सरकारले मण्डल आयोगको रिपोर्टअनुसार २२ प्रतिशत आरक्षणलाई वृद्धि गरी ४९ प्रतिशत पुऱ्याउने निर्णय गरेपछि अहंकारवादी हिन्दूहरुले उत्पात गरे, जसलाई आधार बनाएर आरक्षणप्रति नकारात्मक धारणा बनाउने काम सर्वत्र हुँदै आएको छ । तर वास्तविकता के हो भने, भारतका दलित तथा पिछडिएका वर्गले आरक्षणद्वारा प्रथम पटक राज्यको शासन, सेवा सुविधा, शिक्षा, गाँसबास हरक्षेत्रमा उच्च वर्ण र वर्गको एकाधिकारको ठाउँमा सीमितै भए पनि साझेदारी गर्ने अवसर पाए । यो वर्गको अवसर तथा उत्थानलाई नै लिएर भारतमा आरक्षण अफापसिद्ध भयो भन्न मिल्दैन, बरु त्यसलाई ठीक ढंगले लागू गरियो कि गरिएन भनेर चर्चा गर्नु अर्कै कुरा हो ।

अमेरिकामा सकारात्मक कार्य (Affirmative Action) को नामबाट काला जातिलाई आरक्षणसरहको सुविधा मिलेको छ । यूरोपका विभिन्न मुलुकहरुमा अल्पसंख्यक, पछौटे, असहाय, जनजाति आदिवासी जस्ता समुदायका निम्ति पक्ष लिने आरक्षण जस्तै प्रावधानहरु राखिएका देखिन्छन् । साम्यवादी मलुकहरुमा पनि यस्तो प्रावधान राखिएको छ । खास गरी, आरक्षणलाई सच्याउने मापदण्ड (correctional measure) को रुपमा

"संरक्षण भए हुन्छ आरक्षण हुनु हुँदैन" भन्ने कुरा पनि यदाकदा सुनिन्छ । तर संरक्षणको कुरा दया, माया, विवेक तथा भीखसरह हो ।

विश्वभरि नै स्थान दिइएको देखिन्छ । अतः आरक्षण एक विश्वव्यापी प्रकृया भएकोले हाम्रो मुलुकको सन्दर्भमा दलित समुदायले आरक्षणको दावी गर्नु नैसर्गिक हक मान्न सकिन्छ ।

"संरक्षण भए हुन्छ आरक्षण हुनु हुँदैन" भन्ने कुरा पनि यदाकदा सुनिन्छ । तर संरक्षणको कुरा दया, माया, विवेक तथा भीखसरह हो । संवैधानिक आरक्षणले मात्र दलित समुदायलाई शक्तिसम्पन्न बनाउँछ, जसले गर्दा उनीहरु अफ्नो भाग्यको फैसला आफै गर्न सक्ने हुन्छन् । युगौंयुगदेखि दलितमाथि लादिदै आएको सामाजिक अयोग्यताको फलस्वरुप पैदा भएको आर्थिक-शैक्षिक-सांस्कृतिक पछौटेपनलाई घटाउन अनि हर क्षेत्रमा उसलाई सुरक्षा दिन कम्तिमा सवर्ण समुदायको हाराहारीमा नपुगुन्जेल आवधिक रुपमा आरक्षणको नीति लागू गर्नु अनिवार्य छ । आरक्षणले नै दलित वर्गको समग्र मुक्ति दिने होइन । यो एक सुधारवादी प्रकृया हो, तापनि, अहिलेको सामाजिक आर्थिक ढांचा अनुसार दलित समुदायलाई सशक्तीकरणतिर उन्मुख गर्ने भएकोले यसले आमूल परिवर्तनसहितको समतामूलक समाजमा पुग्ने पूर्वाधार प्रदान गर्न सक्छ ।

हाम्रो मुलुकमा आरक्षणबारे धुप्रै भ्रमहरु पैदा भएका छन् । सतही ढंगले भन्ने गरिन्छ कि, जातपातकै आधारमा राज्यसुविधा भागवण्डा गर्दा जातिगत भेदभाव मेटिनुको सट्टा लामो समयसम्म रहिरहन्छ (गोकुल पोखरेल-गोरखापत्र ०४७ कार्तिक ७) । अर्को विचार के छ भने, आरक्षणले अवसर प्राप्त गर्नु सट्टा अनुग्रह गर्नेतिर मोड्छ र यो लिनेहरु एक विशेष वर्गको रुपमा पहिचान बनाइराख्छन् (गोरखापत्र, संपादकीय ०५४ भाद्र २) ।

लामो समयदेखि दलित आन्दोलन हाँक्दै आएको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले आरक्षणलाई आफ्नो मूल मागको रुपमा उठाउँदै आएको छ र यस संगठनले ग्रिनसो नेपालको सहसंयोजनमा गत ०५४ पौष १६-२० मा काठमाडौंमा नेपालमै पहिलोचोटी राष्ट्रिय स्तरमा 'दलित समुदायको समस्या' विषयक परामर्श कार्यक्रम गरेको थियो । प्रधान न्यायाधीश ओमभक्त श्रेष्ठले त्यस कार्यक्रमको उद्घाटन गर्दै पेशागत मर्म वा कर्तव्यको आधारमा उच्च र निम्न जाति एवं वर्गको रुपमा विभाजन भएपछि समाजमा भेदभाव, शोषण, उत्पीडनका स्वरुप निर्धारण हुनु ऐतिहासिक गल्ती भएकोले आज मुलुकको आर्थिक, सामाजिक विकासको लागि ठूलो समस्या भएकोले राज्यको सन्तुलित र समानुपातिक विकासमा अवसर नपाएका वर्गलाई विशेष प्राथमिकता दिई उच्च वर्ग भनिएकाहरुको समान तहमा पुऱ्याउन पर्ने नीति विश्वव्यापी रुपमा थालिंदै आएको छ । बेलायत, अमेरिका, भारत जस्ता मलुकमा आर्थिक एवं सामाजिक रुपमा विपन्न जाति एवं वर्गको उत्थानका निम्ति विशेष प्राथमिकताको सिद्धान्तअन्तर्गत आरक्षणको नीति लागू छ । यसैले हाम्रो देशमा पनि सामाजिक एवं आर्थिक रुपमा विपन्न वर्गको उत्थानलाई प्राथमिकता प्रदान गर्नुपर्छ भन्ने उहाँको ठहर थियो ।

ठीक यसै मान्यताअनुसारको कार्यपत्र एवं विचारहरु बाहिर आएपछि ब्राम्हणवादी चिन्तन बोक्नेहरुको मुटुमा ढ्यांग्रो ठोकिएछ । उदाहरणका लागि, पौष २१ गतेको **हिमालय टाइम्स**को सम्पादकीयको प्रतिक्रिया यस्तो रहयो- बलियो र कमजोरका बीचमा प्रतिस्पर्धा गराउनु न्यायोचित नभएकोले समाजका कमजोर वर्गलाई आरक्षणको सुविधा दिनु अनुचित भन्न सकिँदैन । तर यसले गर्दा आरक्षण पाउने र नपाउनेको बीचमा वैमनस्य उत्पन्न हुने, आर्थिकबाहेक अरु आधारमा गरिने आरक्षणले समाजमा न्याय नदिने, आरक्षण टाठाबाठाको मात्र हितमा हुने हुँदा वर्तमान स्थितिमा यसले आमुल परिवर्तन नहुने हुँदा आरक्षण समाधान हुँदैन, बरु विशेष कार्यक्रम बन्नुपर्छ । तर त्यही दिनको **The Rising Nepal** को सम्पादकीयले आरक्षणको पक्षमा यस्तो लेख्यो- And for the benefit of the disadvantaged section of society, provisions for reservations also should be considered for a period till they come at par with the rest of the society. अर्थात्, समाजमा पिछडिएको समुदायलाई अरु सम्पन्न वर्गको हाराहारीमा नपुगुन्जेलसम्म आवाधिक आरक्षणको प्रावधान चाहिन्छ ।

२०५४ मा मुक्ति समाज-द्वारा राजधानीमा आरक्षणको माग गर्दै निस्केको जुलूस

अब प्रश्न गर्नुपर्छ- अहिलेसम्म आरक्षण नहुँदा खोई यहाँ जातपात, छूवाछूत हटेको र सामाजिक समता र ममता बढेको ? आखिरी यसै पनि समाजमा सवर्ण-असवर्ण कायमै छ भने, आरक्षणले लामो समयसम्म जातको लेभल लाग्ने केको डर ? यदि आरक्षणद्वारा शिक्षाको अवसर मिल्छ, आर्थिक निर्भरता वृद्धि हुन्छ, अनि राज्य सत्तामा समानुपातिक हिस्सेदारी मिल्छ भने दलितले जात जनाएर कसैको सामु झुक्नु पर्दैन, बरु आफ्नो सम्मानजनक अस्तित्वमा उसले गर्व गर्न सक्छ ।

२०५४ मा मुक्ति समाजद्वारा राजधानीमा आरक्षणको माग गर्दै निस्केको जुलूसमा सहभागी महिलाहरूको दृश्य

अहिलेसम्म आरक्षण नहुँदा खोई यहाँ जातपात, छूवाछूत हटेको र सामाजिक समता र ममता बढेको ? यसै पनि समाजमा सवर्ण-असवर्ण कायमै छ भने, आरक्षणले लामो समयसम्म जातको लेभल लाग्ने केको डर ?

आरक्षणको स्वरुप

आरक्षणको क्षेत्र ज्यादै व्यापक छ । हाम्रो मुलुकको परिप्रेक्ष्यमा मोटामोटी हिसाबले देहाय ५ क्षेत्रमा आरक्षण चाहिन्छ :

१) **राज्यसत्तामा** : सामाजिकता र सामुहिकता जनतान्त्रिक नेतृत्वबाट मात्र प्राप्त हुन्छ । यस्तो सामुहिक नेतृत्व सागठनिक ढाँचाको हरेक स्तरमा हुनु पर्छ । यस मुलुकको शासनसत्ता सदैव सवर्णहरुको एकलौटी हुँदै आएकोले नै उनीहरुको मनोमानी छ । सामाजिक मनोविज्ञान नै वर्णवादमा आधारित भएको नेपाली समाजमा जातीय कारणले दलितले सिट नपाउने, अनि पाए पनि अपवादबाहेक दलितले अरुको भोट पाउँदैन । यसैले, दलितलाई संविधानतः दोहोरो सुरक्षा र अधिकार चाहिन्छ । सामान्य नागरिकको रुपमा र दलित समुदायको रुपमा आरक्षित बेरुलै चुनाव क्षेत्र, दलित समुदायलाई प्रतिनिधि सभा, माथिल्लो सदन र स्थानीय निकायमा जनसंख्याको आधारमा सिट छुट्याइनु पर्छ, संविधानतः छुट्टै सूचि तैयार हुनुपर्छ ।

२) **नोकरी वा जागीरमा** : सरकारी, अर्ध सरकारी, गैरसरकारी एवं निजी क्षेत्रका जागीरमा, रोजगारमा (देशभित्र र बाहिर) दलितलाई कोटा कायम हुनुपर्ने, जागीरमा प्रवेश गर्ने प्रतियोगिताको तयारीका लागि आवश्यक सुविधा र प्रशिक्षण दिइनु पर्ने जरुरी हुन्छ भने क्षमताको हकमा निश्चित आधार तैयार गर्नुपर्छ ।

३) **शिक्षामा** : दलित समुदायलाई शिक्षामा सहभागी गराउन दलित छात्रवृत्ति र विशेष वृत्ति हुनुपर्छ । त्यसै गरी, प्राविधिक क्षेत्र, उच्च शिक्षा, विदेशी शिक्षाका कोटामा दलित सिट तय हुनुपर्छ । क्षमताको आधार तैयार गरी ती सिटमा दलितहरु बीचमै प्रतिस्पर्धा गराउनु पर्छ, अरुलाई सट्टाभर्ना गर्नु हुँदैन ।

४) **भूमि तथा आवासमा** : 'जसको जोत उसको पोत'सहित भूमिहीन दलितलाई निर्वाहयोग्य जमीन, शहरी क्षेत्रमा घडेरी र घर बनाउने आर्थिक सहयोगसहित बाटो, बत्ती, पानी, शिक्षा, स्वास्थ्य आदिको उचित प्रबन्ध गरिनु पर्छ ।

५) **उत्पादन र उत्पादित वस्तु तथा बन्द व्यापारमा तथा सार्वजनिक क्षेत्रमा** : परम्परागत पेशा-सीपका लागि कच्चा पदार्थ पाइने बैंक, उत्पादित वस्तुको बजार, खेतीपातीका लागि आवश्यक पशुधन, सामग्री, बिउ, मल, खेताला खर्चसहित सुखाजर्ती भएमा क्षतिपूर्ति दिने व्यवस्थासहित उत्पादित वस्तुको बजार व्यवस्था गर्नुपर्छ । दलित विकास निगम खोलेर आर्थिक विकासका योजना संचालन गर्नुपर्छ ।

त्यसैगरी, दलित समुदायलाई बन्द व्यापार गर्न राज्यस्तरले आर्थिक सहयोग तथा सुरक्षाको बन्दोबस्त गर्नुपर्छ । धितो जमानी राखेर ऋण पाउने कुरा काम लाग्दैन । छुवाछूतलाई पूर्ण उन्मूलन गर्ने कानून निर्माण गरेर पूर्णतया लागू गर्नुपर्छ । नत्र दलितले उत्पादन गर्ने, मासु, दूध, चिउरा लगायतका खाद्य पदार्थ बिक्री हुँदैनन् । जातीय रुपमा अपमानित गर्ने सवर्ण समुदायका व्यक्तिहरुलाई भारतमा अपराध हेरी गंभीर फाँसीसम्म दिने कानून छ । हाम्रो देशमा त्यस किसिमका घटनाका पीडित पक्षलाई राहत दिन र अपराधलाई पूर्ण उन्मुलन गर्न विशेष अदालत, आयोग, कार्यदलको कानूनी प्रावधान राख्ने, क्षतिपूर्ति र दण्डको प्रावधान राख्ने, जातीय दुर्व्यवहारका पीडित पक्षलाई न्याय दिने विशेष सहयोग नभई हुँदैन । यसो गर्दा मात्र दलित समुदायले सार्वजनिक सेवा सुविधाका क्षेत्रमा निर्भयका साथ साझेदारी गर्न पाउँछन् । यस बाहेक, राज्यले दलित समुदायको सर्वांगीण विकासका लागि विशेष आर्थिक उत्थान लगायतका गुरु-योजनाहरु तय गरेर लागू गर्नु पर्दछ ।

राज्यसत्ता, शासन-प्रशासन, साधन-स्रोतमा इतिहासदेखि नै हालसम्म सवर्ण समुदायको एकाधिकार रहँदै आएको हाम्रो मुलुकमा दलित समुदायलाई सीमित साझेदारी आरक्षणले प्रदान गर्ने, अनि उनीहरु सबल एवं सवर्णसरह समान बन्ने डरले नै यथास्थितिवादीहरुले आरक्षणको विरोध गर्छन् । आरक्षण होइन, विशेष कार्यक्रममार्फत् उत्थान गर्ने अवसर दिने लिने अमूर्त कुराले फेरि पनि जातिवादी शक्ति, पार्टी, नेताको दलाली गर्न टाठाबाठालाई लालचित पार्छ, तर दलितले दलित समुदायको तर्फबाट राज्यको शासन-प्रशासन, साधन-स्रोत, सेवा शिक्षामा समान अवसर पाउन सक्तैन । यसर्थ, तत्कालका लागि दलित समुदायले आरक्षणलाई उपयोग गर्दै शिक्षित, सबल, संगठित बन्दै सामाजिक समानता, न्याय एवं समानजनक बाँच्न पाउने पूर्ण जनवादी शासन व्यवस्थामा पुग्ने लक्षतिर निरन्तर अघि बढ्नु पर्छ । ❑

स्रोतः ◆ समानता, अंक ४ ◆ दलित समुदायो समस्या विषयक राष्ट्रिय परामर्श कार्यक्रमको कार्यपत्र ◆ जनशक्ति मोर्चा १९९६: वामपन्थ और अंबेडकरवाद कि चुनौतियाँ ◆ डा. आर.जि.सिंह (१९८६) भारतीय दलितो कि समस्याएँ एवं उनको समाधान ◆ शिवशर्मा र देवेन्द्र क्षेत्री (०५४) नेपालमा गरिबीको अध्ययन, एप्रोस्क ◆ केन्द्रीय तथ्यांक विभाग, जनगणना २०४९, काठमाडौं

रोचक — कति हेरफेर भयो गएको सय वर्षमा ?

सन् १९०० मा — *अहिले सन् १९९८ मा*

वेलायती साम्राज्यको साइज

यो साम्राज्यमा २ करोड ८० लाख वर्ग किलोमिटर क्षेत्रफल थियो । ४० करोड जनसंख्या यसमा थिए । अर्थात्, विश्वको कूल भूभागको ३० प्रतिशत र जनसंख्याको २५ प्रतिशत यसमा थिए ।

अहिले यसको क्षेत्रफल ३० लाख वर्ग कि.मी. छ । र, ६ करोड मानिस यो साम्राज्यमा छन् ।

विश्वको जनसंख्या

१.६ अरब — ५.९ अरब

विश्वभरि बेचिएको कार संख्या

४००० वटा — ५ करोड ४० लाखवटा

विश्वको कच्चा तेल उत्पादन

१.५ करोड व्यारेल प्रति वर्ष — २४ अरब व्यारेल प्रति वर्ष

विश्वमा जंगलले ढाकिएको भूमि

६ अरब हेक्टर — ३.२ अरब हेक्टर

विश्वको सबभन्दा अग्लो भवन

इफेल टावर, पेरिस, ३०० मिटर — पेट्रानास टावर, क्वालालम्पुर, ४५२ मिटर

मान्छेको सरदर आयु

अमेरिकामा- ४७ वर्ष	७६ वर्ष
जापानमा- ४४ वर्ष	८० वर्ष
इटालीमा- ४४ वर्ष	७८ वर्ष
मेक्सिकोमा- ३३ वर्ष	७४ वर्ष

◆ स्रोतः *Time, April 11, 1998*



हाइड्रोजन बम के हो र कसरी बनाइन्छ ?

हालै भारतको पोखरनमा भारतीय वैज्ञानिकहरुले जमीनमुनि बिस्फोटन गराएका पाँच नाभिकीय बमहरु (nuclear bomb) मध्ये एक हाइड्रोजन बम पनि समावेश भएको थियो । झण्डै ४५ किलोटन (l6=Pg=l6=, TNT= Trinitrotuluene, c7H5-(No2)3= फिक्का पहेंलो दानादार अति उच्च बिस्फोटन स्वभावको ठोस पदार्थ, जसको पग्लने विन्दु (m.p.) ८२ डिग्री सेन्टीग्रेड हो ।) क्षमता भएको उक्त बम बिस्फोटन हुँदा जमीनमुनि बिस्फोटन बिन्दुको वरिपरि करिब १ करोड डिग्री सेन्टिग्रेड अर्थात् सूर्यको केन्द्रमा भन्दा ७ गुना बढी ताप उत्पन्न भएको कुरा जनाएको छ । त्यस क्षणमा हाइड्रोजन बमको सम्पूर्ण पदार्थ र वरपरका चट्टानहरु वाफमा परिणत भए । यदि त्यो हाइड्रोजन बम जमीनमाथि बिस्फोटन गराइएको भए त्यसले दर्जनौं हिरोशिमाहरुलाई एकै क्षणमा भष्म बनाउन सक्तथ्यो ।

यति धेरै शक्तिशाली हाइड्रोजन बम वास्तवमा के हो र यो कसरी बनाइन्छ ?

आउनुहोस्, यसबारे एकछिन चर्चा गरौं ।

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले सन् १९०५ मा उनको प्रख्यात शक्तिको सूत्र E= mc2 (E= शक्ति, m= पिण्ड र अ प्रकाशको गति) पत्ता लगाए । उनले त्यही सूत्रलाई आधार बनाई पदार्थ र शक्ति एक अर्कामा बदलिन सक्छन् र थोरै मात्र पनि पदार्थलाई शक्तिमा बदल्न हामी सफल हुन्छौं भने अकल्पनीय शक्ति प्राप्त हुन्छ भन्ने सिद्धान्त पेश गरे ।

आइन्स्टाइनको यही सूत्रलाई आधार बनाई सन् १९४१ मा अमेरिकी सरकारको अनुरोधमा परमाणु बम बनाउनको लागि अमेरिकी वैज्ञानिक ओपन हाइमरले वैज्ञानिकहरुको एक टोलीको नेतृत्व गरे । र, उनले सन् १९४५ मा विश्वमा पहिलो पटक परमाणु बमको विकास गरे ।

वैज्ञानिक ओपन हाइमरले निर्माण गरेका परमाणु बमहरु नै सन् १९४५ मा अमेरिकाले जापानको हिरोशिमा र नागाशाकी शहरमा खसालेर लाखौं निर्दोष जापानीहरुको हत्या गरेको थियो ।

ती र त्यस्ता प्रकारका परमाणु बमहरु परमाणुमा नाभिकीय कोष-उपकोषाभाजन प्रतिक्रिया (nuclear fission reaction) बाट बिस्फोटन हुन्छन् र ठूलो मात्राको विनाशकारी शक्ति उत्पन्न हुन्छ । यस प्रतिक्रियामा यूरानियम वा प्लुटोनियम जस्ता भारी परमाणुको नाभिकलाई धिमा गतिको न्यूट्रोनले प्रहार गरी बिस्फोटन गराइन्छ । त्यसरी बिस्फोटन हुँदा परमाणुको नाभिक (nucleus) टुक्रिएर अरु नै दुई भिन्न तत्वका परमाणुहरु बन्न पुग्दछन् र त्यसबेला केही न्युट्रोनहरु उछिट्टिएर जानुका साथै ठूलो मात्रामा अकल्पनीय शक्ति पैदा हुन्छ । तर, हाइड्रोजन बम ती परमाणु बमहरु भन्दा भिन्नै किसिमले विस्फोटन हुन्छ र यसले अझ बढी विनाशकारी शक्ति पैदा गर्दछ ।

हाइड्रोजन बम नाभिकीय कोष संयोजन प्रतिक्रिया (nuclear fusion reaction) बाट विस्फोटन हुन्छ । अर्थात् यस प्रतिक्रियामा कुनै दुई परमाणुहरुका नाभिकहरु संयोजन भई कुनै अर्कै तत्वको परमाणु बन्न पुग्छ र त्यस क्षणमा त्यहाँ ठूलो मात्रामा शक्ति बाहिर निस्कन्छ । वास्तवमा सूर्य र अन्य ताराहरुमा ठूलो मात्रामा निरन्तर शक्ति पैदा हुन यही 'कोषासंयोजन प्रतिक्रिया' ले भूमिका खेलेको हुन्छ ।

परमाणुका नाभिकहरु ठूलो शक्तिको दबाबबाट जब एक आपसमा टकराउन पुग्छन्, तब नाभिकहरु बीच भएको विकर्षणको शक्ति पराजित भई एक अर्कामा मिसिन पुग्छन् र तिनीहरुले एउटै नाभिक बनाउन पुग्छन् । अर्थात्, दुई परमाणुहरु एउटै परमाणुमा बदलिन्छन् । यस अवस्थामा त्यहाँ केही प्राथमिक कणहरु (elementary particles) उछिट्टिएर बाहिर निस्केर स्वतन्त्र हुन पुग्नुको साथै त्यहाँ ठूलो मात्रामा शक्ति बाहिर निस्कन्छ । तर, यो कोषासंयोजन प्रतिक्रियाको लागि ठूलो मात्राको ताप शक्ति (लाखौं डिग्री सेन्टिग्रेड) जरुरी हुन्छ । त्यसकारण, यो 'कोषा-संयोजन प्रतिक्रिया' लाई ताप नाभिकीय प्रतिक्रिया (Thermonuclear reaction) पनि भनिन्छ ।

कोषासंयोजन प्रतिक्रिया गराउँदा प्रतिक्रियामा आउने परमाणुहरु जति भारी हुन्छन्, प्रतिक्रिया गराउन त्यति नै बढी ताप शक्तिको जरुरत पर्दछ । त्यसैले यस प्रतिक्रियाको लागि यूरानियम र प्लुटोनियम जस्ता भारी परमाणुहरु समावेश गर्न कठीन पर्छ । यही कारणले गर्दा वैज्ञानिकहरुले 'कोषा-संयोजन प्रतिक्रिया' को लागि सबभन्दा हलुका तत्व हाइड्रोजन र यसका आइसोटोपहरु (फरक न्यूट्रोन संख्या भएका उही तत्वहरु) छानेका हुन् ।

हाइड्रोजनको नाभिकमा प्रोटोन मात्र हुन्छ भने हाइड्रोजनका आइसोटोपहरु डेउटेरियम (deuterium) र ट्राइटियम (tritium) का नाभिकहरुमा एउटा प्रोटोन बाहेक क्रमशः एक र दुई न्यूट्रोनहरु पनि हुन्छन् । स्मरणीय के छ भने, हाइड्रोजन, डेउटेरियम र ट्राइटियम परमाणुहरु सबैमा एउटा प्रोटोन र एउटा इलेक्ट्रोन रहेका हुन्छन् ।

सूर्यमा डेउटेरियम र ट्राइटियम बीच नाभिकीय कोषा-संयोजन प्रतिक्रिया भई हिलियम भन्ने तत्व निर्माण हुन्छ र त्यो प्रतिक्रियाबाट त्यहाँ ठूलो मात्रामा ताप शक्ति पैदा हुन्छ । हाइड्रोजन बममा पनि यही प्रतिक्रिया गराई बिस्फोटन गराइन्छ ।

हाइड्रोजन बममा डेउटेरियम र ट्राइटेरियम बीच 'नाभिकीय कोषा संयोजन प्रतिक्रिया' गराउन चाहिने ताप शक्तिको लागि शुरुमा यूरानियम वा प्लुटोनियमबाट बनेको एक सानो परमाणु बम बिस्फोटन गराइन्छ, जुन हाइड्रोजन बम संगै जोडिएको हुन्छ । 'नाभिकीय कोषा-उपकोषाभाजन प्रतिक्रिया' बाट सानो परमाणु बम बिस्फोटनबाट प्राप्त लाखौं डिग्री सेन्टिग्रेड तापक्रमको तापशक्तिबाट नै हाइड्रोजन बममा राखिएको डेउटेरियम र ट्राइटियम बीच नाभिकीय कोषासंयोजन प्रतिक्रिया हुन्छ र हाइड्रोजन बिस्फोटन हुन्छ । ठूलो ताप शक्ति दिई नाभिकहरु संयोजन गराएर बिस्फोटन गराउने भएकोले हाइड्रोजन बमलाई तापनाभिकीय डिभाइस (thermonuclear device) पनि भनिन्छ । हाइड्रोजन बम बनाउन आवश्यक डेउटेरियम र ट्राइटियम तत्वहरु पारमाणविक शक्ति रियाक्टर (nuclear power reactor) मा प्रयोग गरिने भारी पानी (हाइड्रोजनलाई डेउटेरियमले विस्थापन गरेको) बाट प्राप्त गरिन्छ ।

वास्तविक हाइड्रोजन बमको एउटा विशेषता के छ भने, यो बिस्फोटन गराउँदा परमाणु बममा जस्तै यसमा कुनै विकिरण निस्कँदैन । किनकि, यसमा हाइड्रोजनका आइसोटोपहरुबीच नाभिकीय संयोजन प्रतिक्रिया भएको हुन्छ । परमाणु बम बिस्फोटन हुँदा भारी रेडियो एक्टिभ परमाणुहरु (यूरानियम व प्लुटोनियम) विखण्डित हुने भएकोले त्यहाँ ठूलो मात्रामा विकिरण निस्कन्छ ।

विश्वमा सबभन्दा पहिले अमेरिकाले सन् १९५४ मा प्रशान्त महासागरीय टापु बिकिनी अटोलमा हाइड्रोजन बमको परीक्षण बिस्फोटन गराएको थियो । त्यसको क्षमता १५ मेघाटन (अर्थात् १५००० किलोटन) को थियो । त्यो बम बिस्फोटन गराउँदा १ अरब ८० करोड डिग्री सेन्टिग्रेड ताप उत्पन्न भएको थियो, जुन पृथ्वीमा अहिलेसम्म प्राप्त सबभन्दा ठूलो तापक्रम हो ।

❑ तुल्सीदास महर्जन

स्रोतः The Hindu

हाइड्रोजन बम परमाणु बमहरु भन्दा भिन्नै किसिमले विस्फोटन हुन्छ र यसले अझ बढी विनाशकारी शक्ति पैदा गर्दछ ।

जनतालाई मिच्ने सामन्तहरूको स्वभाव हाम्रा नेताहरूमा पनि विद्यमान छ

◆ श्यामप्रसाद शर्मा ◆

श्यामप्रसाद शर्मा नेपाली प्रगतिवादी साहित्यिक आन्दोलनका एक सशक्त र दीर्घसेवी व्यक्तित्व हुनुहुन्छ । प्रगतिवादी निबन्ध र सैद्धान्तिक समालोचनामा विशेष योगदान दिई प्रसिद्ध हुनुभएका उहाँले एक दर्जनभन्दा बढी संख्यामा निबन्ध, समालोचना तथा अनुवाद साहित्यका पुस्तक-पुस्तिकाहरू प्रकाशित गरिसक्नु भएको छ । यी बाहेक, उहाँका थुप्रै थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर प्रकाशित भएका छन् । नेपालमा २००९ सालमा उहाँकै पहलमा 'प्रगतिशील लेखक संघ' को स्थापना भएको थियो ।

वि.सं. १९८६ साल असार ६ गते पिता जोगनाथ लामिछाने र माता हुतप्रिया लामिछानेको कोखबाट एक मात्र सन्तानको रूपमा सोलिथुम गाउँ, मकवानपुरमा जन्मनु भएका श्यामप्रसाद शर्मा (लामिछाने) साहित्यिक व्यक्तित्व मात्र नभई एक राजनीतिक व्यक्तित्व पनि हुनुहुन्छ । आमाको मृत्युपछि ५/६ वर्षको उमेरमै बाबुसँग वीरगञ्जमा बसाइँसराई गरेका उहाँको बालककालको धेरै समय वीरगञ्जमै बित्यो । त्यहींबाट वाम राजनीतितिर आकर्षित भएका श्यामप्रसाद शर्मले २००९ सालमा कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभयो । २००७ सालसम्ममा तीन पटक जेल पर्नुभएका उहाँले २०२४ सालसम्म लगातार कम्युनिष्ट पार्टीका विभिन्न तहहरूमा बसी सक्रियतापूर्वक काम गर्दै आउनुभयो । २०२४ सालमा 'नेपाल कम्युनिष्ट संगठन' नामको एक भूमिगत संगठन खोलेर 'उहाँ पनि भूमिगत हुनुभयो । उहाँ २०४६ सालको जनआन्दोलनपश्चात बहुदलीय व्यवस्थाको पुनर्बहालीपछि मात्र पुनः सार्वजनिक हुनुभएको हो । प्रस्तुत छः ६९ वर्षीय श्यामप्रसाद शर्मासँग मूल्यांकनले गरेको ताजा कुराकानीको सारसंक्षेप ।

◆ तुल्सीदास महर्जन

के गर्दै हुनुहुन्छ, के सोच्दै हुनुहुन्छ साहित्यकार तथा राजनीतिज्ञ श्यामप्रसाद शर्मा ?

० श्यामप्रसादज्यू, हाल तपाईको दिनचर्या कसरी चलिरहेको छ ?

-म आफ्नो दिनचर्यालाई धेरैजसो नियमित नै गर्न खोज्छु, तर समय परिस्थितिले गर्दा कहिलेकाही गडबड हुन जान्छ । साधारणतयाः सात घण्टा सुत्नमा, दुई घण्टा लेख्नमा, दुई घण्टा पढ्नमा, दुई घण्टा भेटघाट गर्नमा, दुई घण्टा खानपीन गर्नमा तथा बाँकी अन्य समय दैनिक व्यक्तिगत काममा लगाउने गरी समय तालिका मिलाइराखेको छु ।

० तपाई बिहान कति बजे उठ्नु हुन्छ ?

-अक्सरतया म बिहान चार बजे नै उठ्ने गर्छु र बेलुका त्यहीअनुसार छिट्टै सुत्ने गर्छु । तर मेरो घर नभएको हुनाले पाहुनाको रुपमा कहिले कहाँ, कहिले कहाँ बस्छु । त्यसो भएको हुनाले कहिलेकाहीं आफू बस्ने घरको परिस्थितिअनुसार पनि सुत्ने र उठ्ने गर्छु ।

० काम गर्दा गर्दा थकान भएको बेलामा तपाईलाई मनोरञ्जन गरुँ जस्तो लाग्छ कि लाग्दैन ? मनोरञ्जन गर्न मन लाग्दा कसरी मनोरञ्जन गर्नु हुन्छ ?

-बूढाबूढीहरुसंग, केटाकेटीहरुसग तथा अन्य व्यक्तिहरुसंग कुराकानी गर्दा वा पत्रपत्रिकाहरु पढ्दा पनि सामान्यतया मनोरञ्जन भइरहेकै हुन्छ । कहिलेकाहीं म टि.भि. पनि हेर्ने गर्छु । टि.भि.मा पनि म जथाभावी कार्यक्रमहरु हेर्दिनँ । मह जोडी, सन्तोष पन्त, हास्यव्यंग्य कार्यक्रम तथा सामाजिक खालका टेलिफिल्महरु म हेर्ने गर्छु । कहिलेकाहीं 'बलिदान' जस्ता देशभक्ति दर्शाउने खालका फिल्महरु पनि हेर्ने गर्छु ।

० टेलिभिजनको कार्यक्रम तथा फिल्महरु हेर्दा तपाई कुन दृष्टिकोण लिएर हेर्नुहुन्छ ?

-हामी समाजको हित गर्ने काममा अघिदेखि लागि आएको हुनाले जुनसुकै रचना हेर्दा, मान्छे भेट्दा वा फिल्म, कार्यक्रम हेर्दा देशको लागि यो कति काम लाग्ला भन्ने दृष्टिकोण लिएर नै हेर्ने गर्छु । टेलिफिल्महरु तथा फिल्महरु हेर्दा पनि त्यो कत्तिको देशको हितमा बनेको छ ? देशको लागि कत्तिको काम लाग्ला ? कुन दृष्टिकोण लिएर बनाएका हुन्, भन्ने कुरालाई ध्यान दिएर हेर्ने गर्छु । साथै, कलाकारहरुको अभिनयलाई पनि ध्यान दिने गर्छु ।

० हाल तपाईको जीविका कसरी चलिरहेको छ ?

-मैले विभिन्न पुरस्कारहरुबाट केही रकम पाएको छु । अहिले त्यही रकम, मेरो पेन्सन जस्तो भइरहेको छ र त्यसैबाट मैले आफ्नो गुजारा चलाइरहेको छु । कहिलेकाहीं पत्रपत्रिकाहरुमा लेख निक्लेको बेला कुनै कुनै पत्रिकाले केही पारिश्रमिक दिन्छन् । अरु स्रोत भने मसंग केही पनि छैन । तै पनि मैले आफ्नो पुरस्कारको पैसा खानमा मात्र सिध्याउने गरेको छैन । त्यस पैसाबाट मेरा पुस्तकहरु निकाल्नेहरुसंग कम्तिमा १००/१०० प्रति किनेर उहाँहरुलाई सहयोग पनि गर्ने गरेको छु । यसरी प्रकाशनको लागि र दैनिक गुजाराको लागि गरी करिब करिब चार हजार जति एक महिनामा खर्च लाग्छ ।



० तपाई एकजना राजनीतिक तथा साहित्यिक व्यक्तित्व हुनुहुन्छ । साहित्यिक क्षेत्रमा त तपाई प्रगतिशील लेखक संघसंग सम्बन्धित भएर काम गरिरहनु भएको छ । राजनीतिक गतिविधि चाहिं कसरी चलिरहेको छ ?

-राजनैतिक पक्षमा पनि म पहिलेदेखि नै वैचारिक पक्षमा सक्रिय हुँदै आएको थिएँ । अहिले म कुनै पार्टीसग सम्बन्धित छैन र आफ्ना रचनाहरुमार्फत् विचारहरु दिने गरिरहेको छु ।

० तपाई लामो समयदेखि नेपालको साहित्यिक तथा राजनैतिक क्षेत्रमा लागिरहनु भएको छ । शुरुमा तपाई कसको प्रेरणाबाट यस क्षेत्रमा लाग्नुभयो ?

-वीरगंजमा मेरो घरमा मनमोहन अधिकारीका माइला बुबा रामहरि अधिकारी डेरामा बस्नु हुन्थ्यो । उहाँको परिवार नै राजनैतिक परिवार थियो र धेरैजसो राजनैतिक व्यक्तित्वहरु उहाँसंग भेट्न आइरहन्थे । फेरि भरतमोहन त मेरो बच्चैदेखिको साथी थियो र मनमोहनसंग पनि बेला-बेलामा भेटघाट भइरहन्थ्यो । त्यसो हुँदा मैले बालकै कालदेखि राजनैतिक गतिविधिबारे जान्ने मौका पाएँ र राजनीतिमा लाग्न थालें ।

त्यस्तै, साहित्य क्षेत्रमा पनि तीनजना व्यक्तिहरुको प्रभाव ममा परेको छ । एकजना, मेरो व्रतबन्धमा गायत्री मन्त्र सिकाउने गुरु कृष्णचन्द्र अर्याल । उहाँ मध्यकालीन लेखक हुनुहुन्थ्यो र गोरखापत्रको सम्पादकको काम पनि गर्नु हुन्थ्यो । उहाँले मलाई 'मकैको खेती' जस्ता साहित्यदेखि लिएर अन्य साहित्यहरुको बारेमा पनि बताइरहनु हुन्थ्यो । साथै, उहाँका पुस्तकहरु तथा लेखहरु पनि मैले पढ्थें । अर्का मेरा दुइजना गुरुहरु हुनुहुन्छ । म ७/८ कक्षामा वीरगंजमा पढिरहेको बेलामा एकजना मुकुटधारी लालदास र अर्को पशुपति धौभडेल । यी दुईजना शिक्षकहरुले हामीलाई साहित्यिक कुराहरु सुनाउने तथा रचनाहरु लेख्न प्रेरणा दिने गर्नु हुन्थ्यो । यसैबाट मैले लेखन क्षेत्रमा हात हाल्न शुरु गरें ।

० तपाईंले औपचारिक शिक्षा कतिसम्म प्राप्त गर्नु भएको छ ?

-मैले औपचारिक शिक्षा प्राप्त गरेको भनेको म्याट्रिकसम्म मात्र हो । म दश कक्षामा पढिरहेको बेलामा गणेशमानसिंह, कृष्णप्रसाद भट्टराई, दयासिंह मुन्सीजी आदि रक्सौलमा बस्नु हुन्थ्यो । उहाँहरुसंग मेरो सम्पर्क थियो । २००४ सालको सत्याग्रह आन्दोलनमा म पनि सक्रियतापूर्वक लागें । बारा, रौतहट तथा पर्सामा भएको सत्याग्रहको शुरुमै म जेल परें । यसले गर्दा मेरो र मेरा साथीहरुको नाम स्कूलबाट काटियो । पछि मदनमणि दीक्षित हेड मास्टर भएर आउनु भएको बेला 'माफी माग, मैले स्कूलमा फेरि भर्ना गराइदिउँला' भन्नु भएको थियो । तर हामीले माफी मागेनौं । पछि म र मेरा साथीहरुले भारतको मोतिहारीबाट म्याट्रिक परीक्षा दियौं । तर मैले पास गर्न सकिनँ । त्यसपछि घरको आर्थिक परिस्थितिले गर्दा आमालाई पाल्न र म आफैं पालिनको लागि पनि मैले कमाउनतिर लाग्नु पर्‍यो । त्यसो हुँदा मेरो औपचारिक शिक्षा अगाडि बढ्न सकेन । पछि मैले आफ्नै स्व-अध्ययनबाट मेरो अध्ययन स्तर उकासें ।

० तपाईं कम्युनिष्ट पार्टीमा कहिलेदेखि कसरी लाग्नु भयो ?

-शुरुमा म राजनीतिमा लाग्दा नेपाली राष्ट्रिय कांग्रेसमा थिएँ । त्यही



भद्रगोल जेलमा रहँदा मेरो सम्पर्क टंकप्रसाद आचार्य, रामहरि शर्मा, चुँडाप्रसाद शर्मा आदिसंग भयो । टंकप्रसाद आचार्यसंगको सम्पर्कमा रहँदा म समाजवादी विचारतिर आकर्षित हुँदै गएँ ।

पार्टी अन्तरगत रहेर सक्रियतापूर्वक काम गरिरहें । त्यसरी काम गर्दा २००४ सालदेखि ७ सालसम्म पटक पटक गरी म ३ पटक जेलमा परें र वीरगज, नख्खु तथा भद्रगोल जेलमा बसें ।

भद्रगोल जेलमा रहँदा मेरो सम्पर्क टंकप्रसाद आचार्य, रामहरि शर्मा, चुँडाप्रसाद शर्मा आदिसंग भयो । टंकप्रसाद आचार्यसंगको सम्पर्कमा रहँदा म समाजवादी विचारतिर आकर्षित हुँदै गएँ । ७ सालमा जेलबाट बाहिर निक्लेपछि मैले कम्युनिष्ट पार्टीसंग सम्बन्ध राख्न थालें । ९ सालमा मैले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरें ।

० दोस्रो पटक जेलबाट निक्लेपछि तपाईंले एउटा 'पाँच भाइ संगठन' खोल्नु भएको थियो भनिन्छ, त्यो के हो ?

-यो शायद २००५/६ सालको कुरा हो । जेलमा बसेका साथीहरुलाई सहयोग गर्ने उद्देश्यले म, रमेश विकल, सीतादेवी शर्मा र अन्य एकजना गरी चार जनाको एउटा स्वतन्त्र संगठन बनाएका थियौं र एकजना पछि थप्ने निर्णय पनि गरेका थियौं । तर पछि म जेल परिहालें, थप्न पाइएन । त्यस संगठनले 'कोशेली' भन्ने हस्तलिखित पत्रिका पनि निकालेको थियो । त्यसको साथै, हामीले गोप्य रुपबाट जेलमा सामानहरु तथा विभिन्न समाचारहरु आदानप्रदान गर्ने पनि गरेका थियौं ।

० २०२४ सालदेखि त तपाईं सार्वजनिक जीवनबाट अलप नै हुनुभयो । ९ देखि २४ सालसम्मको अवधिमा तपाईंले कम्युनिष्ट पार्टीको कुन कुन तहमा बसेर काम गर्नुभयो ?

-शुरुमा मैले वीरगंजको नगर कमिटीमा बसेर काम गरें । त्यसपछि पर्सा जिल्ला समितिको सचिव भएँ र प्रथम महाधिशनमा प्रतिनिधि भएर भाग पनि लिएँ । १० सालतिर पार्टीले काठमाडौंमा एउटा छापाखाना चलाइरहेको थियो । मलाँई त्यसको प्रबन्धकको रुपमा काम गर्न लगाइयो । तर पार्टीको अव्यवस्थित काम कारवाहीले गर्दा मलाई त्यहाँ बसेर काम गर्न असजिलो भयो । त्यसैले मैले ११/१२ सालतिर पार्टी छोडेर स्वतन्त्र रुपमै काम गर्न शुरु गरें । र, पार्टीलाई बेला बेलामा सघाउने गरिरहें ।

तर २०१७ सालपछि देशमा भएको प्रतिक्रान्तिले म चूप लागेर बस्न सकिनँ । भूमिगत बसिरहेका पुष्पलाल श्रेष्ठसंग मैले सम्पर्क गरें । उनले मलाई बागमती अंचलको जिम्मा दिए र उनी आफू पार्टीको तेस्रो महाधिवेशनको तयारी गर्न भारत गए । यता मैले सुशीलचन्द्र अमात्य, काइँला बा, सिद्धिलाल सिंह तथा निर्मल लामासंग मिलेर बागमती अंचलको पुनर्गठन गरें । यसरी हामीहरुले काम गरिरहयौं । पछि निर्मल लामा जेल परेपछि बागमती अंचल कमिटीको बैठकको सर्वसम्मतिबाट २४ सालदेखि म पनि भूमिगत भएर काम गर्न थालें ।

० २०१९ सालमा भएको तेस्रो महाधिवेशनपछि त पुष्पलाल तथा तुल्सीलालको नेतृत्वमा गरी पार्टी दुई टुक्रामा विभाजित भयो । तपाईंहरु कस्को नेतृत्वमा बस्नुभयो ?

-बागमती अंचलको पुनर्गठन गर्ने तथा पार्टीको तेस्रो महाधिवेशनमा प्रतिनिधि पठाउने जिम्मा त पुष्पलालले नै दिनुभएको थियो । त्यसैले, हामीहरु २०२४ सालसम्म पुष्पलालकै पार्टी अन्तरगत रहेर काम गरिरहयौं । पछि पार्टीभित्र विभिन्न मतभेद शुरु हुनुको साथै पेलपाल तथा हालिमुहाली शुरु हुन थाल्यो । यो कुरा मलाई मन परेन । त्यसैले, २५/२६ सालतिर मैले आफ्ना विचारसंग सहमत भएका आफूलाई विश्वास गर्नेहरु तथा मेरो नेतृत्वलाई स्वीकार्नेहरुलाई समेटेर 'नेपाल कम्युनिष्ट संगठन' नामक एउटा संगठनको निर्माण गरें ।

० त्यो संगठनमार्फत् तपाईंहरुले के कस्ता कामहरु गर्नुभयो ?

-त्यस संगठनमार्फत् हामीले महिला, युवा, प्रौढ, विद्यार्थी, बुद्धिजीवी तथा बाल संगठनहरु निर्माण गरेर उनीहरुलाई संगठित गर्ने तथा उनीहरुबीच गएर कामहरु गर्ने गर्‍यौं । साथै, विभिन्न ठाउँहरुमा पार्टी विस्तार गर्ने तथा पार्टी प्रकाशनहरु प्रकाशित गर्ने र त्यसैबाट पार्टी सदस्यहरु तथा जनवर्गीय संगठनका सदस्यहरुको कक्षा चलाउने तथा उनीहरुलाई सचेत गर्ने कामहरु गर्‍यौं र आन्दोलनलाई सघाउने कामहरु गर्‍यौं ।

० त्यो संगठन खास गरी भौगोलिक रुपले कहाँ कहाँ क्रियाशील थियो ?

-वैचारिक रुपले त नेपालभरि नै यसको प्रभाव थियो । संगठनात्मक रुपले चाहिं बागमती अंचल तथा त्यसको नजिकका अंचलहरुमा क्रियाशील थियो ।

० त्यो संगठन कति सालसम्म क्रियाशील रह्यो ?

-मोटामोटी रुपमा ४६ सालको

जनआन्दोलनसम्म क्रियाशील थियो । आन्दोलनपछि कुनै साथीहरु अरु संगठनमा लाग्नु भयो । कुनै साथीहरु स्वतन्त्र बस्नु भयो ।

० त्यस संगठनमा रहेर काम गर्ने साथीहरु को को हुनुहुन्छ ? भन्न मिल्ला ?

-बाहिर प्रकाशित भएका नाउँहरुमध्ये एकजना तनहुँका शेषमणि आचार्य हुनुहुन्छ । उहाँ मण्डकी अंचलका १००/१५० जना साथीहरुसहित ४६ सालपछि एमालेमा प्रवेश गर्नुभयो । अरु साथीहरुको नाम भने अहिलेसम्म गोप्य नै रहेको छ । त्यो नाम मैले खुल्ला गर्न मिल्दैन ।

० त्यस संगठनले ४६ सालको आन्दोलनमा कस्तो भूमिका खेलेको थियो ?

-विशेष गरेर उपत्यकाभित्र हाम्रा साथीहरुले सक्रिय भूमिका नै खेलेका थिए । अरु क्षेत्रहरुमा जो जो जहाँ जहाँ छन्, उनीहरुले आफ्ना जागिरलाई तथा व्यवसायलाई हानी नहुने गरी आन्दोलनमा सकारात्मक भूमिका नै खेलेका थिए ।

० तपाईले साहित्यमा दलगत राजनीतिको गन्ध पर्न दिनु हुँदैन भन्ने सोच राख्नु भएको छ, त्यो दलगत गन्ध भनेको के हो ?

-मानिसहरुको जीवनमा राजनीति, साहित्य, संस्कृति, शिक्षा आदि पक्षहरु हुन्छन् । तिनीहरुको आ-

साहित्यबाटै जिन्दाबाद र मुर्दावादका नारा दिन थालियो भने त्यस्ता खालका साहित्य सबैलाई मन पर्दैन र त्यसको आलोचना हुन जान्छ ।

आफ्नै रुप हुन्छन् । राजनीतिले प्रत्यक्ष रुपमा नै राजनीतिक कुराहरु दिन्छ, तर साहित्यले परोक्ष रुपमा राजनीतिक कुराहरु दिन्छ । साहित्यबाटै जिन्दाबाद र मुर्दावादका नारा दिन थालियो भने त्यस्ता खालका साहित्य सबैलाई मन पर्दैन र त्यसको आलोचना हुन जान्छ । त्यसैले, साहित्यमा ठाडो राजनीति नआओस् भन्ने मात्र मेरो अभिप्राय हो । तर त्यसो भन्दैमा साहित्यमा राजनैतिक गन्ध नै आउनु हुँदैन भनेको होइन । आन्दोलनको समयमा गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ भन्ने खालका साहित्य पनि आउनु पर्छ ।

० नेपाली कम्युनिष्ट आन्दोलनमा लागेका नेताहरु तथा अन्य व्यक्तिहरुको जीवन-संस्कृति तपाईले कस्तो देख्नु भएको छ ?

-संस्कृति तथा वैचारिक पक्ष भनेको मानिसहरुको चालक शक्ति हो । संगठन तथा हतियार भनेको त माध्यम मात्र हो । संगठन तथा हतियारलाई कसरी सदुपयोग गर्ने भन्ने कुराको निर्णायक भूमिका वैचारिक पक्षको वा संस्कृतिको हुन्छ । त्यसैले, संगठन तथा हतियार चलाउनेहरुको संस्कृति उच्च स्तरको हुनुपर्छ ।

तर नेपालका नेताहरुमा सामन्तवादी संस्कृति हावी छ । सामन्तहरुको जनतालाई मिच्ने जुन स्वभाव छ, त्यो हाम्रा नेताहरुमा पनि विद्यमान छ । यो संस्कृति नेताहरुमा मात्र नभई घर घर, पार्टी पार्टीमा तथा व्यक्ति व्यक्तिमा पनि हावी छ ।

० नेपाली कम्युनिष्ट आन्दोलनमा हावी भएको यो सामन्ती संस्कृतिबाट मुक्त गरेर आन्दोलनलाई कसरी अगाडि बढाउन सकिएला त ?

-हाम्रो सामाजिक परिपाटी नै सामन्तवादी संस्कृति हावी भएको परिपाटी हो । त्यसको प्रभाव त व्यक्तिमा पर्ने भइहाल्यो । त्योसंग जुध्दै जान सकियो भने मात्र त्यसको छाप कम भएर जानसक्छ । त्योसंग जुध्न सकिएन भने त त्यो संस्कृति जस्ताको तस्तै रहने हुन्छ । अब नेपाली कम्युनिष्ट आन्दोलनलाई यो संस्कृतिबाट मुक्त गर्ने हो भने, सर्वप्रथम नेताहरुको आफूमा भएको सामन्तवादी संस्कृतिसंग जुध्नु पर्यो, आफ्नै कमजोरीहरुसंग जुध्नु पर्यो र आफूलाई नमूनाको रुपमा समाजमा उभ्याउनु पर्यो ।

त्यसपछि पार्टीका अन्य सदस्य तथा जनताहरुलाई पनि प्रशिक्षित गर्नुपर्छ । जनताहरु पनि यो संस्कृतिबाट माथि उठ्न सके मात्रै नेताहरुको चाकरी गर्ने, उनीहरुको कुरालाई अन्ध रुपमा शिरोपर गर्ने जस्ता प्रवृत्तिको अन्त्य भएर नेताहरुको गल्ती कमजोरीलाई औल्याउन सक्ने स्थिति पैदा हुन्छ । त्यसपछि मात्र नेताहरु पनि ठीक ठाउँमा आउँछन् । त्यसैले पार्टीहरुले विविध तरिकाबाट नेताहरु, कार्यकर्ताहरु तथा जनताहरुको सांस्कृतिक स्तर उकास्ने कामहरु गरिनैरहन् पर्दछ । अनि मात्र नेपाली कम्युनिष्ट आन्दोलनलाई सामन्तवादी संस्कृतिबाट मुक्त गर्न सकिन्छ ।

० आगामी समयमा आन्दोलनलाई अझ बढी योगदान दिनको लागि तपाईसंग भावी योजना के छ ?

-मैले खास गरी, अबको आन्दोलनमा वैचारिक योगदान दिने विचार गरेको छु । यसको लागि मेरा आजसम्मका राजनैतिक तथा साहित्यिक लेखहरु प्रकाशित गर्ने योजना छ । मलाई लाग्छ, त्यसले आन्दोलनलाई वैचारिक सहयोग पुऱ्याउनेछ । किनभने, ती लेखहरु मैले पार्टीमा तथा साहित्यिक संगठनहरुमा काम गरेको अनुभवहरुको आधारमा र साहित्यमा देखापरेका प्रवृत्तिलाई ध्यान दिएर लेखेको छु ।

० अब एकछिन पुनः व्यक्तिगत मामलाको कुरा गरौं । तपाईले दुई जना श्रीमतीहरुसंग बिहा गर्नु भयो र दुवैसंग सम्बन्ध विच्छेद गर्नुभयो ? त्यो के कारणले गर्नुभयो ?

-पहिलो बिहा त मेरी आमाको करबलले मेरो स्वीकृतिबिना नै भएको थियो । त्यति बेला म राजनीतिमा लागिसकेको थिएँ । मेरी श्रीमती अनपढ तथा मेरो राजनीतिक विचारसंग मिल्न नसक्ने ज्यादै परम्परागत विचारकी थिइन् । तैपनि, मैले उनको विकास गर्न खोजें । उनलाई आफैंले पढाउन शुरु गरें र संगठनमा पनि काम गराउन खोजें । तर त्यतातिर उनको पटकै ध्यान गएन । त्यसैले उनीसंग जीवन बिताउन नसक्ने देखेर पार्टी तथा उनकै बाबुसंग सल्लाह गरेर उनीसंग सम्बन्ध-विच्छेद गरेको थिएँ ।

दोस्रो विवाह त हाम्रो दोहोरो रोजाइबाटै भएको थियो । उहाँ पनि लेखिका, म पनि लेखक थिएँ । हामीहरु संगै बसेर केही समयसम्म काम पनि गऱ्यौं । दुइटा छोरीहरु पनि जन्मे । पछि हामी पनि वैचारिक मतभेद कै कारणले छुट्टिनु पऱ्यो । म समाजवादी विचारको, उहाँ पूँजीवादी विचारको । तैपनि, हामी मिल्न सकुन्जेल संगै बसिरहने हो र मिल्न नसकेपछि छुट्टिने हो भनेर संगै बसिरहयौं । पछि म भूमिगत भएँ । उहाँले अर्कोसंग जीवन गाँस्नुभयो । मैले त्यसको विरोध गरिनँ । यसरी नै हाम्रो सम्बन्ध-विच्छेद भयो । अहिले मेरा दुईजना छोरीहरु छन् । दुवैको विवाह भइसकेको छ । र, सम्पन्न पनि छन् । म बिरामी भएँ भने, लगेर स्याहारसुसार गर्छन् । ❑

विश्व कम्युनिष्ट आन्दोलन

युरोपेली कम्युनिष्टहरूको वार्षिकोत्सव

हालै यूरोपका दुई वटा कम्युनिष्ट पार्टीहरुले आफ्नो ८० औं वार्षिकोत्सव मनाएका छन् ।

८० वर्ष अगाडि स्थापना भएको ग्रीसको कम्युनिष्ट पार्टी (CPG) ले वर्गीय संघर्ष चलाउनुका साथसाथै राष्ट्रिय समस्याहरु र प्रजातान्त्रिक अधिकारसंग सम्बन्धित मुद्दाहरुमा निरन्तर संघर्ष गर्दै आइरहेको छ । कम्युनिष्ट इन्टरनेशनलमा समेत सहभागी भएर साम्राज्यवाद र पूँजीवादविरोधी संघर्षलाई अगाडि बढाउन यसले सहयोग गरेको थियो ।

दोस्रो विश्वयुद्धको क्रममा फासीवादी आक्रमणका विरुद्ध सशस्त्र प्रतिरोध गर्ने ग्रीसको कम्युनिष्ट पार्टीको नेतृत्वमा ग्रीक कम्युनिष्टहरु अचेल फासीवादको आक्रमणका विरुद्ध संघर्ष गरिरहेका छन् । ग्रीक कम्युनिष्टहरु अहिले पनि मार्क्सवाद-लेनिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानेर साम्राज्यवादी र फासीवादी स्वरुप लिइसकेको ग्रीक पूँजीवादका विरुद्ध निरन्तर संघर्षरत छन् । ग्रीक कम्युनिष्टहरुले प्रजातान्त्रिक हक, हित र अधिकारका लागि जनस्तरीय कारवाही संचालन गर्ने, बाल्कन क्षेत्र, मध्यपूर्व र खाडी क्षेत्रमा साम्राज्यवादीहरुले गरेका षड्यन्त्र र आक्रमणहरुको विरोधमा देशका सबैजसो प्रगतिशील शक्तिहरुलाई परिचालन गर्ने काममा अगुवाई गरिरहेका छन् ।

त्यस्तै, यूरोपको अर्को कम्युनिष्ट पार्टी- कम्युनिष्ट पार्टी अफ फिनल्याण्ड (CPF) ले पनि आफ्नो ८० औं वार्षिकोत्सव भव्यतापूर्वक मनाएको छ ।

साम्राज्यवादीहरुको सैनिक संगठन NATO (नाटो) को पूर्वी यूरोपतिरको अतिक्रमणको टड्कारो खतरा र पूँजीवादीहरुको शोषण-उत्पीडनविरुद्ध फिनल्याण्डका कम्युनिष्टहरु ज्यूज्यान दिएर लडिरहेका छन् ।

फिनल्याण्डको यो कम्युनिष्ट पार्टी (CPF) को अस्सीऔं वार्षिकोत्सवको उपलक्ष्यमा भएको पार्टी महाधिवेशनले साम्राज्यवाद र पूँजीवादका विरुद्ध अरु तेज जनस्तरीय संघर्ष गर्ने घोषणा गरेको छ ।

त्यस्तै, अर्को यूरोपीय कम्युनिष्ट पार्टी जर्मन कम्युनिष्ट पार्टी (DKP) को चौथौं महाधिवेशन पनि हालै भव्यतापूर्वक सम्पन्न भएको खबर छ । नव फासिष्टहरुको बढ्दो आक्रमण र साम्राज्यवादी जर्मन शासकहरुको पेलाइका बीच भएको जर्मन कम्युनिष्ट पार्टीको यो महाधिवेशनले आफ्नो संघर्ष अझ तेज पार्ने उद्घोष गरेको छ । ❑

माइक पाएपछि छोड्दै नछोड्ने वक्ताहरू

लामो बोलेर फलानाले 'बोरै' गरे !

-चन्द्रदेव नेपाली

केही समयअघि राजधानीमा आयोजित एक साहित्यिक भेटघाटमा एकजना वक्ताले साढै नै 'बोर' गरे । 'कार्यक्रम डेढ घण्टामा सकिने छ' भनी त्यस कार्यक्रममा सहभागीहरुलाई आयोजकहरुले बल्ल बल्ल जुटाएका थिए । तर कार्यक्रम लम्बिएर साढे तीन घण्टा लामो भइसकेको थियो । अन्तिमभन्दा अगाडिका वक्ताको पालोमा उनी बोल्दै थिए । उनले यत्ति लामो बोले, उनको कुरा सुन्दा सुन्दा दिक्क लागेर आधाभन्दा बढी मान्छेहरु त उठेरै हिँडे । बाँकी मानिसहरुलाई पनि अत्यन्तै ठूलो धर्मसंकट आइलाग्यो ।

साँझ परिसकेको थियो, टाढासम्म पुग्नुपर्ने मानिसहरुलाई गाडी नपाइने डरले सताइरहेको थियो र अर्को कुनै काममा बेलैमा जानु पर्नेहरुलाई त झन् साढै नै ढिलो भइसकेको थियो ।

बल्लतल्ल उनले भाषण सके । सारा मानिसहरुले त्यतिखेर ठूलो 'राहत'को अनुभव गरे ।

बाहिर निस्कँदा सबैका मुखमा यही बाक्य झुण्डिएको थियो - "कार्यक्रम त राम्रो भयो, तर फलानाले भने ज्यादै लामो बोलेर 'बोर' नै गरे !"

❑ एकजना समाजसेवी मित्रले केही महिना अघि यस्तै गरे । उनले सभामा चाहिने-नचाहिने प्रसंगमा ज्यादै लामो व्याख्यान छाँटे र दिक्क लगाए । अरु वक्ताहरु सबैको पालो मिचिदिए । साँझ पाँच बजे विद्युत लाइन बन्द हुनेवाला थियो, बन्द भयो । अरु वक्ताहरुले माइक उपयोग गर्नै पाएनन् ।

◆ राजधानीमै अर्का एकजना चिन्तक छन्, जो आफ्नो विषयका राम्रा ज्ञाता हुन्, तर बोल्नु परेका खण्डमा उनी भूमिका बाँधनमै प्रशस्त समय लगाउने गर्छन् र वास्तवमा उनको आफ्नो क्षेत्रको खास सान्दर्भिक विषयमा बोल्न उनलाई समय नै पुग्ने गर्दैन । कम महत्वका कुराले धेरै समय खाने, तर बढी महत्वको कुराले न्यूनतम समय पनि नपाउने स्थिति उनी आफैं सिर्जना गर्ने गर्छन् ।

० हाम्रो समाजमा केही मानिसहरु यस्ता पनि छन्, जो लामो बोल्ने कारणले विद्वत वर्गबीच अत्यन्त चर्चित र बद्नाम छन् । कुराकानीमा उनीहरुको प्रसंग चल्दा मान्छेहरु हाँस्ने गर्छन् । वास्तवमा, उनीहरु साँच्चै यस्ता हुस्सू नै छन्, जसले "गाग्राको कुरा गर्दा आफू एक पटक आग्रा जाँदा त्यहाँको एक स्थानीय विद्वानसंग भएका गफहरुको विवरण" समेत प्रस्तुत गर्न थाल्छन् । आफ्नो यस्तो अवैज्ञानिक बानी देखेर अरुहरुले आफूलाई हाँसोमा उडाएको कुरा पनि उनीहरुमध्ये धेरैले चाल पाउँदैनन् ।

वास्तवमा, हाम्रो समाजमा धेरै कुराहरुमा वैज्ञानिक व्यवस्थापन हुन सकिरहेको छैन । समय परिवेशलाई बुझेर त्यसलाई उद्देश्यमूलक र दक्षतापूर्ण ढंगबाट उपयोग गर्ने होश र व्यवस्थापन कौशलको हामीमा अभाव हुनु नै यो समस्याको मूल कारण हो ।

भेला, बैठक, गोष्ठी, आमसभा, कोणसभा, अन्तर्क्रिया कार्यक्रम आदि आज हाम्रो समाजमा धेरै ठाउँमा र धेरै प्रसंगमा भैरहेका छन् । यिनमा तोकिएको समयमा कार्यक्रम शुरु हुने र तोकिएको समयमा कार्यक्रम सक्ने संस्कृतिको विकास नभएको कारण अनावश्यक रुपमा धेरैको समय र साधनको नाश भइरहेको छ । तोकिएको समयमा कार्यक्रम शुरु गर्नमा भने आजकाल आम स्तरमै पनि केही चनाखोपन विकास भएको देखिएको छ । यो चाहिं खुशीको कुरा हो । "कार्यक्रम ठीक दुई बजे शुरु हुने भएकोले साढे एकदेखि पौने दुई बजेसम्म उपस्थित भइसक्नु होला" भन्ने खालका व्यहोराहरु निम्तापत्रमै उल्लेख गर्न थालिएका पनि पाइएका छन् । यो तरीकालाई हाम्रो स्थितिमा राम्रो तरीका नै मान्नु पर्दछ । कारण, तोकेको ठीक समयमा कार्यक्रम शुरु गर्न आयोजकहरुले खोज्दा पनि सहभागीहरु "दुई बजे भनिएको छ, साढे दुई नभई कार्यक्रम के शुरु होला र ?"



गाग्राको कुराबाट शुरु गरी आग्रासम्मको बयान छाँट्ने हुस्सू वक्ताहरुले कहिले पाठ सिक्लान् ?

भन्ने मानसिकता बोकेर जानी जानी ढीलो उपस्थित हुने गरेका पनि पाइने गरेको छ। तोकेको समयमा कार्यक्रम कुनै पनि हालतमा शुरु हुने र यसरी शुरु हुन्छ भन्ने परम्परा र विश्वास स्थापित हुने स्थिति समाजमा पैदा नहुन्जेल यो "ठीक समय पनि उल्लेख गर्ने" र "उपस्थितिको निम्ति त्यस समयभन्दा २०-३० मिनेट अगाडि नै आउन अनुरोध पनि गर्ने" प्रणाली उपयोगी प्रणाली नै हो।

हामीकहाँ कार्यक्रम शुरु गर्नमा देखापर्न थालेको थोरै भएपनि यत्ति चनाखोपन कार्यक्रम ठीक र निर्धारित समयमा सक्नमा भने पटक्कै पैदा भइसकेको छैन। डेढ घण्टा जत्ति लाग्ला भनेको बैठक चार घण्टा लामो हुने, साँझ सकिनें भनेको मिटिंग आधारातसम्म लम्बिने, एकछिन भेटघाट र छलफल गरौं भनेर कुराकानी गर्न थालेको घण्टौं लाग्ने आदि स्थिति पैदा हुनुले समय मात्र हानी हुने होइन, यसले मान्छेको रुचीमाथि पनि नकारात्मक प्रभाव पार्ने गरेको छ।

❑ फलानालाई भेट्नै हुन्न, भेट्यो कि घण्टौं कुराकानी गरेर 'बोर' गर्ने गर्छ!

◆ फलानोले माइक पायो भने छाड्ने नामै लिँदैन!

-हामीमध्ये धेरैलाई अरु मित्रहरुले यस्तो भन्ने गरेका पाइन्छन्।

यो भनेको, हाम्रो लागि अत्यन्त दुःखको कुरा नै हो। कारण, हामी अरुलाई 'बोर' गर्ने प्राणी किन बन्ने ? अरुको आँखामा यसरी हँस्सीको पात्र बन्न पुग्नु कसैका लागि पनि खुशीको कुरा हैन।

त्यसैले, यो 'बोर गर्ने प्राणी' हुनबाट जोगिनेतर्फ हामीले ध्यान दिने कि नदिने ?- यो ध्यानाकर्षण आज हामीभित्र हुनु जरुरी छ।

यस निम्ति हामीले बोल्दा वा भाषण गर्दा यसरी हुन जाने अनावश्यक लामोपनका कारणहरुतर्फ ध्यान दिनु जरुरी छ।

यसका कारणहरु दुई प्रकारका रहेका छन्। एक, कार्यक्रम व्यवस्थापन पक्षको अकुशलता र दुई, वक्ताको मानसिक जटीलता र त्यसले पैदा गरेको बेहोशी।

कार्यक्रम आयोजकहरुले वक्ताहरुलाई पहिले नै बोल्ने निश्चित समय तोकिदिने र त्यस समय सीमाको पालना र जनाउ कडाइका साथ गर्ने गरेमा आधाजसो समस्या हल हुने देखिन्छ। खास गरी, राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरका कतिपय महँगा गोष्ठीहरुमा कार्यक्रमको विस्तृत समय-योजना अगाडि नै तयार गरिएको हुने र त्यसमा समय-सीमाको किटानी पनि हुने गरेकाले र सोको एक एकपति सहभागीहरु सबैलाई शुरुमै उपलब्ध गराइने गरिएकोले तिनमा समस्या कम हुने गरेका छन। यस्तो समय-सीमासहितको कार्यक्रमको वैज्ञानिक व्यवस्थापन जुनसुकै स्तरका कार्यक्रममा पनि हुनु जरुरी छ। बाटामा भेटिएका मित्रसंग उभिएर गरिने कुराकानीलाई पनि दुवैजना मित्रहरुको फुर्सद र रुचि एक-आपसमा सोधेर पत्ता लगाई त्यो कुराकानीको निम्ति समय तय गर्ने हदसम्म हामी व्यवस्थापन कुशल हुने हो भने त्यो कुराकानी पक्कै उपयोगी हुनेछ र 'बोर' हुने विषय बन्ने छैन। यस्तै, वक्तालाई उनको र अरु वक्ताको समय सीमाबारे शुरुमै, मौखिक रुपमा नै सही, जानकारी दिने र उनको बोल्ने समय सकिनुभन्दा दुई मिनेटअघि कुनै पनि तरीकाले सूचना गर्ने प्रणाली आयोजकहरुले अप्नाउनु जरुरी छ। हालै, केही बौद्धिक भेलाहरुमा सभापतिले घण्ट बजाएरै समय सीमाको सूचना गर्ने परिपाटी बसलिएको पाइएको छ। यो पनि एउटा राम्रो पक्ष हो।

आयोजकहरुले वक्तालाई उसबाट कुन निश्चित र मूर्त विषयमा राय वा विचार वा सूचना प्रस्तुत गर्न अनुरोध गरिएको हो, सो स्पष्ट नगरेका कारण पनि वक्ताहरुले लामो बोलेका उदाहरणहरु पाइएका छन्। वक्ता स्वयंले आफू केन्द्रित हुनुपर्ने विषयमा स्पष्ट भएर मात्र बोल्न थाल्नु त जरुरी छ नै। तर कहिलेकाहीं आयोजकहरुले वक्तालाई निमन्त्रणा पत्रमा ठूलो विषय दिने तर विचार चाहिं त्यस ठूलो विषयको खास कुनै निश्चित सानो पक्षमा मात्र माग गर्ने गरेको कारणले पनि कतिपय ठाउँमा "ज्यांग ठ्यांग नमिलेको" पाइने गरेको छ।

कतिपय आयोजकहरुले चाहिं आफूले समयमै वक्तालाई उसको समय सकिएको सूचना चाहिं नगर्ने, तर वक्ताले लामो समय लिएकोमा पछि आफैं "कुरा काट्ने" गरेका पनि पाइएका छन्। यसो गर्दा त वक्तामाथि अन्याय नै हुने हुन्छ।

दोस्रो कारणको रुपमा रहेको वक्ताको मानसिक जटीलता र त्यसले पैदा गरेको बेहोशी भने वक्ताहरु स्वयंले चिनेर हटाउनु पर्ने कुरा हो। आफू र आफ्नो कुरालाई तत्कालीन कार्यक्रमको उद्देश्य, समय र परिवेशभन्दा महत्वपूर्ण संझीदिने मनोवृत्तिका कारणले वेसन्दर्भमै पनि अनावश्यक रुपमा लम्बेतान बोल्ने गरिएको हुन्छ।

यस्तोमा वक्तालाई मित्रहरुले उनको प्रवचन वा भाषण वा कुराकानीका अप्रासंगिक र अनावश्यक प्रसंगहरुबारे संकेत गर्ने र सुधार्न सुझाव दिने परिपाटी बस्नु जरुरी छ। आफू 'बोर गर्ने प्राणी' नबन्ने हो भने वक्ता स्वयंले पनि साथीहरुबाट वा सहभागीहरुबाट आफ्नो बोलाइबारे सुझाव र समीक्षा माग गरी त्यसअनुरुप आफूलाई सुधार्नु जरुरी छ।

-वक्ताले आफ्नो निर्धारित विषय के हो भन्ने बुझ्नु जरुरी नै नठानी भटाभट बोल्न थाल्ने

-वक्ताले निर्धारित विषयबारे बोल्ने क्रममा "आफूले अरु पनि थुप्रै कुरा जानेको छु" भन्ने देखाउन खोजेर अनावश्यक पाण्डित्य छाँट्न थाल्ने

-कार्यक्रमको एजेण्डामा नपर्ने तर बोल्न पाएको अवसर छोप्ने उद्देश्यले वक्ताले बेप्रसंगको विषयमा पनि बोल्ने नियत राख्ने

-स्रोताहरुले आफ्ना कुरामा चाख राखेको देखेर खुशी लागी, बहकिन पुगी वक्ताले विषयलाई अनावश्यक रुपमा तन्काउने

-पूर्ववक्ताले थुप्रै कुरा प्रस्तुत गरी स्रोताहरुमा राम्रो प्रभाव पारेको देखेर "पूर्ववक्ताले बोलीसकेको कुरामा म सहमत छु" भन्दा आफू "नजान्ने साबित हुने" ठानी अर्को भाषामा उही उही कुरा दोहोऱ्याउने प्रवृत्ति वक्ताले अँगाल्ने

-स्रोता वा लक्षित वर्गको स्तर कस्तो छ भन्ने कुरा ख्याल गर्न नसकेको कारण वक्ताले साधारण कुरामा पनि अनावश्यक व्याख्या गर्न पुग्ने

-यी केही मानसिक जटीलताहरुबाट वक्ता मुक्त हुँदैन भने उसले यो 'बोर गरिनै रहने' छ।

यतिखेर एउटा थप पक्षमा पनि हाम्रो ध्यानाकर्षण हुनु जरुरी छ। त्यो हो- बोलिने वा प्रस्तुत गरिने विषयलाई कसरी संगठित गर्ने भन्ने हाम्रो पद्धतिको पक्ष। कुनै पनि विषयलाई कुन सिलसिलामा र कसरी प्रस्तुत गर्दा सबैभन्दा वैज्ञानिक र छरितो हुन्छ भन्ने बारेमा आधुनिक अनुसन्धान-पद्धतिले थुप्रै शैली र प्रारुपहरु तयार गरिसकेको छ। लेखनमा मात्र हैन, वाचनमा पनि यो शैली र प्रारुपबारेको आधुनिक ज्ञानलाई हामीले कसरी सदुपयोग गर्ने भन्नेबारे हाम्रो आन्दोलनमा खासै चर्चा र चासो भेटिएको छैन। यसबारे पनि लागीपर्न सकेमा हाम्रा प्रवचनहरु, भाषणहरु, कुराकानीहरु व्यवस्थित र चुस्त बन्ने थिए। अनावश्यक, लामा र पट्यारलाग्दा हुनुबाट यिनीहरु जोगिने थिए।

के हाम्रा वक्ताहरुले पद्धति र शैली शास्त्रका विज्ञहरुबाट यो कुरा सिक्नका लागि कुनै भेटघाट वा कक्षा वा अध्ययन क्रम नै संचालन गर्नेतिर जाँगर चलाउँलान् ? ❑

◆ पारिजात ◆

जुठी दमिनी र कमिनी आमाहरूको चुसिएको जीवन बुझ्न र बुझाउन सजिलो हुनेगरी कोरिएका ज्यूँदाजाग्दा चित्रहरूले भरिपूर्ण कविताहरू

जुठी दमिनी

जोबन सोध्नु भएको ?
त्यो त हजूर आएको, गएकै थाहा छैन।
खै, जान्ने-सुन्नेले भनेको
मेरो जोबन त जिम्मुवालको
ऊ त्यो गहुँबारीमा सप्रिसक्यो रे।
उसैको करेसाबारीको सयपत्रीमा
फुलिसक्यो रे।
खै, कुन्नि कस्तो अनौठो
मेरो आँखा र ओठमा नफुलेर
मेरो जोबन
अर्काको सम्पत्तिमा फुल्ने रे।

◆ यो किताब किन पढ्नु र पढाउनु जरुरी छ ?
❑ एउटा सम्बोधन, समाज फेर्ने काममा लागिपरेका सहकर्मीहरुलाई !

◆ यो किताब कसरी प्रयोग गर्नेहोला ?
❑ किन र कसरी प्रकाशित गरियो काम गरीखानेहरूका लागि यो किताब ?

हेर्दैमा पढौं-पढौं लाग्ने आकर्षक चित्रहरूले सजिएका पारिजातका कविताहरू प्रकाशित भयो।

विस्तृत जानकारीको लागि सम्पर्क

आत्मनिर्भर विकास मञ्च
पो. ब. नं. ७७३१, काठमाडौं।
फोनः ३३१०२६

हिन्दीका जनपक्षीय लेखक सव्यसाची बित्नु भयो

सव्यसाची नाराहरूद्वारा हैन, समाजमा चालू द्वन्दात्मकताद्वारा आफ्नो निष्कर्ष निकालिरहेका थिए ।

केही समयअघि मृत्युले सव्यसाचीलाई हामीबाट खोस्यो । सव्यसाची एक त्यस्तो नाम हो, जुन नामलाई संझिँदा हिन्दीको साहित्यिक पत्रकारिताको परम्पराका ती तमाम हस्तीहरुको संझना हुन्छ, जसले भारतको आजादीको क्रममा घरै जलाएर आफ्नो बिजोग हुने हदसम्म पुगेर हिन्दीको सेवा गरेका थिए । जसरी भारतेन्दु हरिश्चन्द्र, बालकृष्ण भट्ट, महावीरप्रसाद द्विवेदी र मुन्सी प्रेमचन्दले तमाम आर्थिक कठिनाइहरु सहँदै हिन्दीको साहित्यिक पत्रकारिता क्षेत्रलाई उँचो बनाएका थिए, लगभग त्यसरी नै आजादीको आठौं दशकमा सव्यसाचीले "उत्तरार्द्ध" र "उत्तरगाथा" जस्ता साहित्यिक पत्रिकाहरुद्वारा नयाँ रचनाशीलतालाई मंच प्रदान गरेर हिन्दीको र जनपक्षबाट साहित्यिक आन्दोलनको अतुलनीय सेवा गरे । उनको यो योगदानलाई डा. वेदप्रताप वैदिकले पनि हिन्दी पत्रकारिताबारे लेखिएको आफ्नो पुस्तकमा स्वीकारेका छन् ।

सव्यसाचीको जन्म उत्तर प्रदेशको खुर्जामा भएको थियो र गरिबीको चक्रबाट गुज्रिँदै उनले राजनीतिशास्त्रमा एम.ए. गरेपछि उनले मथुरास्थित वि.एस.ए. कलेजमा प्राध्यापकको रुपमा सेवा गरे । त्यहींबाट अवकाश प्राप्त गरेपछि उनी मथुरामा नै स्थायी रुपले बसोबास गर्न थाले । गत वर्ष मे-जुन महिनामा थाहा भयो, उनलाई ब्रेन ट्यूमर भएका रहेछ । यसको उपचार दिल्लीको अस्पतालमा गराइयो । रेडियोथेरापी पनि गरियो तर केही महिनापछि नै मथुरामा उनको मृत्यु भयो ।

सव्यसाची हाम्रो हिन्दी-उर्दू क्षेत्रका एक वैज्ञानिक विचारक थिए । एक यस्ता विचारक, जो सोद्देश्य उत्साहसहित आफ्नो लेखनलाई साधारण जनतासम्म सम्प्रेषित गर्नमा एकदमै अगाडि थिए । उनको भाषा, लेख्ने शैली र स्वयं उनको व्यक्तित्व यस क्षेत्रका गरीब, उपेक्षित र शोषित जनताप्रति समर्पित थियो । उनले साना ठूला गरी २८ वटा पुस्तकहरु लेखे, तर युनिभर्सिटीका प्राध्यापकहरुले ती किताबहरु पढ्लान् र तिनबाट उद्धरण प्रस्तुत गरेर आफ्ना कुराहरु भन्लान् भन्ने आत्मदम्भ लिएर उनले ती पुस्तकहरु लेखेका थिएनन् । उनी यस्ता खाले समाजशास्त्री थिएनन् । "सुबह होने से पहले" नामक आफ्नो पहिलो कविता संग्रह प्रकाशित भएको केही दिनपछि नै उनले "उत्तरार्द्ध" को संपादन कार्यलाई आफ्नो जिम्मामा लिए । त्यतिखेर उनले भनेका थिए- "हाम्रा धेरै धेरै युवा कविहरु राम्रा राम्रा कविताहरु लेखिरहेका छन्, तिनीहरुलाई प्रकाशमा ल्याउनु निकै जरुरी छ ।" यसपछि उनले आफ्ना कविताहरु प्रकाशित गराएनन् । लगातार नयाँ युवा प्रतिभाशाली रचनाकारहरुलाई "उत्तरार्द्ध" का पानाहरुमा ठाउँ दिए र पत्रिकाको साहित्यिक स्तर पनि कायम नै राखे । सन् सत्तरीपछिका वर्षहरुमा "उत्तरार्द्ध" मा आफ्नो रचना छापिँदा स्थापित साहित्यकारहरु पनि गौरवान्वित अनुभव गर्दथे ।

तिनमा रघुवीर सहाय, सर्वेश्वर दयाल सक्सेना, काशीनाथ सिंह जस्ता रचनाकारहरुले पनि स्थान पाउँथे र नयाँभन्दा नयाँ रचनाकारहरुले पनि स्थान पाउँथे ।

जसरी आजादीको समयमा साहित्यिक पत्रकारिताका पछाडि एउटा मूल्यदृष्टि रहने गर्थ्यो र त्यसैको कारणले गर्दा त्यो पत्रकारितामा एउटा दिप्ती, एउटा चमक र मूल्यवत्ता झल्किन्थ्यो, त्यसरी नै सन सत्तरीपछिका वर्षहरुमा लघु-पत्रिकाहरुको माध्यमबाट जुन साहित्यिक पत्रकारिताले विकास गऱ्यो, त्यसमा पनि एउटा नयाँ मूल्यदृष्टि झल्कन्थ्यो । मुख्य गरेर यो मूल्यदृष्टिको आधार सर्वहारा वर्गको वैज्ञानिक विचारधारा थियो, जसलाई सव्यसाचीले अहिलेसम्मको सबैभन्दा अगाडि रहेको दार्शनिक प्रणाली मान्दथे र यसैको आधारमा आफ्नो समाज र देशको अवस्थाको चित्र खिच्ने गर्थे र यसैलाई उनी सांस्कृतिक स्तरमा साधारण जनतासम्म पुऱ्याउन चाहन्थे, जसबाट उनीहरु पनि आफ्ना खराब स्थिति, गरिबी, अशिक्षा र अन्धविश्वासको जिन्दगीको वास्तविकता जान्न सकून् । यही वैचारिक दृष्टिकोणले उनले देशको दशा र दिशालाई खुट्याउने काम गरे, जुन कयौं अर्थहरुमा दैवीशक्तियुक्त जस्तै लाग्छ । उदाहरणको निम्ति, जुलाई १९७२ मा प्रकाशित एक लेखमा, जो हरिश भादानीद्वारा संपादित "वातायन" मा छापिएको थियो, त्यसमा उनले देशमा "प्रजातन्त्रको हत्या"को एक दुःस्वप्नका बारेमा पाठकहरुलाई सचेत गराएका थिए । यो दुःस्वप्न "आपतकाल" को रुपमा सन् १९७५ मा सही साबित भयो ।

सव्यसाचीले यो लेखको अन्त जुन वाक्यहरुद्वारा गरेका छन्, तिनमा व्यक्त चेतावनी आजको भारतको लागि लेखिएको जस्तो लाग्छ : "हिटलरका पाउहरुको आहटलाई अगाडि बढ्न नदिनका लागि हामीले पूँजीवादी सामन्ती चक्रव्यूहलाई ध्वस्त गर्नुपर्छ, जसको निम्ति संघर्षशील जनतालाई आव्हान गर्नु जरुरी छ, अन्यथा, हामीले फासीवादको दमनचक्रको नारकीय आगोमा तड्पी तड्पी जल्नको लागि आफू तयार हुनु पर्नेछ ।"

सव्यसाची हाम्रो समाजको यो स्थितिलाई आफ्नो वैज्ञानिक विश्वदृष्टिद्वारा नै हेरिरहेका थिए, अन्यथा १९७२ मा बांग्लादेशको जन्मको क्रममा भारतका बहुसंख्यक मानिसहरु र सि.पी.आई. जस्ता प्रगतिशील राजनीतिक दल पनि इन्दिरा गान्धीको नेतृत्वमा सुनौलो भारतको सपना देखिरहेका थिए । सव्यसाची नाराहरुद्वारा हैन, समाजमा चालू द्वन्दात्मकताद्वारा आफ्नो निष्कर्ष निकालिरहेका थिए । यो द्वन्द आज पनि चालू छ, यसकारण सव्यसाचीले इंगित गरेको "हिटलर के पावों कि आहट" रचना तत्कालीन समयमा साँचो नदेखिएको नै किन नहोस्, आज भारतीय समाजको ढोका ढक्ढक्याउन यो रचना आइपुगेको छ ।

सव्यसाचीको एउटा किताब "राष्ट्रिय स्वयं सेवक संघ" को बारेमा पनि लेखिएको छ, जसमा उनले यसको "अ-राष्ट्रिय" चरित्रको तर्कसंगत विश्लेषण गरेका छन् ।

वास्तवमा, जर्मनीको मानवविरोधी नाजी विचारधारालाई नै हिन्दूत्वको आडमा, राष्ट्रिय स्वयंसेवक संघ (आर.एस.एस.) ले अप्नाएको छ । यसकारण, यो विचारधारा "राष्ट्रिय" पनि छैन । सव्यसाचीले 'हिटलर के पावो की आहट' लाई १९७२ को उक्त लेखमा आफ्नो वैज्ञानिक दृष्टिकोणद्वारा नै अनुभूत गरेका थिए । यसको निम्ति पछि उनले लगातार आफ्नो लेखनद्वारा फासिष्ट र साम्प्रदायिक शक्तिहरुको वास्तविकताको पर्दाफास गरे । किनकि, यी शक्तिहरुले हाम्रो देशलाई नोक्सानी पुऱ्याएका छन् ।

नवौं दशकमा जब लेखकहरुलाई अनुभूति भयो- हाम्रो समाजमा कलमको स्वतन्त्रता पनि खोसिनसक्छ, जस्तो इमरजेन्सीको क्रममा भइसकेको थियो, त्यतिखेर सव्यसाचीले एउटा नयाँ संगठनको रुपमा एकजुट हुन हामी सबैलाई दबाब दिए । त्यही दबाबको नतिजाको रुपमा **जनवादी लेखक संघको** गठन भयो । यो नयाँ संगठनको निर्माणमा सव्यसाचीको निकै ठूलो योगदान रहेको थियो ।

उनी यसको सचिवालय सदस्य बने र उत्तर प्रदेश इकाईका सचिव रहेर उनले लेखकहरुको एउटा व्यापक मोर्चा बनाएर आफ्नो राज्य इकाई संगठनलाई विस्तारित गरे । उनको दृष्टिकोण एकदमै व्यापक थियो, उनी आफू मार्क्सवादी थिए तर उनी हरेक लेखक, जो प्रजातान्त्रिक मूल्यहरुलाई आफ्नो लेखनमा अप्नाउँछ, उसलाई पूरा सम्मान दिन्थे । त्यसकारण, आफ्नो लेखन स्वतन्त्रता र जनताको जनवादी अधिकारहरुको रक्षा र विकासको लागि प्रतिबद्ध तमाम लेखकहरु त्यो संगठनमा सामेल भए । सव्यसाचीका कामहरुमा र व्यवहारमा संकीर्णतावादको झलक कहिल्यै देखिँदैनथ्यो । यसरी शब्द र कर्मका बीच उनको तालमेल थियो । हिन्दी साहित्यमा यस्ता समर्पित व्यक्तिहरु अब ज्यादै नै कम छन् । उनी आफ्नो मृत्युको क्षणसम्म पनि "उत्तरार्द्ध" निकालेर हिन्दीका लेखकहरु र हिन्दीको मूल्यवान साहित्यका पाठकहरुका साम्नै लैजानमा जुटिरहे । मृत्युको केही दिनअघि मात्र पनि "उत्तरार्द्ध"को स्वाधीनता विशेषांक उनले निकाल्न लगाए । त्यसमा आजादीको क्रमका उत्कृष्ट साहित्यहरु र त्यसबारेका लेखहरुका साथै अन्य वैचारिक लेखहरु पनि प्रकाशित गरे । हिन्दी साहित्यका लेखक-पाठक परिवारहरुले सव्यसाचीलाई हमेशा सम्झिरहनेछन् । ❑

चंचल चौहानद्वारा लिखित एक लेखको अनुवाद । साभारः हिन्दूस्तान रविवासरीय, ९ फेब्रुअरी, १९९८ ।

अनुः हरिगोविन्द लुइँटेल

एमाले, 'मूल्यांकन' र म

◆ विमल निभा

जब म एमाले थिएँ, 'मूल्यांकन' पढ्दिनथें । यो अकारण थिएन । मलाई यसको स्तर, चमक र पहुँच आफ्नो प्रिय पार्टीको समकक्ष लाग्दैनथ्यो । तसर्थ, म जति सम्भव हुन्छ, मूल्यांकनबाट पर नै रहन्थें । यही मेरो समुचित प्रयास रहन्थ्यो । जसमा म पर्याप्त सफल पनि थिएँ ।

एमाले भएर के मूल्यांकन पढ्ने ? यस्तो मेरो मानसिकता थियो । यसको असल वा खराब परिणाम के भयो भने, मैले वर्षौंसम्म तपाईंहरुको पत्रिकाको अनुहार पनि देखिनँ । के मेरो कुरामा विश्वास लाग्दैन श्यामजी ?

एमालेका मानिसहरुलाई अध्ययनार्थ जति पनि अखबार, पत्रिका र पुस्तकहरु उपलब्ध थिए । कुनै अभाव थिएन । छलफल, प्रकाश, दृष्टि, प्रतिपक्ष, संकल्प, लहर, झिसमिसे, खुश्ते कडेरीया, सूर्जेमानको स्कूलदेखि संसदसम्मको यात्रा, गोलघरको सन्देश, मानवदेखि दानवसम्म, इत्यादि । जसलाई सबै धैर्यतापूर्वक अध्ययन गर्दथे । म त भक्तिभावका साथ नै पढ्दथें । झलनाथ-सलनाथ आदिको गुप्त नामको लामो-लामो लेख प्रकाशित भएको दिन म अबेर रातसम्म अक्षर-अक्षर घोकिरहन्थें । म एक राम्रो र मूर्ख पाठक थिएँ । एमालेका प्रभावशाली नेताहरु (जसमध्ये एकको घुम्रिएको कपालको म प्रशंसक थिएँ) भन्ने गर्थे- हो यो चाहिँ निकै भलादमी कमरेड रहेछ ।

पछि यही चार अक्षरको 'भलादमी' शब्द बडो काम लाग्यो । शब्दहरु पनि लाभदायक हुँदा रहेछन् । अझ त्यसबाट सहजै निर्मित सुन्दर, कोमल र लचकदार वाक्यको के कुरा गर्ने ? जे होस्, एमाले नौ महिने अल्पमतको सरकारमा पुग्दा मलाई साझा प्रकाशनको जी. एम. बनाइयो । म गद्गद भावले बनें । हेर्नोस्त, मूल्यांकन नपढेको मलाई कति काम लाग्यो ?

एकदिन लुकेर भएपनि मैले मूल्यांकन पढ्ने विचार गरें । हेरुँ, के छ यसमा ? किन सबै मूल्यांकन-मूल्यांकन भन्ने गर्छन् ? के हो यो ? यही सोचेर म मूल्यांकन लिन हिँडे । यस्तो कुबुद्धि मभित्र किन र कसरी प्रवेश गऱ्यो ? यसबारे अनुसन्धान हुन बाँकी नै छ । अँ, त्यसताका गोष्ठी-सोष्टीहरुमा मेरो हरिगोविन्दजीसँग दुई चार पटक भेटघाट भएको थियो । के यो पनि एउटा कारक-तत्व हुन सक्दैन ?

रत्नपार्कको बुकस्टलबाट मूल्यांकन खरीद गरेर म सतर्कतापूर्वक घर फर्किरहेको थिएँ । संयोगवश असनको मोडनेर कमरेड धनञ्जय (मलाई क्षमा गर्नोस् । सही नाउँ लेख्ने मेरो अहिले पनि साहस भएन । म एक कायर लेखक हुँ । नक्कलीपन नै मलाई आदरणीय लाग्छ । के गर्ने ? पुरानो स्वभाव चाँडै जाँदैन । यसले समयको माग गर्छ) - सँग साक्षात्कार भयो । पार्टीको उदीयमान नेता । उपनामहरु धारण गरेर यदाकदा भयंकर लेखहरु लेख्ने । केही चल्तीका पुस्तिकाहरुका रेडीमेड रचयिता । तसर्थ, हाम्रो पार्टीको सुप्रसिद्ध लेखक । उनले मलाई गडेर हेरे । म हड्बडाएँ । एक्कासी भनें, "लालसलाम कमरेड !"

"लालसलाम !" उनले मेरो देब्रे हातितिर संकेत गरेर भने, "के हो यो ?"

मैले लज्जितप्रायः मुद्रामा भनें, "पत्रिका हो कमरेड ।"

"कुन पत्रिका ?"

अब सही उत्तर नदिएर मुक्त हुने कुनै उपाय शेष नरहेकोले मैले मन्द स्वरमा भनें, "मूल्यांकन ।"

कमरेड धनञ्जयको भुकुटी तन्कियो र निधारमा अनेकन मुजा पऱ्यो । मैले उनीतिर हेरें । कमरेड केही नबोली सरासर अघि बढे । यसको भाषा मैले बुझें । म एक प्रशिक्षित एमाले थिएँ ।

हामी नेताको शब्दभन्दा मौनतालाई बढी बुझ्थ्यौं । यही हाम्रो शिक्षा थियो । कमरेड धनञ्जय धेरै अघि बढिसकेका थिए । मैले बुझें, उनी अत्यधिक क्रुद्ध छन् । म जस्तो राम्रो र मूर्ख पाठक बिग्रन थालेको उनलाई मन परेको थिएन । म अपराध भावले ग्रस्त भएँ । अतः सोझै बुकस्टलतर्फ कुदें । र, मूल्यांकन फर्काएर सट्टामा अर्कै पत्रिका लिएर घर फर्कें । अनि मात्र मेरो अशान्त चित्त मत्थर भयो । यसप्रकार, म झण्डै-झण्डै पथभ्रष्ट हुनबाट जोगिएँ । मेरो पाठकत्व सुरक्षित नै रहयो । भङ्ग भएन । धन्य !

एमाले र मूल्यांकनबीच के बैरभाव थियो, यो पनि एउटा मूल्यांकनकै विषय हो । तर अचम्म के थियो भने, एमालेका नेताहरु मूल्यांकन पढ्दथे । मैले देखेको छु । म कामविशेषले एक दिन अध्यक्ष कमरेडको कक्षमा गएको थिएँ । उहाँ एकाग्र भावमा मूल्यांकन हेरिरहनु भएको थियो । कुनै डिस्टर्ब नहोस् भनी म त्यसै फर्कें । अध्यक्ष मात्र होइन, अन्य ठूला, साना र मध्यम खालका नेताहरु पनि मूल्यांकन पढ्ने गर्दथे । मेरो विचारमा नेतृत्वपंक्तिलाई बिगार्ने क्षमता मूल्यांकनसँग छैन । सम्भवतः यही कारणले नेताहरु निर्भयतापूर्वक पढ्दथे । म जस्तो सानोतिनो समर्थकको कुनै भरोसा हुँदैन । तसर्थ, मूल्यांकनबाट पर रहन हामीलाई कर एवं आग्रह थियो, जसको पालनामा म दृढ थिएँ ।

मूल्यांकन किन पढ्नु पऱ्यो ? मूल्यांकन के, यस टाइपको कुनै पत्रिकाबाट पनि म सक्दो परहेज गर्दथें । मैले एमाले-धर्मको कहिल्यै उल्लंघन गरिनँ । एमालेकालको म एक असल र कुशल एमाले थिएँ । यसमा मलाई कुनै शंका छैन । मेरा नेताहरुलाई पनि थिएन । मैले लामो समयसम्म मूल्यांकन पढिनँ । किन पढ्ने ?

पछि मलाई मूल्यांकन पढ्न तीव्र इच्छा भयो । अब के गर्ने ? परेन फसाद ! एमाले भएर मूल्यांकनको अध्ययन सम्भव थिएन । म एक आज्ञाकारी सिपाही भएकोले म पार्टी नियम विपरीत जान चाहँदिनथें । एक एमालेका रुपमा मूल्यांकनसित साक्षात्कार विकट थियो । तसर्थ, एक बिहान मैले एमाले छाड्ने निर्णय गरें । र, चुपचाप त्याग गरें । मेरा मित्र र शत्रुहरु (कहिलेकाहीँ मलाई दुवै एउटै जस्तो लाग्छ । दुबैमध्ये कहाँनेर विभाजन-रेखा छ ? म अल्मलिन गर्छु) ठान्छन् र मलाई भन्ने गर्छन्- मैले मालेको साथ दिन एमाले छाडेको हुँ । तर होइन, वास्तविकता के हो भने, मैले तपाईंहरुको पत्रिका मूल्यांकन पढ्नलाई एमाले त्याग गरेको हुँ । अन्य कारण किञ्चित मात्रामा पनि सत्य होइनन् । यो आज म मूल्यांकनमार्फत नै घोषणा गर्न चाहन्छु । हो, मालेसँग मेरो कुनै सम्बन्ध छैन । अब म फेरि एउटा अर्को एमालेको पक्षमा छैन । मेरो यो संक्षिप्त जिन्दगीमा एउटा एमालेनै पर्याप्त छ । म धेरै एमालेको बोझ किन बोकुँ ? ❑

> एमाले र मूल्यांकनबीच के बैरभाव थियो, यो पनि एउटा मूल्यांकनकै विषय हो । तर अचम्म के थियो भने, एमालेका नेताहरु मूल्यांकन पढ्दथे ।

किन कम्युनिष्ट पार्टीमा खुश्चोभहरु पैदा हुन्छन् ?

–गंगाप्रसाद चौधरी

विश्व कम्युनिष्ट आन्दोलनमा खुश्चोभ, गोर्वाचोव, बोरिस यल्तसीन जस्ता संशोधनवादी नामधारी कम्युनिष्ट नेताहरुको उत्पति किन र कसरी हुन गयो ? नेपालकै सन्दर्भमा भन्ने हो भने, हाम्रो देशको कम्युनिष्ट आन्दोलनमा डा. केशरजंग रायमाझी जस्ता गद्दार व्यक्तिहरुको विकास किन र कसरी भयो ? र, हालसालै एमाले पार्टी फुटनुको दार्शनिक र सैद्धान्तिक कारणहरु के के हुन सक्छन् ? एमाले नेतृत्व वर्गमा रायमाझी र कांग्रेसी प्रवृत्तिहरु किन हावी भए त ?

यी यस्ता गम्भीर र चुनौतियुक्त प्रश्नहरुले नयाँ नेपाली समाजको निर्माण गर्ने अभियानमा लागेका प्रगतिशील शक्तिहरुका सामुन्ने मुख बाँएर हामीहरुलाई चुनौति दिइरहेका छन्, ललकारिरहेका छन्। यी समस्या र चुनौतियुक्त प्रश्नहरुको शल्यक्रिया गर्नु अत्यन्त जरुरी छ।

एमाले पार्टीभित्र विकृति र विसंगति भित्रिनुको मूल कारण केन्द्रीय नेतृत्वमा हावी भएको निम्न पूँजीवादी चिन्तन हो। अर्को भाषामा, केन्द्रीय नेतृत्व वर्गमा विद्यमान अवैज्ञानिक विश्व दृष्टिकोण र गैरसमाजवादी विचारधारा नै विकृति र विसंगतिको मूल कारण हो। मार्क्सवादी विश्व दृष्टिकोण र समाजवादी जीवनशैली आफ्नो दैनिक जीवनमा अभ्यास गर्नका लागि सर्वप्रथम नेतृत्वदायी तहबाटै विशेष प्रयत्न गर्नुपर्ने र आन्दोलन जारी राख्नुपर्ने हुन्छ। तर नेतृत्वदायी तहमै यस्तो प्रयत्न र आन्दोलनको आवश्यकता महसूस गरिएन।

नेतृत्वदायी व्यक्तिहरुले बाह्य समाज-बदल्ने कुरामा मात्र ध्यान दिए, आफ्नो गैर मार्क्सवादी दृष्टिकोण र जीवनशैली बदल्नु पर्ने कुरामा ध्यानै दिएनन्। फलस्वरुप, पार्टीका शीर्षस्थ नेताहरुमा मार्क्सवादी चिन्तन प्रक्रिया र जीवनशैलीको अभावले गर्दा दृष्टिकोण र विचारधाराको मामलामा विचलनको पहिरो आयो। क्रान्तिकारी नैतिकतामा क्षय आयो। सत्ता, सम्पत्ति र सुविधाको अवसर प्राप्त हुने बित्तिकै लक्ष्य र आदर्श गौण हुन गए।

आखिर यस किसिमको फितलो दृष्टिकोण र विचारधारा केन्द्रीय नेतृत्व वर्गमा किन र कसरी हावी भयो ?

कारकतत्व

हाम्रो समाजको संरचना अर्धसामन्ती किसिमको छ। यस्तो भएको हुनाले सामन्ती र निम्न पूँजीवादी संस्कृति, धार्मिक अन्धविश्वास, रीतिरिवाज, सामाजिक मूल्य-मान्यता, धाक-रवाफ, बडप्पन, धनसम्पत्ति, बाहिरी आकर्षण आदिबाट कम्युनिष्ट पार्टीका नेता/कार्यकर्ताहरु अप्रभावित रहन सक्दैनन्। कम्युनिष्ट पार्टीको सम्पर्कमा आएपछि मार्क्सवादी दर्शन, साहित्यको अध्ययनबाट उनीहरुमा समाजवादी विचारधाराप्रतिको आकर्षण बढ्न थाल्छ। शोषित-पीडित जनताको दुःख, उत्पीडन, शोषणबाट उनीहरुमा शोषणप्रति घृणा र विद्रोह तथा शोषित जनताप्रति सहानुभूति उत्पन्न हुन जान्छ। मानवको, मानवीय जीवनको प्रकृतिगत विशेषता के छ भने, प्रत्येक मानिसमा सकारात्मक अनुभूति र नकारात्मक अनुभूति विद्यमान भएको हुन्छ। सकारात्मक अनुभूति र नकारात्मक अनुभूतिको मात्रा कसैमा बढी र कसैमा घटी हुन्छ। एकातिर, मानव मस्तिष्कको अनुभूति गर्ने क्षमता यस्तो हुन्छ भने, अर्कोतिर ती पार्टीका नेता/कार्यकर्ताको सामन्ती निम्न पूँजीवादी संस्कृति, धार्मिक अन्धविश्वास, रीतिरिवाज, सामाजिक मूल्य-मान्यता, धाक-रवाफ, बडप्पन, धनसम्पत्ति, बाहिरी आकर्षण आदिको प्रभाव र मार्क्सवादी दर्शन, साहित्य आदिको अध्ययनको कारण परेको प्रभावबीच अन्तरविरोध शुरु हुन्छ।

सकारात्मक अनुभूतिको मात्रा बढी भएका नेता/कार्यकर्ताहरुमा व्यक्तिको प्रगतिशील रुपान्तरणको प्रक्रियाको गति तीव्रतर हुन्छ। र मार्क्सवादी दर्शन, संस्कृति, साहित्य आदिको प्रभाव बढी पर्न गई, उनीहरुभित्र घर जमाएर बसेको सामन्ती, निम्न पूँजीवादी संस्कृति, मूल्य-मान्यता, धार्मिक अन्धविश्वास, रीतिरिवाज, धाकरवाफ, बडप्पन, धनसम्पत्ति आदिको प्रभावमा धक्का लाग्न थाल्छ। द्वन्दबादको निषेधको निषेध नियम अनुसार मार्क्सवादी दर्शन, साहित्यको व्यापक प्रभावले गर्दा उनीहरुमा नकारात्मक प्रवृत्तिहरु विस्तारै विस्तारै निषेध हुन थाल्छन्। यदि आफूमा विद्यमान नकारात्मक प्रवृत्तिहरुप्रति व्यक्ति सजग हुने र उसले तिनलाई हटाउन आफैं निरन्तर संघर्ष गर्ने हो भने, यदि सामूहिकताले यस्ता नकारात्मक प्रवृत्तिहरु चिन्न र हटाउन व्यक्तिलाई मद्दत गर्ने हो भने, नकारात्मक प्रवृत्तिहरुमाथि व्यक्तिले एकपछि अर्को गर्दै विजय प्राप्त गर्न सक्छ।

अर्कोतिर, नकारात्मक अनुभूतिको मात्रा बढी भएका नेता/कार्यकर्ताहरुमा मात्राको गुण र गुणको मात्रामा रुपान्तरणको प्रक्रियाको गति सुस्त हुन्छ। निकै ठूलो व्यक्तिगत र सामूहिक संघर्षबाट मात्र यस्ता मानिसहरु प्रगतिशील दिशातिर रुपान्तरित हुने संभावना हुन्छ। यस्तो संघर्षको अभावमा यस्ता मानिस नेता, कार्यकर्ताका रुपमा पार्टीभित्र हावी भएपछि मार्क्सवादी दर्शन र संस्कृतिले उनीहरुलाई रुपान्तरित गर्ने होइन, उनीहरुले आफू र आफ्नो स्वार्थअनुकूल मार्क्सवादी दर्शन र संस्कृतिको अपप्रयोग र अपव्याख्या गर्न थाल्छन्। फलस्वरुप, उनीहरुको र पार्टी सिंगैको वैचारिक दृष्टिकोणमा विचलन आउन थाल्छ। संशोधनवाद वा सुधारवाद यसैको परिणाम हो। दृष्टिकोण र विचार, जीवनशैली र नैतिक मूल्यमा ह्रास आएपछि पार्टीको क्रान्तिकारी कार्यदिशा नै भुत्ते भएर जान्छ। विश्व कम्युनिष्ट आन्दोलनमा खुश्चोभ र गोर्वाचोभ यसरी नै पैदा भएका हुन्। नेपालमा रायमाझी र शैलेन्द्रकुमार यसरी नै प्रादुर्भाव भएका हुन्। एमालेमा रायमाझी प्रवृत्ति यही कारणले पैदा भएको हो।

हाम्रो कम्युनिष्ट आन्दोलनमा के त्रुटी छ भने, यहाँ पार्टीभित्र मान्छे भित्र्याउँदा उसमा रहेको प्रवृत्ति हेरिन्न, उसको कुरा र खट्ने क्षमता मात्र हेरिन्छ। उसमा सकारात्मक अनुभूतिको मात्रा बेसी छ कि नकारात्मक अनुभूतिको मात्रा बेसी- त्यो कुरामा ख्यालै राखिन्न। ऊ कतिको तर्कशील मान्छे हो र कति झोला भिरेर कुदन सक्छ, त्यो मात्रै हेरिन्छ। यसो गर्नाले नकारात्मक अनुभूति ज्यादा भएका हानिकार मानिस पार्टीमा हावी हुने संभावना सजिलै हुन्छ। यो गलत परिपार्टी हो। यस्तो परिपार्टी हटाउनु जरुरी छ।

जुन मान्छेमा समाजमा विद्यमान अन्याय, दुःख, वेदनाप्रति संवेदनशीलता छ, जो अन्याय, दुःख, वेदना हटाउनका लागि क्रियाशील हुन तत्पर छ, जो आफ्नो वचन र काममा भरोसिलो छ र आफ्नो गल्ती कमजोरीप्रति सजग र आलोचक छ, त्यो चरित्र नै सकारात्मक अनुभूति ज्यादा भएको लक्षण हो। यस्तो गुणतत्व भएको मानिसित कमी कमजोरी धेरै भए पनि वैज्ञानिक दृष्टिकोण र संस्कृतिको संसर्गमा आएपछि उसले प्रगति गर्ने र गल्ती कमजोरी सच्याउने संभावना प्रशस्त हुन्छ।

जुन मानिस अरुको दुःख, कष्ट र अन्यायप्रति संवेदनशील छैन, जो आफ्नो अहं र स्वार्थसिद्धिका लाग मात्र सक्रिय हुन्छ, तर अरुको दुःख कष्ट अन्याय हटाउनका निम्ति क्रियाशील हुँदैन, जो आफ्नो वचन र काममा भरोसिलो छैन र आफ्नो गल्ती कमजोरीप्रति आलोचक पनि छैन, त्यो लक्षण नकारात्मक अनुभूति ज्यादा भएको लक्षण हो। यस्तो मानिस स्वभावैले उत्पीडक हुन्छ, अवसरवादी हुन्छ र अहंकारी हुन्छ। यस्तो मानिस साम्यवादी मानिसमा बदलिने संभावना सारै न्यून हुन्छ।

त्यसैले मानिसको कुरा हेरेर होइन, उसको प्रवृत्ति र चरित्र हेरेर मात्र उसलाई संगठनमा भित्र्याउने नभित्र्याउने निधो गर्नु पर्छ।

हाम्रो आन्दोलनमा के पनि त्रुटी छ भने, सकारात्मक अभूति नै ज्यादा भएको भए तापनि मान्छेले वैज्ञानिक दृष्टिकोण र समाजवादी जीवनशैलीलाई आफूभित्र लागू गर्न शुरु गरेकै हुन्न, ऊ कम्युनिष्ट पार्टीको नेता भइसक्छ। मान्छेमा पद, सम्पत्ति, सामन्ती निम्न पूँजीवादी मूल्य-मान्यताप्रतिको अथाह मोहमाया बाँकी रहेकै हुन्छ, ऊ पार्टीको उच्च पदस्थ पदमा पुगिसकेको हुन्छ। कसैसित मार्क्सवादको सैद्धान्तिक ज्ञान नै छ भने पनि त्यो व्यवहारमा देखापर्न थालेकै



एमाले नेतृत्व वर्गमा रायमाझी र कांग्रेसी प्रवृत्तिहरु किन हावी भए त ?

लेखक

हुन्, इन्द्रिय ग्राह्य ज्ञानबाट बुद्धिसम्मत ज्ञानमा, बुद्धिसम्मत ज्ञानबाट क्रान्तिकारी व्यवहारमा छलांग लगाएकै हुन्, ऊ पार्टी नेता भईसक्छ ।

त्यस्ता नेताहरुको बाहुल्य पार्टीको नेतृत्वदायी अंगमा भएपछि त्यो पार्टीको चरित्र त सोभियत संघको कम्युनिष्ट पार्टी जस्तै हुनजान्छ । एमाले नेतृत्व र संगठनभित्र यस्ता नेताहरुको बाहुल्य छ । उनीहरु पार्टी र संगठनभित्र सामन्तवाद जिउँदो राख्न चाहन्छन् । निजी सम्पत्ति र धाक रवाफमा धक्का नलगाइकन क्रान्ति गर्न चाहन्छन् । समाजको सामन्ती निम्न पूँजीवादी मूल्य-मान्यता, संस्कृतिमा चोट नपुऱ्याइकन जनवादी संस्कृति निर्माण गर्न चाहन्छन् । दलाल र नोकरशाही, पूँजीपतिहरुसितकौं घनिष्ट सम्बन्धमा धक्का नलगाइन सर्वहाराकरण गर्न चाहन्छन् । सामन्तवर्गसितको सम्बन्धमा चिसोपना नल्याइकन कृषि क्रान्ति गर्न चाहन्छन् । अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसितको घनिष्ट सम्बन्धमा धक्का नलगाइकन नेपाल राष्ट्रलाई नव उपनिवेशी शोषणबाट मुक्त गर्न चाहन्छन् । कोशी, गण्डकीभन्दा पनि खतरनाक राष्ट्रघाती महाकाली सन्धि विभिन्न जालझेल, तिकडम गरी संसदबाट पारित गराएर जननेता मदन भण्डारीको सपना पूरा गरेको डिंग हाक्छन् । जनताको बहुदलीय जनवाद त उनीहरुका लागि शोषित पीडित जनता/कार्यकर्तालाई रनभुल्लमा पार्ने, सरकारमा जाने अमोघ अस्त्र साबित भएको छ । र, आफू सरकारमा पुगेपछि समाजको 'आमूल परिवर्तन' कार्यकर्तालाई हेपेर, घरमा तल्लामाथि तल्ला थपेर आफ्नो परिवार र नातेदारको 'आमूल परिवर्तन' गरेर गर्छन् । धन, धाक रवाफ सबै उनीहरुलाई छाहिन्छ । कष्टमय काम कार्यकर्ताले गरिदिनु पर्छ तर जनता जावोस् भाँडमा भन्ने व्यवहार गरिन्छ ।

कम्युनिष्ट पार्टीको मुख्य उद्देश्य होः क्रान्तिकारी चेतनाले भरिपूर्ण आलोचनात्मक, जागरुकता, मार्क्सवादी दृष्टिकोण, विचारधारा र व्यवहारले लैश प्रतिबद्ध नेता र कार्यकर्ताको वैकल्पिक नेतृत्व निर्माण गर्नु । तर एमाले पार्टीमा क्रान्तिकारी चेत भएको आलोचनात्मक कार्यकर्ताको विकासै हुन नदिने र भएको क्रान्तिकारी चेतना, आलोचनात्मकता पनि मार्ने प्रक्रिया प्रबल रुपमा हावी भयो । यस पार्टीमा त अन्धभक्त, पिछलग्गु दास मनोवृत्ति भएका कार्यकर्ता पंक्ति तयार गर्ने प्रवृत्ति चर्को रुपमा हावी भयो । आलोचनात्मक विचार र जागरुक प्रवृत्ति भएका कुनै पनि कार्यकर्तालाई राणाशाही कोतपर्व मच्चाएर माथि उठ्नै नदिने निरंकुश राजतन्त्रवादी सामन्ती संस्कृति अजम्मरीरुपमा अवस्थित भयो एमालेमा । यस किसिमको नोकरशाही केन्द्रीकरणको अभ्यास, गरेर हामी कस्तो किसिमको लेनिनवादी संगठनात्मक सिद्धान्तको, समाजवादी समाजको निर्माण गर्न चाहन्छौं ?

के नेकपा माले चाहिँ यस किसिमको रोगबाट मुक्त छ ? उत्तर सहज छ- छैन । के के नेकपा मालेका नेतृत्ववर्गमा बसेका शीर्षस्थ नेताहरुले यसबाट पाठ सिक्नु पर्दैन ? जुन रुपमा र जति मात्रामा नेकपा मालेका नेतृत्व वर्गले पार्टी फुटको रोगको करकतत्वबाट आफूलाई मुक्त गर्दै जान्छ, त्यति नै मात्रामा र त्यही अनुरुप पार्टी क्रान्तिकारी बन्दै जान्छ । नत्र भने नेकपा (माले) पार्टी पनि एमाले हुन बेर लाग्दैन ।

❑ महोत्तरी

प्रेरक प्रसंग

एक सय सैतीस वर्षपछि डार्बिनसंग चर्चको हार

गत सन् १९९६ को अक्टोबर महिनामा क्याथोलिक चर्चका प्रमुख तथा क्रिश्चियन धर्मका सर्वोच्च गुरु पोप जोन पोल द्वितीयले एउटा उल्लेखनीय काम गरे । विगत एक शताब्दीभन्दा अघिदेखि महान वैज्ञानिक तथा चिन्तक चार्ल्स डार्बिनमाथि चर्चले लगाइआएको आरोप उनले अहिले आएर फिर्ता लिए । यस निम्ति उनले रोमस्थित एकेडेमी अफ साइन्सका निम्ति एउटा औपचारिक वक्तव्य नै दिए ।

उनको वक्तव्यमा "ताजा ज्ञानहरुले (डार्बिनको) विकासवादको सिद्धान्तलाई एउटा परिकल्पना (Hypothesis) मात्र नभई यो त्यसभन्दा बढी नै केही हो भन्ने कुरा स्वीकार्न अभिमुख गराएको छ" भनिएको छ ।

यसरी एक शतादीभन्दा बढी वर्षहरुपछि आएर भए पनि धार्मिक कठमुल्लावादले वैज्ञानिक सत्यसामु टाउको झुकाएको यो घटना बितेको आज करिब दुई वर्ष हुन लागिसक्यो र पनि आज विश्वमा यो घटना निकै ठूलो चर्चाको विषय बनिनै रहेको छ ।

एक सय सैंतीस वर्षअघि अर्थात् सन् १८५९ मा डार्बिनले विकासवादको सिद्धान्त प्रतिपादन गरेका थिए ।

यो सिद्धान्तलाई त्यसै बेलादेखि धार्मिक गुरुहरु र चर्च स्वयंले खेदो खन्न थालेका थिए । डार्बिनले प्रस्तुत गरेका ज्ञानहरु क्रिश्चियन स्कुलहरुमा पढ्न-पढाउन निषेध र प्रतिबन्धित गरिएको थियो । क्याथोलिक चर्चले डार्बिनको विकासवादको सिद्धान्तविरुद्ध लामो धर्मयुद्ध नै छेड्यो । अमेरिकाको दक्षिणी राज्यहरुमा त यो सिद्धान्त पढाउनुलाई कानूनले नै प्रतिबन्ध लगाएको थियो ।

धर्मका ठेकेदारहरुले यसरी डार्बिनको सिद्धान्तमाथि किन आक्रमण गरे भने, उनको यो सिद्धान्तले ती धार्मिक अवैज्ञानिक चिन्तन र विश्वासलाई झूठो साबित गरेको थियो ।

पादरीहरु भन्थे- मानवलाई भगवानले तयारी रुपमा, विकसित रुपमा सृष्टि गरेको हो । तर डार्बिनको भनाइ छ- मान्छे अविकसित र सरल प्राणीबाट विकसित र जटील प्राणीको रुपमा क्रमशः विकसित भएको प्राणी हो । यसै गरी, डार्बिनको विचारको निष्कर्षले भन्छ- मान्छेको मन भनेको उसको दिमागभन्दा बाहिर छैन । यस कुराले ईश्वर भनेको यही मानव मनले सृजना गरेको एउटा छायाँ वा भ्रम मात्र हो भन्ने कुरालाई पनि पुष्टि गर्छ । यसरी ईश्वरको स्वतन्त्र सत्ताको विश्वासमा टिकेका पादरीहरुको प्रभुत्वको जरैमा यसले प्रहार गरेकोले उनीहरु डार्बिन विरुद्ध उभिए ।

स्मरणीय छ, यसभन्दा दुई शताब्दी अघि सन् १६३३ मा ग्यालिलियोले 'पृथ्वीले सूर्यलाई घुम्छ' भनी पत्ता लगाएको तथ्यले 'पृथ्वी नै ब्रम्हाण्डको केन्द्र हो' भन्ने क्रिश्चियन धर्मको अन्धविश्वासमाथि ठूलो प्रहार गरेकोले ग्यालिलियोलाई पनि पादरीहरुले यसरी नै खेदेका थिए । र, यो पनि स्मरणीय छ, पोप जोन पोल द्वितीयले आजभन्दा चार पाँच वर्षअघिमात्रै ग्यालिलियोबारे पनि यसै गरी वक्तव्यमार्फत् भूल स्वीकारेका थिए ।

यसरी तीन सय वर्षपछि नै सही, महान वैज्ञानिक ग्यालिलियोलाई कथित अपराधको अभियोगबाट धर्मका ठेकेदारहरुले 'बरी गरेका' थिए ।

ढीलो वा चाँडो सत्य आखिर विजयी भएरै छाड्छ भन्ने कुराको यो निकै बलियो प्रमाण हो ।

पोपले अझै पूरै मनले हैन, आधा मनले मात्र डार्बिनलाई स्वीकारेका छन् ।

चार्ल्स डार्बिन ◆ पोप

तर डार्बिनलाई अहिले आएर बरी गर्न बाध्य चर्चले अझै पनि पूरै हार स्वीकारीसकेको भने छैन । कारण, पोप जोन पोल एकातिर उनको वक्तव्यमा भन्छन्- "ज्ञानका अनेकथरि क्षेत्रमा भएका आविष्कारकहरुको श्रृंखलामा आज अनुसन्धानकर्ताहरुको दिमागमा डार्बिनको विचारले उत्तरोत्तर ढंगले जरा गाड्दै गएको छ ।"

तर अर्कोतिर, उनी "यदि मानवको उत्पत्ति स्रोत यो आफैमा निहित जीवित पदार्थहरु हो भने पनि यो उत्पत्ति भएको लगतैपछि भगवानले 'मानव आत्मा'को विकास गर्नु भयो" पनि भन्न छाड्दैनन् । यो कुरा सन् १९३९-५८ को अवधिमा धार्मिक नेता रहेका पोप पिउस बाह्रौंले पनि पछि आएर भनेको कुरा हो । यसैलाई वर्तमान पोप जोन पोल द्वितीयले पनि दोहोऱ्याए ।

यसरी पोपले अझै डार्बिनलाई पूरै मनले हैन, आधा मनले मात्र स्वीकारेका छन् ।

हेरौं, धार्मिक नेताहरुको अहंकार र अन्धविश्वासको बाँकी आधा पर्दा खुल्न अरु कति शताब्दी लाग्ने हो ?

◆ हरिगोविन्द लुइँटेल

सन्दर्भ सामग्रीः RED STAR Feb. 1997

के नून-चिनी-पानी प्रतिबन्ध लगाउनु पर्ने कुरा हो ?

श्याम श्रेष्ठ

करिब एक डेढ वर्ष अगाडि मूल्यांकनले आफ्नो अंक ५० मा डा. सरोज धिताल, डा. शरद वन्त र डा. केदार बरालबीच चलेको 'स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?' भन्ने विषयको एक अन्तर्क्रियाको रिपोर्ट छापिएको थियो । पछि त्यसबारेमा प्रतिक्रियात्मक अन्तर्क्रिया हुँदा डा. योगेन्द्र प्रधानागले आफ्नो गहकिलो प्रतिक्रिया जनाउनु भयो । र, त्यही क्रममा उहाँले नेपालमा नून, चनी, पानीको प्रयोगलाई निरुत्साहित पारिनुमा नि साम्राज्यवादको हात रहेको विचार व्यक्त गर्नु भयो ।

डा. योगेन्द्र प्रधानागको विचारप्रति टिप्पणी गर्दै पछि डा. कविताराम श्रेष्ठले लेख्नु भयो कि- नून, चिनी, पानीको प्रयोगलाई निरुत्साहित पारिनुमा साम्राज्यवादको चाल भएको नभई त्यसको प्रयोगमा गलत तरिका अप्नाउँदा घातक परिणाम निस्कने वैज्ञानिक तथ्य प्रकाशमा आएकोले त्यस्तो गरिएको हो ।

गलत तरिका अप्नाउँदा त जीवनजलको प्रयोगबाट पनि घातक परिणाम निस्कन्छ, त्यसैले हाम्रो गाउँघरमा सजिलै उपलब्ध हुन सक्ने नून, चिनी, पानीको प्रयोगलाई नै कसरी सही ढंगले प्रयोग गर्ने भन्ने तालिम जनसाधारणलाई दिनुमा कुनै चासो नदेखाई केवल बनिबनाउ जीवनजल या अन्य पुनर्जलीय घोलको प्रयोगलाई नै प्रोत्साहन दिनु साम्राज्यवादी चाल नभए के त ? भनेर पुनः डा. शरद वन्तले लेख्नु भयो ।

यस वादविवादलाई एउटा निश्चित टुंगोमा पुऱ्याउनु जरुरी ठानेर यसमा सहभागी सबै विशेषज्ञहरु तथा यस विषयसंग सम्बन्धित अन्य वरिष्ठ विज्ञहरुलाई एउटै टेबुलमा ल्याएर अन्तर्क्रियाको आयोजना गर्नुपर्ने हामीले महसूस गऱ्यौं । र, यसैको फलस्वरुप, आज मूल्यांकनले यो अन्तर्क्रियाको आयोजना गरेको हो ।

डा. कविताराम श्रेष्ठ
समाजशास्त्री/साहित्यकार

यस विषयसंग म निकै समय पहिलेदेखि संलग्न व्यक्ति हुँ । सि.डि.डि. (Control of Diarrhoeal Diseases) जुन बेला शुरु भयो त्यसबेला श्री ५ को सरकारको यसै शाखाको द्विपक्षीय प्रतिभाग (bilateral counterpart) यु.एस.एड (US-AID) को तर्फबाट जे.एस.आई (JSI) भन्ने संस्थाको फिल्ड डाइरेक्टर भएर मैले काम गरेको थिएँ । त्यतिखेर सि.डि.डि.को तर्फबाट डा. बेनुबहादुर कार्कीले काम गर्नुभएको थियो । हामी दुई counter part को रुपमा थियौं । JSI बाट अध्ययन भएका धेरै विषयमा डा. बेनुबहादुरको संलग्नता थियो ।

त्यसबेला हाम्रो ध्यान बढी मात्रामा झाडा पखालामा केन्द्रित रहयो । यस काममा सि.आर.एस. (CRS) को पनि त्यत्तिकै संलग्नता रहयो । सबै क्षेत्रमा मैले हेर्नुपर्ने भए पनि त्यतिखेर मेरो ८० प्रतिशतभन्दा बढी समय झाडा पखाला सम्बन्धी अध्ययनमा बित्थ्यो । त्यतिबेला शुरुमा Anatomy Bibliography and Ethnographic Research on Diarrhoeal Diseases को अध्ययन भएको थियो । त्यसपछि कति किसिमको Ethnographic अध्ययनहरु भएका छन् भनेर Bibliography बनाइयो र त्यस्तै ठूलै volume मा Anatotion पनि गरियो । यो मैले सन् 1986 मा गरेको थिएँ । त्यही वर्ष मैले फेरि Review of Ethnographic literature on diarrhoeal diseases पनि गरें । त्यसपछि Ethnographic research on diarrhoeal diseases भनेर Anthropological अध्ययन नै गरियो । हामीले त्यसको लागि चार वटा जिल्लाका आठवटा ठाउँहरुमा अनुसन्धान विज्ञहरु राखेर चार/चार महिनासम्म अध्ययन गऱ्यौं । यस अध्ययनको क्रममा सन् १९८७ मा आएर जीवनजल या 'नून, चिनी, पानी' को प्रयोगलाई प्रोत्साहित गर्न जन साधारणले पानी नाप्ने भाँडो (container) कसरी प्रयोग गरिंदोरहेछ र त्यसको लागि एउटा प्रामाणिक भाँडो (standard container) को प्रयोग कसरी गर्न लगाउने भन्ने कुरालाई लिएर एक अर्को अध्ययन गर्नुपर्ने हामीले महसुस गऱ्यौं । यो अध्ययन हामीले १५/१६ वटा जिल्लाहरुमा गऱ्यौं । यस अध्ययनमा पनि म नै डाइरेक्टर थिएँ ।

त्यसपछि US-AID कै अर्को संस्था INTERCEPT (International Centre for Prevention and Treatment of Major Salute diseases) ले UNICE को सहयोगमा evaluation of home made ORS को नाममा अध्ययन गऱ्यो ।

त्यस्तै, छैठौं कामको रुपमा मैले प्रयोगात्मक आधारमा ORT Consumer Reference Study भनेर अध्ययन गरें । यस अध्ययनमा जीवनजलको प्रयोगलाई कसरी प्रोत्साहित गर्ने भन्ने सवाललाई मुख्य केन्द्र बनाइयो । यसको लागि ORS का २५०, ५०० र १००० सि.सि. का प्याकेटहरु बनाई पानी नाप्ने भाँडो (container) सहित र भाँडोरहित अवस्थामा जनसाधारणले पुनर्जलीय घोलको प्रयोग कसरी गरिंदो रहेछ भनेर ८/९ वटा जिल्लाहरुमा अध्ययन गरियो ।

अर्कोतिर, सातौं कामको रुपमा Save the Children मार्फत पनि Qualitative Investigation of Rural Social Marketing of Contraceptic and ORS भनेर अध्ययन-अनुसन्धान गरियो ।

यी अध्ययनहरुबाट मैले के पाएँ भने, पुनर्जलीय घोल प्रयोग गर्ने कुरामा आमाहरुमा जागरुकता चाहिं बढेको देखियो, तर प्रयोगमा भने उनीहरु झन् झन् निम्न स्तरमा झर्दै गएको पाइयो । यसका कारणहरुको बारेमा

प्रत्यक्ष विचार अन्तर्क्रियाको रिपोर्ट

समाजशास्त्री डा. कविताराम श्रेष्ठ र चिकित्सकहरु डा. शरद वन्त, डा. बेनुबहादुर कार्की र डा. सोनुलाल थापाका विचारहरु

डा. कविताराम श्रेष्ठ



डा. शरद बन्त

नून-चिनी-पानीमा तालिम कि बन्देज ?

थुप्रै hypothesis हरु अगाडि आउँदै थियो र मैले पनि यस सन्दर्भमा केही अध्ययन गर्न थालनी गरेको थिएँ । तर JSI ले अध्ययनका नी सबै कामहरुलाई बन्द नै गरिदियो । र हामी प्राविधिक व्यक्तिहरु JSI बाट बाहिरियौं । मैले भन यी अध्ययनहरुबाट नै यसैमा विद्यावारिधि (PhD) गरें ।

नून, चिनी, पानीको प्रयोगलाई बन्द गरिएको छ भन्ने कुरा हामी सबैलाई लागेको छ । तर, वास्तवमा त्यसलाई बन्द नै गरिएको भन्ने कुरा होइन रहेछ । बरु बन्दको संकेत भने पक्कै पनि छ । अर्थात्, औपचारिक रुपमा कागजमा र नीतिगत रुपमा बन्दको घोषणा नगरिएर व्यवहारमा बन्द गरिएको हो । यस काममा म पनि सलग्न छु ।

सन् १९८६ को वर्षमा नेपालमा नून चिनी, पानीको प्रयोगको प्रचार अभियान अत्यधिक मात्रामा जोडतोडले गरियो । रेडियो, पत्रपत्रिका, नाचगान आदि विभिन्न माध्यमहरुबाट गाउँ गाउँमा त्यो अभियान गरियो । सरकारले त्यस कार्यमा करोडौं-अरबौं रुपियाँ खर्च गऱ्यो । यो अभियान एक वर्षसम्म जारी रह्यो । त्यतिखेर वास्तवमा नून-चिनी-पानीको यसरी अन्धाधुन्ध यति विघ्न प्रचार प्रसार गर्नु ठीक थियो कि थिएन भनेर प्रश्नहरु प्रश्नस्तै उठे । त्यस अभियानको त्यो रुपलाई धेरै ठाउँबाट विरोध पनि प्रकट गरियो ।

नेपालमा वर्षनी पखालाबाट मात्रै ४५ हजार बालबालिकाहरु मर्ने गर्छन् । यो बाल मत्युदरलाई घटाउन जहाँ जहाँ ORS पुग्दैन त्यहाँ त्यहाँ नून-चिनी-पानीको घोल प्रयोग गर्ने गरुन् भन्ने उद्देश्यले नून-चिनी-पानीको प्रयोगको प्रचार अभियान चलाइएको थियो । अभियानमा गाउँ गाउँमा गई सिधै तालिमहरु दिने काम पनि गरिएको थियो ।

सन् १९८७ मा Evaluation of the Nepal National Home-made ORS Rehydration Solution, Nun-chini-Pani Campaign भनेर एक अनुसन्धानको कार्य गरियो । यसमा INTERCEPT को सलग्नता छ र त्यस संस्थाको तर्फबाट त्यस कार्यमा म खटिएर गएको थिएँ । त्यसमा संलग्न अन्य साथीहरुमा नील एम बी डग्लस एमबि MPH, आन्द्रि कुलर MPH र जन्मजय बेजाडे MS थिए ।

त्यस अनुसन्धान कार्यको दौरानमा नून-चिनी-पानीको अभियानबाट तत्काल परेको प्रभावलाई पत्ता लगाउने र त्यसको संभाव्य विकसित र प्रभावकारी तरिकाको बारेमा जनसाधारणलाई के के सल्लाह दिन सकिन्छ भन्ने कुरा पत्ता लगाउने ध्येय राखियो । अध्ययनलाई परिमाणात्मक पक्ष (quantitative aspect) र गुणात्मक पक्ष (qualitative aspect) गरी दुई भागमा विभाजित गरिएको थियो ।

परिमाणात्मक पक्षको अध्ययनको लागि जम्मा २० जिल्लामा छ सय परिवारका आमाहरुलाई नून-चिनी-पानीको प्रयोगको कुरा सोधिएको थियो । उनीहरुलाई पुनर्जलीय घोल बनाउन नून, चिनी र पानी दिइँदा उनीहरुले कुन अनुपातमा मिसाउँदा रहेछन् भन्ने हेरियो । यसको लागि आमाहरुले घोल बनाउनको लागि लिएको नून र चिनीको मात्रालाई छुट्टाछुट्टै भाँडोमा राखियो भने पानीलाई नाप्ने सिलिण्डरमा राखियो ।

अर्कोतिर, गुणात्मक पक्षको अध्ययनको लागि आमाहरु, ससुरोहरु र जेठिए शिक्षक आदि जस्ता केही जान्ने सुन्ने गाउँका अनौपचारिक नेताहरु राखेर १४/१५ जनाको जमघटमा नून-चिनी-पानीको सम्बन्धमा छलफलहरु चलाइयो ।

परिमाणात्मक अध्ययनको क्रममा संकलित गरिएका नून, चिनी र पानीका मात्राहरुलाई प्रयोगशालामा ल्याई जाँच्ने काम गरिएको थियो । जाँच पड्तालमा के कुरा आयो भने, पाँच जनामा तीनजनाले नून-चिनी-पानी के हो भन्ने कुरा जानेका रहेछन्, आधाभन्दा बढीलाई पखाला भन्ने कुरा थाहा रहेछ, पाँचजनामा एकजनाले गएको छ महिनामा नून-चिनी-पानीको प्रयोगको प्रयत्न गरेका रहेछन्, नून-चिनी-पानी प्रयोग गर्ने आधा भन्दा बेसीले तीन पटकभन्दा बढी प्रयोग गरेको रहेछ, आधाभन्दा बेसीले नून-चिनी-पानी सगसंगै जीवन जलको पनि प्रयोग गर्दारहेछन्, र जीवन जलभन्दा बेसी नून-चिनी-पानीको प्रयोग गर्दा रहेछन । त्यस्तै जाँच पड्तालबाट के कुरा थाहा भयो भने, नून-चिनी-पानीको बढी मात्रामा प्रयोग गरिनुको कारणमा त्यसको मूल्य सस्तो हुनु र त्यो सहज रुपमा प्राप्त गर्न सक्नु रहेको छ । तर नून-चिनी-पानी बढी मात्रामा प्रयोग गर्नेहरुले पनि राम्रोमा जीवन जललाई नै मानेका रहेछन् ।

जाँच पड्तालबाट अर्को थाहा भएको कुरा के हो भने, गाउँका जनसाधारणलाई जीवन जल र नून-चिनी-पानीको प्रयोगमा प्रशस्त अलमलपन भएको रहेछ । नून-चिनी-पानी प्रयोग गर्ने चारजनामा केवल एकजनाले मात्र पुनर्जलीय घोलमा कति कति अनुपातमा नून, चिनी र पानी मिसाउने भन्ने कुरा सही ढगले बताउन सक्यो । तर, पुनर्जलीय घोल बनाउने बेलामा नै भने, केवल सातजनामा एक जनाले मात्र बनाउने तरिका जान्दोरहेछ । नौ जनामा एक जनाले मात्रै सुरक्षित तवरले सही ढगले नून-चिनी-पानीको घोल बनाउन जान्दो रहेछ । यसको अर्थ, ११ प्रतिशतले मात्र प्रभावारी नून-चिनी-पानीको पुनर्जलीय घोल तयार पार्न जान्दा रहेछन्, ३३ प्रतिशतले गलत ढगले तयार पार्दा रहेछन् । ३३ प्रतिशतले तयार पार्ने पुनर्जलीय घोल असुरक्षित किसिमको रहेछ ।

यी नतिजाहरुको कारणले गर्दा त्यति नै खेर हामीले नून-चिनी-पानीको प्रयोगमा प्रश्न उठाएका थियौं ।

यस सम्बन्धी प्रकाशनहरुलाई पल्टाएर हेर्दा के बुझिन्छ भने, पनर्जलीय घोल बनाउँदा एक लिटर पानीमा नूनको गाढापन निश्चित मात्रामा मिलाउनु पर्छ । तर २५ प्रतिशत घटी वा बढी भए पनि खास फरक पार्दैन । प्रकाशनहरुमा के भनिएको छ भने, घोलमा नूनको मात्रा बढी भएमा जीवन असुरक्षित हुन्छ र घटी भएमा त्यसको प्रभावकारिता हुँदैन । त्यस्तै चिनीको मात्रा बढी भएमा शरीरमा नून फिर्जिन नै सक्दैन भनिएको छ । चिनी बढी भएमा हाइपरओस्लोभर भन्ने स्थिति शरीरमा बन्दो रहेछ र त्यस अवस्थामा पखाला झन बढी लाग्दो रहेछ । त्यसैले पनर्जलीय घोलमा नून वा चिनी कुनै पनि बेसी भएको अवस्थामा त्या हानिकारक नै हुन्छ ।

अध्ययनबाट के थाहा भयो भने, ३३ प्रतिशत गलत तरिकाले नून-चिनी-पानीको घोल बनाउनेहरु मध्ये १८ प्रतिशतले चिनी बेसी हाल्दा रहेछन् भने नून बेसी हाल्नेहरु ८ प्रतिशत रहेछन । र, दुवै बेसी हाल्नेहरु ७ प्रतिशत रहेका छन् ।

यसरी ३३ प्रतिशत जनसाधारणले गलत तरिका अप्नाई नून-चिनी-पानीको घोल बनाएर जीवन खतरामा पारिराखेको देखिएकोले नून-चिनी-पानीलाई बन्द गरिएको हो । अहिले स्वास्थ्य शिक्षाका सामग्रीहरुमा नून-चिनी-पानीको विषयलाई पूर्णतः हटाइएको छ र त्यस्तै रेडियो र टेलिभिजनमा पनि जीवन जलको कुरा मात्र दिइने गरेको छ, नून-चिनी-पानीको कुरालाई त्यहाँबाट पनि पूर्णतः हटाइएको छ ।

जीवन जलको प्याकेटमा नून र चिनीको मात्रा पहिले नै निश्चित मात्रामा मिलाइसकिएको हुने हुनाले त्यसको प्रयोगमा नून र चिनीको मात्रा बढी हुने सम्भावना देखिँदैन । जहाँसम्म पानीको मात्राको कुरा छ, त्यो त नून-चिनी-पानीको घोल र जीवन जलको घोल दुईमध्ये कुनैमा पनि घटिबढी हुने सम्भावनाहरु उत्तिकै छ ।

जहाँसम्म गाउँका सर्वसाधारणले ८-९ रुपियाँको जीवन जल किन्न सक्दैन भन्ने कुरा छ, यस सम्बन्धमा म के भन्छु भने- 'किन्न सक्दैनन' भन्ने कुराको आधारमा जीवन नै

हामी प्राविधिक व्यक्तिहरु JSI बाट बाहिरियौं । मैले भने यी अध्ययनहरुबाट नै यसैमा विद्यावारिधि (PhD) गरें ।

चिनी बढी भएमा हाइपरओस्लोभर भन्ने स्थिति शरीरमा बन्दो रहेछ र त्यस अवस्थामा पखाला झन् बढी लाग्दो रहेछ । त्यसैले पुनर्जलीय घोलमा नून वा चिनी कुनै पनि बेसी भएको अवस्थामा त्यो हानिकारक नै हुन्छ ।

कवितारामजीले नून-चिनी-पानीको सन्दर्भमा प्राविधिक कुराहरू जे जति भन्नुभयो, ती कुराहरू गलत छैनन् ।

खतरामा पर्ने कुरालाई प्रोत्साहित गर्ने कामलाई म ठीक मान्दिन ।

डा. शरद बन्त

प्राथमिक उपचार स्रोत केन्द्रका विज्ञ

वास्तवमा कवितारामजीले धेरै कुरा प्रष्ट पार्नुभयो । नून-चिनी-पानी अहिले अघोषित रुपमा बन्द गरिएको छ । अहिले हामी बढी चिन्तित भएको कारण के हो भने, अहिले हरेक दिन जस्तो पत्रिकाहरुमा झाडा पखालाबाट मानिसहरु मरिरहेको कुरा प्रकाशित भइरहेको छ । काठमाडौंमै पनि हैजा पसिसकेको समाचार अखबारहरुले प्रकाशित गरेका छन् । स्थिति अहिले के छ भने, एकातिर ORS का प्याकेटहरु गाउँ घरमा पठाउन नसकिने, अर्कोतिर नून-चिनी-पानी पनि बन्द भइसकेको छ । यस अवस्थामा के हामी गाउँघरमा पखालाबाट मानिसहरु मरिरहेको हेरिराख्ने त ? यो कुराले पनि अहिलेको यो अन्तर्क्रिया बढी सान्दर्भिक भइरहेको छ ।

कवितारामजीले नून-चिनी-पानीको सन्दर्भमा प्राविधिक कुराहरु जे जति भन्नुभयो, ती कुराहरु गलत छैनन् । पुनर्जलीय घोल बनाउँदा नून र चिनीको मात्रा बढी हुन गएमा घातक पनि हुनसक्छ भन्ने कुरा सही हो । तर, म नून-चिनी-पानीको कुरा यसको प्राविधिक पक्षबाट भन्दा पनि यसो शुरुवात नेपालमा केको आधारमा भयो भन्ने कुराबाट गर्न चाहन्छु ।

जतिखेर नेपालमा नून-चिनी-पानीको अभियान शुरुवात गरियो, त्यतिखेर त्यसका केही खास आधारहरु र केही खास अनुमान (assumption) हरु थिए । मैले बुझेअनुसार, नून-चिनी-पानीको अभियान संचालन गरिनुमा मुख्यतया तीन आधारहरु थिए । पहिलो आधार भनेको ८० को दशकमा नेपालमा पाँच वर्षे मुनिका बालबालिकाहरु धेरैजसो झाडा पखालाबाट नै मर्ने गर्थे । १९८५ मा नेपालमा १ करोड ७० लाख मानिसहरु झाडा पखालाबाट पीडित भए । त्यसैले त्यतिखेर झाडा पखाला एउटा ठूलो समस्याको रुपमा रहेको थियो । तर, त्यतिका मानिसहरुका लागि तयारी ORS का प्याकेटहरु व्यवसायिक रुपले सजिलै पर्याप्त उत्पादन गर्न सक्ने स्थित थिएन र तयारी प्याकेटहरुलाई गाउँ गाउँमा पुऱ्याउन पनि सक्ने स्थिति थिएन । यो दोस्रो आधार थियो भने, तेस्रो आधार भनेको यदि नून-चिनी-पानीलाई ठीक ढंगले तयार गर्न सकियो भने यसले पनि तयारी ORS कै हाराहारीमा प्रभावकारी भूमिका खेल्दछ भन्ने कुरो थियो । यी तीन आधारहरुलाई मानेर नै नून-चिनी-पानीको अवधारणा नेपालमा आएको हो ।

अर्को कुरो, यी अवधारणाहरुका साथसाथै एउटा के अनुमान पनि गरिएको थियो भने, नेपालीहरुलाई तालिम दिएर वा जनस्तरमा अभियानहरु संचालन गरेर नून-चिनी-पानी ठीक ढंगबाट बनाउन सक्षम तुल्याउन सकिन्छ । मलाई के लागिरहेछ भने, ती तीन आधारहरु अहिलेको समयमा पनि त्यत्तिकै सान्दर्भिक छन् । किनकि, UNICEF को प्रतिवेदन हेर्ने हो भने, अहिले पनि झण्डै एक करोड मानिसहरु झाडा पखालबाट पीडित हुने गरेका छन् । अर्थात्, झाडा पखाला अझै ठूलो समस्याको रुपमा रहेको छ । त्यस्तै ORS का तयारी पयाकेटहरु पर्याप्त मात्रामा उत्पादन गरेर लक्षित जन समुदायसम्म पुऱ्याउन सक्छौं भन्ने आत्मविश्वास हामीसंग पलाउन सकेको छैन । र, तेस्रो कुरो भनेको नून-चिनी-पानी प्रभावकारी छैन भन्ने सवाललाई लिएर तयार गरिएको लेख-रचना अहिलेसम्म पाइएको छैन । त्यसैले यसको प्रभावकारीता छ भन्ने कुरो अझै मलाई लागिरहेको छ ।

जहाँसम्म, कवितारामजीले आफ्नो अनुसन्धानको प्रतिवेदनको आधारमा हामीले अनुमान गरेभन्दा थोरैले मात्र नून-चिनी-पानीलाई ठीक ढंगले तयार गर्न सक्दा रहेछन् भनेर जे भन्नुभयो, त्यस सम्बन्धमा त मेरो केही भन्नु छैन । त्यो प्रतिवेदन सही नै होला । तर नून-चिनी-पानीको अभियान संचालन भएको करिब १४/१५ महिनापछि नै गरिएको त्यस अनुसन्धान कतिको उपयुक्त र भरपर्दो होला भन्ने मलाई लागेको छ । अर्को कुरा, त्यति सानो समयावधिमा रेडियो संचारले दिएका जति पनि सन्देशहरु छन्, ती देशका सबै कुनामा पुगिसकेका थिएनन् ।

रेडियो सन्देश पुगेका ठाउँहरुमै पनि त्यसले जनसाधारणमा नून-चिनी-पानीको घोल बनाउने शीप नै राम्रो विकास हुन सक्ने कुरो थिएन । १४/१५ महिनाभित्र संचालन गरिएका तालिमहरु पनि वास्तवमा तालिम नभई केवल जनपरिचालन मात्र थियो । किनकि, त्यतिखेर एकै पटक एउटा समूहमा १४० जनासम्म राखेर तालिम दिइएको थियो । त्यतिका सख्यामा मानिसहरु सहभागी गराएर ठीक ढगले शीप सिकाउन सम्भव छैन । त्यसैले त्यो केवल जन-परिचालन मात्र थियो । त्यस्ता स्थितिमा पनि ११ प्रतिशतले राम्रो ढगले नून-चिनी-पानीको पुनर्जलीय घोल तयार गर्न जानेको कुरो चानचुने होइन । तसर्थ, हामीले ३३ प्रतिशतले खतरापूर्ण ढगले नून-चिनी-पानीको घोल बनाएकोले यो प्रभावकारी छैन भन्नु उपयुक्त हुँदैन । मलाई के लाग्छ भने, पर्याप्त तालिमहरु उपलब्ध गराई नून-चिनी-पानीलाई गाउँका कुनाकुनामा प्रभावकारी बनाउन सकिने सम्भावनाहरु अझै बाँकी छन् ।

अर्को कुरो, जहाँसम्म नून-चिनी-पानीको विकल्पको रुपमा घरभित्र नै तयार पारिने झोल पदार्थहरु (Home-made fluid) दिने भन्ने कुरो हो, यो सही नै छ । तर, पुनर्जलीय घोल (ORS) नै दिन पर्दा जीवन जल जस्ता तयारी ORS का प्याकेटहरु नै दिनपर्छ भन्ने जुन कुरो छ, यो सम्बन्धी अध्ययन एकपक्षीय भयो भन्ने मलाई लाग्छ । किनकि, नून-चिनी-पानी कतिको सही ढगले तयार गरिन्छ भन्ने कुराको मात्र अध्ययन गरिएको छ, जीवन जल कतिको सही ढगले तयार गर्ने गरिएको छ भनेर यहाँ अध्ययन गरिएको छैन । कही ३३ प्रतिशतभन्दा बढीले नै खतरापूर्ण ढगले जीवनजल तयार गर्ने गरेका छन् कि ? त्यस्तै कही ११ प्रतिशत भन्दा कमले मात्र जीवन जल प्रभावकारी ढगले तयार पार्न जानेका छन् कि ?

डा. बनबहादुर काकी

डा. सोनलाल थापा

भारत-पाक युद्धताका ORS लाई प्रयोगमा ल्याइयो !

जीवन जलको प्याकेटमा पहिले नै नून-चिनी निश्चित मात्रामा मिलाएर राखिएको हुन हुनाले घोल बनाउँदा यदि पानी आवश्यकताभन्दा कम मात्रामा मात्र मिलाइयो भने घोलमा स्वत नून र चिनी दबैको मात्रा बढ्न जान्छ । तर, नून-चिनी-पानीमा तुलनात्मक रुपमा यसको सम्भावना कम हुन्छ । नून-चिनी-पानीको घोल बनाउँदा व्यवहारमा नून र चिनी मध्ये कुनै एकको मात्रा बढी हुने सम्भावना होला । दबैको मात्रा नै बढी हुन भन्ने सम्भावना कमै हुन्छ । त्यसैले नून-चिनी-पानीभन्दा जीवन जल बढी सुरक्षित छ भन्ने कुरामा म अलिकति सहमत हुन सकिरहेको छैन ।

त्यसैले, मेरो भनाइ के हाइन भने, हामीले नून-चिनी-पानीलाई नै अठ्याइराख्ने पर्छ, तर यस सम्बन्धमा अहिलेसम्म हामीले जे जति अध्ययन अनुसन्धानहरु गऱ्यौं र जे जति नीतिहरु लियौं, ती सबै अलि अपरिपक्व (premature) भयो कि ?!

मलाई के लाग्छ भने, अहिलेको उपयुक्त विकल्प भनेको नून-चिनी-पानीको घोललाई सही ढगले तयार गर्ने सम्बन्धमा तालिमहरुको स्तर (qauality) लाई माथि उकास्ने र यसको प्रचारमा आम सचारका माध्यमहरुलाई प्रभावकारी बनाउने हो ।

त्यतिखेर एकै पटक एउटा समूहमा १४० जनासम्म राखेर तालिम दिइएको थियो । त्यतिका संख्यामा मानिसहरु सहभागी गराएर ठीक ढंगले शीप सिकाउन सम्भव छैन ।

अन्तर्क्रिया

डा. वेनुबहादुर कार्की

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक

यहां अहिले 'नून-चिनी-पानीलाई किन बन्द गरियो ? यो राम्रो र प्रभावकारी छ।' 'जीवन जल आउन् हुँदैनथ्यो । यो किन आयो ?' भन्ने सवालमा वादविवाद केन्द्रित भएको देखें । यी विवादहरु म केही मतलब ढेखिन्नं ।

किनकि, झाडा पखालमा तरल पदार्थ र इलेक्ट्रोलाइट (electrolyte) को कुरा आउँछ । झाडा पखाला शुरु हुँदा पानी बढ्ता खाईदिने गर्नुपर्छ । बच्चालाई भए आमाको दुध बढ्ता खाईदिने गर्नु पर्दछ । दालको रस, तरकारीको रस, भातको माड आदि पनि खाउन सकिन्छ । यो निकै प्रभावकारी हुन्छ ।

अब नून-चिनी-पानीको कुरा गरौं । नून-चिनी-पानीको आफ्नै स्थान छ, जीवन जलको आफ्नै स्थान छ र रक्तनलीमा सिधै दिइने तर पदार्थ (Intra-veinous fluid) को आफ्नै स्थान छ ।

तरकारीको झोल, दालको रस, भातको माड र नून-चिनी-पानी जस्ता घरमै तयार गरिने तरल पदार्थ (Home-made fluid) हरु जल वियोजन (dehydration) लाई रोक्नको लागि दिइन्छ, जल वियोजनको उपचारको लागि होइन । जल वियोजनको उपचारकै लागि त जीवन जल वा ORS fluid दिइन्छ । तर ORS fluid पाइएन भने के दिने ? स्वभाविक रुपमा त्यतिखेर नून-चिनी-पानी लगायत अन्य घरेलु तरल पदार्थहरु दिइनु पर्छ ।

हैजा भएको व्यक्ति छ भने ORS दिइदैन, उसलाई सिधै रक्तनलीमा Intra-veinous Fluid दिइन्छ । तर, Intra-veinous fluid छैन भने के गर्ने त ? ORS नदिने ? अवश्य नै त्यतिखेर ORS नै दिने हो । यदि विरामीले ORS पनि खान सक्दैन भन त्यतिखेर कहीबाट Major Gastric Tube ल्याएर भए पनि पेटमा केही ORS तरल पदार्थ पठाउनु पर्छ । पेटमा पुगेका तरल पदार्थ अलिकति पनि शरीरले सोसेर लिन्छ भने पनि त्यसले धेरै मद्दत गर्छ र त्यसपछि सोस्ने क्षमता बढ्न जान्छ । र, यसरी नै विरामीले स्वास्थ्य पुनर्लाभ (recover) गर्दै जान्छ ।

त्यसकारण, नून-चिनी-पानी कतिको लाभदाय र प्रभावकारी छ-छैन भन्नेबारे म केही भन्दिनं ।

नून-चिनी-पानीलाइ पहिले पनि बन्द गरिएको थिएन र अहिले पनि बन्द गरिएको छैन । तर यसलाइ पहिले जति सक्रिय ढगले प्रोत्साहन दिइएको हो, अहिले दिइएको छैन । प्रोत्साहन किन दिइएन भन्ने सन्दर्भमा म के भन्छु भने, गाउँघरमा यस्तो पनि धेरै पाइयो कि, पुनर्जलीय घोल बनाउँदा मानिसहरु पानीमा नून-चिनी पनि हाल्ने र जीवन जल पनि हाल्ने गर्दा रहेछन् । वास्तवमा, दुवैको प्रचार हुँदा तिनीहरु अलमलमा परेका रहेछन् । जहाँसम्म स्वास्थ्य शिक्षाको अभाव छ भन्ने डा वन्तको कुरा छ, त्यस सम्बन्धमा म के भन्छु भने, स्वास्थ्य शिक्षाको अभावको कारणले मात्र भन्दा पनि मानिसहरुको हेलचेक्र्याइँ गर्ने प्रवृत्तिले गर्दा त्यस्तो भएको हो । विदेशमा जानेहरु कण्डोम नलिइकन बाहिर यौन सम्पर्कमा जानु हुँदैन भन्ने शिक्षा पाउँदा पाउँदै पनि स्वदेश फर्कंदा एड्स बोकेर आउँछन् । त्यसैले यी सबै बानी व्यहोराको कुरा हुन् । र, यसको सुधार हुन धेरै समय लाग्दछ ।

घरमा बनाउने पुनर्जलीय घोलमा खास गरी तीन चिजहरु हुन्छन् । पहिलो नून, दोस्रो कार्बोहाइड्रेट र तेस्रो तरल पदार्थ । यो बनाउँदा तिनीहरुको मात्रामा केही केही फरकपना आउन सक्दछ । तर, त्यसले खास हानीकारक असर गर्दैन । किनकि, जस्तो कि नूनको मात्रा १.५ ग्राम देखि लिएर ३ ग्राम सम्म हुँदा पनि फरक पर्दैन । यसको अर्थ नूनको मात्रामा शतप्रतिशत फरक पर्दा पनि खराब हुँदैन भन्ने हो । त्यसैले, घरेलु पुनर्जलीय घोल बनाउँदा अलिकति फरक पर्नाले घातक परिणाम आउँछ भन्ने कुरा सत्य होइन । फेरि हामी यो पुनर्जलीय घोल गम्भीर विरामीलाई त दिइरहेका हुँदैनौं नि ! विरामीको शुरुको चरणमा मात्र हामी यो पुनर्जलीय घोल दिइरहेका हुन्छौं ।

डा. सोनुलाल थापा

बालरोग महाशाखा अन्तरगत झाडा पखाला नियन्त्रण केन्द्रका शाखा प्रमुख

ORS को अवधारणा नेपालमा सन १९७० को दशकतिर शुरु भएको थियो । सन् १९७१ मा जब भारत-पाकिस्तानबीच युद्ध भयो, त्यतिखेर लाखौंको सख्यामा बगलादेशीहरु शरणार्थी भएर भारत पसेका थिए । भारतमा तिनीहरुको शिविरभित्र हैजाको ठूलो महामारीको प्रकोप भयो । त्यहाँ यति धेरै मानिसहरु विरामी भए कि, तिनीहरुलाई Intra-veinous fluid दिन सम्भव नै भएन । त्यसबेला त्यहाँ ORS लाई प्रयोगमा ल्याइयो । त्यस प्रयोगमा ORS धेरै नै प्रभावकारी भएको कुरा पुष्टि भयो । र, त्यसपछि ORS लाई अन्य विकासोन्मुख राष्ट्रहरुमा पनि लैजानु पर्छ भन्ने विचार आयो । त्यही क्रममा ORS नेपालमा पनि भित्रियो र सबभन्दा पहिले यसको प्रयोग कान्ति अस्पतालमा गरियो ।

सन् १९९४ मा हामीले सि.डि.डि. हेल्थ फ्यासिलिटी सर्भे गरेका थियौं । त्यस सर्भेमा हेल्थ पोष्ट, हेल्थ सेन्टर, अस्पतालहरु आदि ठाउँमा झाडा पखालाका कारण ल्याइने ७० प्रतिशतभन्दा बढी बच्चाहरुमा जलवियोजन देखिएन । त्यस्ता बच्चाहरुलाई ORS को आवश्यकता पर्ने कुरै आएन । त्यस्ता बच्चाहरुलाई हामीले घरेलु तरल पदार्थहरु, जस्तो कि, खानाबाट प्राप्त हुने झोल पदार्थ अर्थात् तरकारीको रस, दालको रस, भारतको माड आदि दिएर झाडा पखालालाई रोक्न सक्छौं ।

ORS को सन्दर्भमा शुरुमा जसरी विभिन्न सन्देहरु बाहिर जनमानसमा गए, त्यसले झाडा पखाला लाग्नासाथ जसरी भए पनि ORS दिनुपर्छ भन्ने धारणा सबैमा रहन गयो । त्यो ठीक थिएन र पछि हामीले यसलाई महसुस गरेर बाहिर जनमानसमा जाने सन्देशहरुको निर्माण गर्दा जीवन जललाई सबभन्दा पछाडि राख्यौं । पहिलो प्राथमिकता हामीले घरेलु खाद्य तरल पदार्थलाई दिएका छौं । त्यो काम हामीले हाम्रो राष्ट्रिय नीति अनुसार नै गरेका छौं ।

जीवन जल शुरुमा हरेक वर्ष एक लाख प्याकेटबाट शुरुवात गरिएको थियो । अहिले हामी अधिराज्यभर गरी वर्षेनी ४० लाख प्याकेटहरु बाँडिरहेका छौं ।

म के भन्छु भने, हाम्रो लक्षित समूह भनेको पाँच वर्षमुनिका बालबालिकाहरु हुन् । किनकि, झाडा पखालाबाट सबभन्दा बढी सख्यामा मर्ने ती बालबालिकाहरु नै हुन् । सर्भेक्षणबाट नेपालमा अहिले पाँच वर्षमुनिका बालबालिकाहरुको संख्या ३३ लाख भएको कुरा थाहा हुन्छ । हामीले जीवन जलको आपूर्ति ४० लाखभन्दा बढी गर्छौं । अर्को कुरो, ३३ लाख बालबालिकाहरुमध्ये जल वियोजन हुनेहरुमा जीवन जल चाहिनेहरु २० प्रतिशतभन्दा बढी हुँदैनन् । त्यसमा पनि कतिपयलाई Intra-veinous fluid नै दिनु पर्छ । यी कुराहरुबाट जन समुदायमा जीवन जल उपलब्ध छैन भन्न सकिँदैन । र, अझै जीवन जल पर्याप्त मात्रामा उपलब्ध होस् भनेर अहिले गाउँ गाउँमा छरिएर रहेका स्वास्थ्य स्वयंसेविकाहरुलाई हामी जीवन जल हरेक महिनामा १० प्याकेटको दरमा वितरण गर्छौं । त्यसैले अहिले जीवन जल जनसमुदायमा सजिलैसित उपलब्ध छ ।

नून-चिनी-पानीको सन्दर्भमा म के भन्छु भने, यसको प्रचार प्रसारको शुरु गर्ने श्री ५ को सरकार होइन । यसलाई वर्ल्ड भ्यू इन्टरनेशनलले शुरु गरेको थियो र यसलाई उसले नै बन्द गरेको हो । श्री ५ को सरकारले यसको प्रचार प्रसारमा सहयोग मात्र गरेको थियो ।

नून-चिनी-पानीलाई म के भन्छु भने, यो बन्द गर्ने काम सर्भेक्षणको आधारमा गरिएको थियो । नेपालमा दुर्गम ठाउँहरुमा चिनी उपलब्ध छैन । अर्को कुरो, १९८९ को सर्भेबाट के देखियो भने, नून-चिनी-पानीलाई सही ढगले तयार पार्नेहरु केवल २ प्रतिशत मात्र रहयो । जबकि, अरबौं रुपियाँ खर्च गरेर प्रचार-प्रसार गर्दा पनि सयमा २ जना आमाहरुले मात्र सही ढगले नून-चिनी-पानी तयार पार्न जाने भने त्यो प्रचार-प्रसारको कतिको अर्थ रहयो ? अहिले फेरि जीवन जललाई बन्द गरेर नून-चिनी-पानीतर्फ जाऔं भन्ने हो भने, हामीले १४/१५ वर्ष लगाएर जीवन जलको जुन प्रचार प्रसार गऱ्यौं र त्यसलाई गाउँ गाउँमा जसरी पुऱ्याऔं, ती सबै अर्थहीन हुन जान्छन् । यति हुँदाहुँदै पनि अहिलेसम्म जीवन जल सही ढगले तयार गर्ने काम राम्ररी हुन सकेको छैन । यसको लागि अहिले हामी रेडियो संचार तथा अन्य संचार माध्यमबाट प्रचार प्रसार गरेर मात्र पनि हुँदैन र स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम दिएर मात्र पनि हुँदैन भन्ने सोचाइमा पुगेका छौं । बरु यसलाई व्यक्ति व्यक्ति बीचको संचार प्रणालीबाट प्रचार प्रसारमा लग्ने काम गर्दा ठीक होला कि भनेर हामी त्यतातिर कार्यक्रम लदैछौं । यही कारणबाट हामीले नून-चिनी-पानीलाई प्रोत्साहन नदिएका हौं । तर, यसलाई बन्द गर्ने काम भने श्री ५ को सरकारले गरेको होइन । *(क्रमश)*

नूनको मात्रामा शतप्रतिशत फरक पर्दा पनि खराब हुँदैन भन्ने हो । त्यसैले, घरेलु पुनर्जलीय घोल बनाउँदा अलिकति फरक पर्नाले घातक परिणाम आउँछ भन्ने कुरा सत्य होइन ।

जहाँसम्म स्वास्थ्य शिक्षाको अभाव छ भन्ने डा वन्तको कुरा छ, त्यस सम्बन्धमा म के भन्छु भने स्वास्थ्य शिक्षाको अभावको कारणले मात्र भन्दा पनि मानिसहरूको हेलचेक्र्याइँ गर्ने प्रवृत्तिले गर्दा त्यस्तो भएको हो ।

ग्रीसमा ५० देशका ५७ कम्युनिष्ट पार्टीहरूको भेला

मार्क्सवादको अमरतामाथि कसैले पनि औंलो ठड्याउन सक्दैन !

ग्रीसको कम्युनिष्ट पार्टी (CPG) को आयोजनामा ग्रीसको राजधानी एथेन्समा गत मे २२ देखि २४ सम्म अन्तर्राष्ट्रिय कम्युनिष्ट भेला सम्पन्न भएको छ। 'कम्युनिष्ट घोषणापत्र' को प्रकाशनको १५० औं वर्षगाँठ र CPG को पार्टीको ८० औं स्थापना दिवसको सन्दर्भमा सो भेला आयोजना गरिएको थियो। भेलामा विश्वभरका ५७ वटा कम्युनिष्ट र श्रमिक पार्टीहरुका प्रतिनिधिहरुको सहभागिता थिया।

अन्तर्राष्ट्रिय भेलामा विचार-विमर्शको विषयको रुपमा राखिएको थियो- 'वर्तमान परिस्थितिमा कम्युनिष्ट पार्टीहरु !'

सोभियत संघलगायतका पूर्वी युरोपेली देशहरुमा समाजवाद ढलेपछि सिर्जना भएको वर्तमान परिस्थितिमा कम्युनिष्ट पार्टीहरु कसरी संघर्षरत छन् ? उनीहरुको सिद्धान्त र व्यवहार कस्तो छ ?- यी विषयहरु सबैको चासोको विषय भइरहेको छ। यसै सन्दर्भमा, 'समाजवादको सपना अन्त्य भइसकेको' घोषणा गरिरहेका पूंजीवादी-साम्राज्यवादी खेमालाई चुनौति दिंदै 'कम्युनिष्ट घोषणापत्र' को प्रकाशनको १५० औं वर्षगाँठको अवसरमा आयोजित यस भेलाले पुनः एक पटक समाजवादको सपना साकार पार्ने दृढता व्यक्त गरेको थियो।

मार्क्सवादलाई आफ्नो धारिलो वैचारिक हतियार सभ्नने, 'कम्युनिष्ट पार्टीको घोषणापत्र' लाई संसारभरका मजदूरहरुको पूँजीवादविरोधी ऐतिहासिक महायुद्धको घोषणा ठान्ने कम्युनिष्ट पार्टीहरु तथा श्रमिक पार्टीहरुले एकसाथ घोषणा गरेका थिए- विश्व सर्वहारा क्रान्तिको मार्गदर्शक पुस्तक- "कम्युनिष्ट घोषणापत्र"ले अगाडि सारेका सपनाहरु अहिले पनि जायज छन्। र, ती सबै 'साकार पार्न संभव' सपनाहरु नै हुन्। मार्क्सवादको अमरतामाथि कसैले पनि औंलो ठड्याउन सक्दैन।

ग्रीसेली कम्युनिष्ट पार्टी CPG का महासचिव क. अलेका पापारिगाले भेलाको उद्घाटन गरेका थिए। यो पार्टीले अन्तर्राष्ट्रिय भेलाहरु कुशलतापूर्वक संचालन गर्ने काममा नाम कमाइसकेको छ। यस पार्टीको विशाल केन्द्रीय कार्यालयमा अन्तर्राष्ट्रिय सेमिनार भएको थियो। पार्टी कार्यालयमै विशाल हल छ। त्यस हल वरिपरि सेमिनारभरि ग्रीक कम्युनिष्टहरुको विशाल उपस्थिति थियो।

सो अन्तर्राष्ट्रिय भेलाले केही महत्वपूर्ण निष्कर्षहरु निकालेको देखिन्छ। पूँजीवादको एकछत्र राज चलिरहेको यस अवस्थामा पनि मार्क्सवादको, समाजवादको, न्यायपूर्ण समाजको कुरा गर्नेहरु मरेका छैनन् भन्ने भावसहित भेलामा प्रष्ट रुपमा देखापरेको विचार हो- कम्युनिष्ट घोषणाले आजभन्दा डेढ सय वर्षअगाडि निर्धारित गरेका विश्लेषणहरु, उद्देश्यहरु र बाटाहरु अहिले पनि जायज र सही छन्। विज्ञान र प्रविधिको क्षेत्रमा भएका क्रान्तिकारी परिवर्तनहरुले उत्पादनमा नयाँ रुप-रंगका मजदूरहरु निर्माण गरेतापनि शोषण-उत्पीडन जारी छ। जबसम्म शोषण-उत्पीडन जारी रहन्छ, तबसम्म शोषित पीडित मानिसहरुको शोषण र उत्पीडनबाट मुक्त, स्वस्थ, सुन्दर र समतामूलक समाजमा बाँच्ने सपना कहिल्यै अन्त्य हुन सक्दैन।

यो निष्कर्षलाई आत्मसात गरेर भेलाका सबै प्रतिनिधिहरुले विश्वका सबै कम्युनिष्ट श्रमिक पार्टीहरुबीच क्षेत्रीय र विश्वव्यापी स्तरमा संयुक्त कारवाहीहरु संचालन गर्नुपर्ने कुरामा विशेष जोड दिएका थिए। उनीहरुले यस्ता कारवाहीहरुमा साम्राज्यवादविरोधी सबै वामपन्थी र प्रगतिशील शक्तिहरुको साथ लिन सकिने कुरामाथि पनि ध्यानाकर्षण गरेका थिए।

भेलाको क्रममा भएको विचार-विमर्शले क्यूबा, उत्तर कोरिया, प्यालेस्टाइनलगायत साम्राज्यवादीहरुको आक्रमण विरुद्ध र सैनिक हस्तक्षेपका विरुद्धसंघर्षरत राष्ट्रका जनतापति ऐक्यबद्धता प्रदर्शन गर्न निकै सहयोग पुऱ्यायो। साम्राज्यवादी हस्तक्षेपका विरुद्ध संघर्षरत विश्वका सबै जनतापति ऐक्यबद्धता प्रदर्शन गर्दै भेलाले साम्राज्यवादका विरुद्ध क्षेत्रीय र विश्वव्यापी स्तरमा संघर्ष गर्नका लागि आव्हान गरेको थियो। भेलाले पूंजीवादी-साम्राज्यवादीहरुको सैनिक संगठन-NATO ले यूरोपको सुरक्षा र यूरोपेली जनताको प्रजातान्त्रिक अधिकारमाथि खडा गरेको असुरक्षा भावका विरुद्ध यूरोपभरि संघर्ष छेड्नुपर्ने आवश्यकतामाथि पनि जोड दिएको थियो।

भेलामा विभिन्न क्षेत्रमा कार्यरत कम्युनिष्ट र श्रमिक पार्टीहरुबीच आफ्ना वैचारिक अडानहरु र आफ्ना राजनीतिक-सांगठनिक क्रियाकलापहरुका बारेमा दस्तावेजहरु आदान-प्रदान गर्ने सहमति कायम गरेर कम्युनिष्ट पार्टीहरुबीच नजिकिने क्रमलाई तीव्र पार्ने प्रयास गरिएको थियो।

दुई दिने भेलाभरि ग्रीक जनताको प्रतिरोध आन्दोलनका वीर नायक तथा CPG का मानार्थ सभापति जर्जियोस फ्लोराकिस लगायत अन्य प्रौढ कमरेडहरु र नेतृत्वदायी व्यक्तिहरुको उपस्थितिले भेलालाई थप ऊर्जा दिएको थियो।

भेलाको अन्तमा जब अन्तर्राष्ट्रिय गीतको धून बज्यो, तब विश्वभरबाट आएका कम्युनिष्ट र श्रमिक पार्टीका प्रतिनिधिहरु एकसाथ उठेर बलियोसंग मुट्ठी कसेर अन्तर्राष्ट्रिय गीत गाए र अन्तमा उनीहरुले एकसाथ उद्घोष गरे- मार्क्सवाद अपराजित छ, किनकि यो सत्य हो !' (Marxism is omnipotent because it is true.) ❑

पूँजीवादी-साम्राज्यवादी खेमालाई चुनौति दिंदै 'कम्युनिष्ट घोषणापत्र' को प्रकाशनको १५० औं वर्षगाँठको अवसरमा आयोजित यस भेलाले पुनः एक पटक समाजवादको सपना साकार पार्ने दृढता व्यक्त गरेको थियो।

विश्व कम्युनिष्ट आन्दोलन

ब्रसेल्समा अन्तर्राष्ट्रिय सेमिनार

अन्तर्राष्ट्रिय कम्युनिष्ट एकताको लागि

क. लुडो मार्टिन

प्रत्येक वर्ष झैं यसपालि पनि यूरोपीय देश बेल्जियमको राजधानी ब्रसेल्समा वामपन्थीहरुको अन्तर्राष्ट्रिय स्तरको सेमिनार भयो। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एकता स्थापित गर्ने उद्देश्यले गरिएको सातौं अन्तर्राष्ट्रिय सेमिनारमा ४४ वटा मुलुकका कम्युनिष्ट पार्टीहरुको सहभागिता थियो।

४४ मुलुकका ७५ जना कम्युनिष्ट नेताहरुको सहभागितामा मे २ देखि मे ४ सम्म भएको सो सेमिनारमा अल्वानियाको लेबोर पार्टीका सभापति तथा अल्वानियाका पूर्व राष्ट्रपति अनवर होक्जाकी पत्नीको उपस्थितिलाई निकै महत्वपूर्ण मानिएको थियो। श्रीमती होक्जाले अल्वानियाको लेबोर पार्टीको प्रतिनिधित्व गरेकी थिइन्।

सो अन्तर्राष्ट्रिय सेमिनारमा अल्वानिया लगायत ग्रीस, कंगो, अजरबैजान, कोरिया, जापान, बांग्लादेश र भारतका साथै विश्वका सबै महादेशका कम्युनिष्ट र वामपन्थी पार्टीहरु एवं जन संगठनका नेता र प्रतिनिधिहरुको उपस्थिति थियो। बांग्लादेशबाट सोशलिष्ट पार्टी अफ बांग्लादेश र कम्युनिष्ट पार्टी अफ बांग्लादेशका प्रतिनिधिहरु सहभागी भएका थिए। त्यस्तै, भारतबाट भाकपा (माले)- लिबरेशन, भाकपा (माले)- जनशक्ति र भाकपा (माले)- महाराष्ट्रका साथै सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (SUCI) का नेताहरुले भाग लिएका थिए। सो अन्तर्राष्ट्रिय सेमिनार विगतका वर्षहरुमा जस्तै, बेल्जियमको कम्युनिष्ट पार्टी बेल्जियम श्रमिक पार्टी (PTB) को आयोजनामा भएको थियो।

अन्तर्राष्ट्रिय सेमिनारको उद्घाटन PTB का अध्यक्ष क. लुडो मार्टिनले गरेका थिए। उद्घाटन भाषणमा उनले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एकता स्थापित गर्नु पर्ने कुरामाथि विशेष जोड दिएका थिए। भाषणको क्रममा यो एकताको लागि संशोधनवादविरोधी लडाईलाई अझ चौडा र गहिरो पार्नुपर्ने र विश्वव्यापी स्तरमा एकीकृत प्रयासहरु संचालन गर्नुपर्ने कुरा महत्वका साथ उठाएका थिए। क. लुडो मार्टिनले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एकता स्थापित गर्नका लागि भएको लेनिनग्राद घोषणा-पत्रलाई विशेष महत्वका साथ उल्लेख गरेका थिए। विश्वका २२ वटा कम्युनिष्ट पार्टीहरु र श्रमिक पार्टीहरुले हस्ताक्षर गरिसकेको सो घोषणा पत्रमा अन्तर्राष्ट्रिय कम्युनिष्ट एकताको बारेमा विशेष जोड दिइएको थियो।

४४ देशका ७७ जना कम्युनिष्ट नेता र प्रतिनिधिहरूको सहभागिता

अन्तर्राष्ट्रिय सेमिनारको अन्तिम सत्रमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र साम्राज्यवादविरोधी संघर्षसम्बन्धी विभिन्न प्रस्तावहरु पारित गरिएका थिए। सेमिनारले अमेरिकी साम्राज्यवादले कंगोका काबिला सरकारविरुद्ध गरिरहेको षड्यन्त्रकारी गतिविधिविरुद्ध, उत्तर कोरियाविरुद्ध भइरहेको साम्राज्यवादी हस्तक्षेपका विरुद्ध, उत्तर-दक्षिण कोरियाको एकीकरणको पक्षमा, अनिकालग्रस्त उत्तर कोरियाका लागि आर्थिक र खाद्यान्न सहयोग गर्ने पक्षमा, क्यूबाविरुद्ध अमेरिकाले लगाइरहेको आर्थिक नाकाबन्दीका विरुद्ध पारित गरेका प्रस्तावहरु निकै अर्थपूर्ण थिए। त्यस्तै, अल्वानियाको लेबोर पार्टीलाई आर्थिक सहयोग दिनेबारे, इराकविरुद्ध भइरहेका साम्राज्यवादी हस्तक्षेपहरुका विरुद्ध, ल्याटिन अमेरिकी देशहरुमा, विशेष गरी, कोलम्बिया र पेरुमा चलिरहेको क्रान्तिकारी संघर्षको समर्थनमा पारित प्रस्तावहरु पनि निकै महत्वपूर्ण थिए।

यस पटकको सेमिनारको मूल विषय 'सर्वहारा अन्तर्राष्ट्रवाद र नयां विश्व व्यवस्था' थियो। यस विषय र यससंग समबन्धित थुप्रै सवालहरुमा सहभागी नेता तथा प्रतिनिधिहरु बीच व्यापक रुपमा अन्तर्क्रिया भएको थियो। अर्को वर्षको लागि अर्थात १९९९ को मे २ देखि ४ सम्मको लागि छानिएको विषय थियो- 'साम्राज्यवादको अर्थ हो युद्ध।'

सो सेमिनार शुरु हुनभन्दा एक दिन अगाडि प्रत्येक वर्ष झैं, यस पटक पनि ब्रसेल्समा मे १ का दिन अन्तर्राष्ट्रिय श्रमिक दिवसको उपलक्ष्यमा भव्य उत्सव मनाइएको थियो। सेमिनारको आयोजक PTB कै आयोजनामा भएको सो उत्सवमा बेल्जियमका हजारौं श्रमिकहरु सहभागी भएका थिए। ब्रसेल्सको BUC विश्वविद्यालयको आंगनमा भएको सो उत्सवको उपलक्ष्यमा जुलूस प्रदर्शन गरिनुका साथै श्रमिक आन्दोलनसम्बन्धी सेमिनारहरुका गरिएको थियो। उत्सवभरि क्रान्तिकारी गीतहरु गुञ्जिएका थिए।

मे दिवसको अपरान्ह एउटा भव्य जनसभा पनि आयोजना गरिएको थियो। सभामा PTB का अध्यक्ष क. लुडो मार्टिन र कंगो, अल्वानिया ग्रीस र अजरबैजानका नेता र प्रतिनिधिहरुले पनि सारगर्भित सम्बोधन गरेका थिए।

विश्व कम्युनिष्ट आन्दोलनसग सम्बन्धित विभिन्न विषयमा वैचारिक स्पष्टता कायम गर्दै अन्ततः अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एकता स्थापित गर्ने महत्वपूर्ण उद्देश्यसहित PTB ले शुरु गरेको अन्तर्राष्ट्रिय स्तरको सेमिनारले अहिले वर्ष पार गरिसकेको छ। प्रत्येक वर्ष एक-एक विषयमा वैचारिक सपष्टता कायम गर्ने योजना अन्तर्गत भइरहेको सेमिनारको यो श्रृंखलाले विश्व कम्युनिष्ट आन्दोलनमा अहिले बहसको वातावरण सृजना गर्न थालेको छ। ❑

भारतमा एस.यु.सी.आई.को वार्षिकोत्सव

साम्राज्यवाद र पूंजीवादका विरुद्ध सम्झौताहीन संघर्ष गर्दै आइरहेको भारतको चर्चित कम्युनिष्ट पार्टी 'शोसलिष्ट यूनिटी सेन्टर अफ इण्डिया' (SUCI) ले आफ्नो स्थापनाकालको स्वर्ण जयन्ती हाल मनाएको छ।

१९४८ २४ अप्रिलमा स्थापना गरिएको यो कम्युनिष्ट पार्टीका पचासौं वर्षगाठको उपलक्ष्यमा कलकत्ताको ऐतिहासिक शहीद मिनार मैदानमा भव्य जनसभा भएको थियो। जनसभामा कोम्सोमोलका सदस्यहरुले ५० वटा लालझण्डा फहराए पार्टीका संस्थापक महामन्त्री, नेता तथा चिन्तक स्वर्गीय क. शिवदास घोषप्रति गार्ड अफ अनर दिएका थिए। सभालाई सो पार्टीका महासचिव क. नीहार मुखर्जी, इन्टरनेशनल नीना पास्नो फाउण्डेशन फर पीस एण्ड इण्डिपेन्डेन्स अफ दि पीपुल्स, इटालीका प्रतिनिधि क. रोबर्टो ग्याकियल, सोशलिष्ट पार्टी अफ बांग्लादेशका महासचिव क. खलेकुज्मान र भारतकै १७ वटा राज्यका नेताहरुले सम्बोधन गरेका छन्।

क. नीहार मुखर्जीले मुठ्ठीभर साथीहरुको साथ लिएर क. शिवदास घोषले पार्टीको स्थापना गरेको स्मरण गर्दै विगतमा SUCI ले केन्द्र र राज्य सरकारहरुका विरुद्ध जनताका प्रत्येक ज्वलन्त समस्याहरुलाई उठाउंदै जनसंघर्ष गर्दै आइरहेको छ भन्दै घोषणा गरेका छन- भारतमा क्रान्तिको आवश्यकता छ, यस अवस्थामा, सबै तप्काका जनताको मुक्ति सर्वहारा वर्गको मुक्तिको सवालसग अभिन्न रुपले जोडिएको छ। त्यसैले, स्वयं आफ्ना

क. शिवदास घोष

क. शिवदास घोषको बारम्बार सम्झना गरियो



मुक्तिको लागि पनि प्रत्येक व्यक्तिले सर्वहारा वर्गको पार्टीलाई मजबुत पार्नु पर्दछ। सही मूल राजनीतिक लाइनको आधारमा आन्दोलन गठन गर्नका लागि मानिसहरु अग्रपंक्तिमा आउनु पर्छ र यस्ता आन्दोलनहरुमार्फत स्वयंसेवी दस्ता र मानिसहरुको निजी संघर्षको हतियार विकसित गर्नु पर्दछ। यसैबाट मात्र जनशक्तिको जन्म हुनेछ, हामीले जति सक्दा त्यति छिटो जनशक्तिको जन्म दिन पर्दछ, ताकि हामी हाम्रा लक्ष्यमा छिटोभन्दा छिटो पुग्न सकौं।

इटालीका प्रतिनिधि क. राबर्टो र्याब्रियलले बीसौं शताब्दीको कम्युनिष्ट आन्दोलन विश्वको इतिहासमा आजसम्मको सबैभन्दा ठूलो जनक्रान्तिकारी आन्दोलन हो भन्दै यसबेला विश्वव्यापी रुपमा भइरहेको कम्युनिष्ट आन्दोलनले एक्काइसौं शताब्दीमा विशाल जनक्रान्तिकारी आन्दोलन गठित गर्नका लागि आधारको काम गर्ने दृढ विश्वास प्रकट गरे। SUCI ले शुरु गरेको विश्वव्यापी रुपमा साम्राज्यवादविरोधी संघर्ष शुरु गर्ने फैसलालाई अत्यन्त महत्वपूर्ण भन्दै क. रोबर्टो र्याब्रियलले भनेका छन्- साम्राज्यवाद, विशेषगरी, अमेरिकी साम्राज्यवादले क्रान्तिकारी शक्तिहरुमाथि विजय हासिल गरेको छ, तर यो विजय सुनिश्चित हुन सकेको भने छैन। अहिले त्यसले सैनिक, आर्थिक र राजनीतिक रुपले विश्वमाथि नियन्त्रण गरिरहेको छ, तर मलाई विश्वास छ- संसारभरका साम्राज्यवादविरोधी जनताको संघर्ष कदापि रोकिंदैन। मलाई विश्वास छ, संसारभरका साम्राज्यवादविरोधी योद्धाहरुबीच अन्तर्राष्ट्रिय सहयोग, तपाईहरुको पार्टी र मानवताको उज्ज्वल भविष्यका लागि संघर्षरत कमरेडहरु-सगको सहयोग निरन्तर बढ्दै जानेछ।

बाग्लादेशका क. खलेकुज्मानले क. शिवदास घोषको नेतृत्वमा केही साहसी क्रान्तिकारीहरुले कठीन क्षणमा क्रान्तिको मशाल जलाएको स्मरण गर्दै भनेका छन्- ती क्रान्तिकारीहरुले हातमा क्रान्तिको मशाल लिएर भारतको प्रत्येक कुनामा जनसंघर्षको लहर पैदा गरेका छन्।

समाजवादको महान विजय र प्रगतिका बावजूद सांस्कृतिक क्रान्तिको अभावमा क्रान्तिले अगाडि बढ्ने शक्ति गुमाउँछ भन्ने विश्लेषण प्रस्तुत गर्ने क. शिवदास घोषलाई बारम्बार याद गर्दै उनले भने- क्रान्तिकारी संघर्षलाई अगाडि बढाउने प्रक्रियामा व्यक्तिवादलाई समाप्त गर्ने खालको चौतर्फी संघर्ष छेड्नु पर्ने र व्यक्तिगत स्वार्थलाई सामाजिक स्वार्थसग एकाकार गरेर क. घोषले पार्टी र संघर्षलाई अगाडि बढाए। उनका यी शिक्षाहरु आफ्नो देशमा क्रान्तिकारी आन्दोलन संगठित गर्ने प्रयासका लागि पनि जबजस्त र सटीक महत्व रहेका छन्।

SUCI को पचासौं वर्षगांठको अवसरमा विभिन्न देशका कम्युनिष्ट पार्टी र व्यक्तिहरुले पनि शुभकामना सन्देशहरु पठाएका थिए। रुस अल यूनियन कम्युनिष्ट पार्टी अफ बोल्शेभिकका महासचिव नीना आन्द्रिवा, कम्युनिष्ट पार्टी अफ क्यूबाको केन्द्रीय कमिटी, न्यू कम्युनिष्ट पार्टी अफ नेदरल्याण्डको केन्द्रीय कमिटी र पोलिटब्यूरो सदस्य डी क्लिफ, वर्कर्स वर्ल्ड पार्टी, अमेरिका, न्यू कम्युनिष्ट पार्टी अफ ब्रिटेनका महासचिव एण्डी ब्रुक्स, जापानस्थित नेशनल डेमोक्रेटिक फ्रन्ट अफ साउथ कोरियाको केन्द्रीय कमिटी, कम्युनिष्ट पार्टी, जापान (लेफ्ट) को केन्द्रीय कमिटी, न्यू डेमोक्रेटिक पार्टी, श्रीलंकाका महासचिव एस.के. सैथिवल र राष्ट्रिय संगठक ई. थाम्बिया, के.पी.एम.एल. (आर) स्वीडेनको केन्द्रीय कमिटीका अन्तर्राष्ट्रिय सचिव टेडी-जान फ्रैक, रिभोल्यूशनरी पिपुल्स लिबरेशन फ्रन्ट अफ टर्की, कम्युनिष्ट पार्टी अफ जर्मनी (KPD), नेशनल कमिटी अफ रेडिकल लेफ्ट, लक्जम्बर्ग, वर्कस कम्युनिष्ट पार्टी (AKP) नर्वे र जर्मन पत्रकार माइकल ओपर्सकाल्स्कीले शुभकामना सन्देशहरु पठाएका थिए।

❑ राजेन्द्र महर्जन

कांग्रेसद्वारा बिरालोले मुसो खेलाएझैं खेलाइएका एमाले-मालेहरू

घटना र प्रवृत्ति

नेकपा (एमाले)का नेता क. माधवकुमार नेपाल

नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला

नेकपा मालेका नेता क. बामदेव गौतम

गत असार २५ गते नेकपा मालेले सदन बहिष्कार गऱ्यो- राज्य आतंक रोक्ने र तत्काल यसनिम्ति शक्तिशाली जांच आयोग गठन गर्ने माग राखेर। तर मालेको यो बहिष्कारको समय पारेर नेपाली कांग्रेसले आफ्नो अल्पमतको सरकारको यस वर्षको नीति तथा कार्यक्रमबारेको धन्यवाद-प्रस्ताव संसदबाट बहुमतले पारित गरायो। मालेका ४० जना प्रतिनिधि सभा सदस्यहरुको अनुपस्थितिका कारण सदनमा उपस्थित सदस्य संख्यामध्येबाट बहुमत जुटाउन कांग्रेसलाई गाह्रो परेन। एमाले, नेमकिपा र मसालपक्षीय सांसदहरु एवं राप्रपाको सूर्यबहादुरपक्षीय सांसदहरुको विरोधका बावजूद यसरी गिरिजा सरकार संजिलै आफ्नु ढल्ने खतराबाट बच्यो। पछि ज्ञात भयो- मालेको यो बहिष्कारलाई प्रेरित गर्नका निम्ति मालेलाई कांग्रेसले सरकारमा लिने बचन दिएको रहेछ! अब बजेट पनि यसै गरी संसदबाट पारित गराएपछि बल्ल कांग्रेसले नेकपा मालेलाई सरकारमा लिनेबारे ठोस पहल गर्ने कुरा पचारमा ल्याइएको छ।

एमालेमा आएको विभाजनबाट फाइदा उठाई विभाजितमध्येको एउटा समूह एमालेको समर्थनमा [illegible] कांग्रेसी सरकारले यसरी अचानक [illegible] समूहतिर अर्थात् मालेतिर [illegible] निकटता बढाएको यो स्थितिले आज देशमा संसदीय राजनीतिका मैदानमा एउटा ठूलो प्रश्नचिन्ह पैदा गराएको छ। त्यो हो- कांग्रेसले "बिरालोले मुसो खेलाएझैं" एमाले र मालेलाई खेलाउँदै कतिञ्जेल देशमा मनपरी गर्न पाउन हो? एमाले र मालेबीचको यो आपसी अराजनीतिक झगडा कतिञ्जेल जारी रहने हो?

देशमा राज्य-आतंक र आम जनहत्या तीव्र भएका र कालापानी क्षेत्रमा राष्ट्रघातको घटनाले नाग रुप लिएको हालको स्थितिमा सरकारलाई राज्य आतंक रोक्न र राष्ट्रको पक्षमा अडान राखी त्यसलाई अघि बढाउनमा मूर्त र निर्णायक दबाब दिन सक्ने हैसियत आफ्नो भएर पनि एमालेले त्यो हैसियतको प्रयोग गरेन। केवल औपचारिक अन्तर्मति जनाउने काम मात्र गऱ्यो।

किन?

अर्थात् स्पष्ट छ- किनकि त्यसो गर्दा कांग्रेसलेमालेलाई सत्तामा लैजाला कि भन्ने डर उसलाई रहेको, त्यसैले

घटना र प्रवृत्ति

कांग्रेसलाई रिझाउन र मालेलाई सत्तामा नजिक हुन नदिन उसले कांग्रेसलाई निर्णायक दबाव नदिने नीति अपनायो। बरु जनहत्या र राष्ट्रघात टुलुटुलु हेरिबस्ने नीति अपनायो।

यसैको बदला लिन हालै मालेले सदन बहिष्कार गरी कांग्रेसी सरकारको नीति पास गर्न सघायो।

यसरी, अहिले एमाले र मालेरुपी देशका ठूला पार्टीहरुमा आफू सत्तामा जानका लागि र अर्को मित्रशक्तिलाई सत्तामा जान नदिनका लागि कांग्रेस रिझाउन जुन होडबाजी चलेको छ, त्यो होडबाजीले एमाले र मालेहरुबीच असैद्धान्तिक र अराजनीतिक स्तरको आपसी रीसइर्षा मोल्न त सघाऊ पुऱ्याउला, तर यसले देश र जनताको भने कुभलो नै गरिरहेछ।

एमाले-मालेबीचको यो एक अर्कोप्रतिको असैद्धान्तिक र द्वेषप्रेरित निषेधकारी प्रवृत्तिले ससदीय परिपाटीमा हुने गरेको 'प्रतिपक्ष' नै हाल देशमा नरहेको प्रतीत भइरहेछ। सत्ता पक्षलाई नियन्त्रण गर्न हैन, खुशी पार्न होडबाजी गर्ने यिनीहरुको यो उदेकलाग्दो प्रवृत्तिले उनीहरुलाई 'प्रतिपक्ष' हुनुको हैसियतबाट नैतिक रुपमा तल गिराइरहेको छ। र, यसले आम जनतामा व्यापक निराशा फैलाइरहेछ।

मसीरमा चुनाव गराइहाल्ने शर्त राखेर आफूलाई पनि सरकारमा सामेल गर्न हालै एमाले केन्द्रीय समितिले कांग्रेसलाई जुन प्रस्ताव राख्यो, त्यसलाई लत्याएर कांग्रेस मालेतिर लस्किएपछि बल्ल एमालेका महासचिवले प्रधानमन्त्रीलाई ज्ञापन-पत्र दिई एक पत्रकार सम्मेलन गरी हालै सरकारले माओवादी दबाउने नाममा आफ्नो पार्टी एमालेका २० जनाभन्दा बढी कार्यकर्ता पनि प्रहरीद्वारा मारिएको जानकारी सार्वजनिक गर्नुभयो र सरकारको विरोध गर्नुभयो। तर के यी कार्यकर्ताहरु संसद चल्नुभन्दा पहिले नै मारिएका थिएनन् ? तथापि, त्यतिखेर किन चुप ? यतिखेर किन आवाज ?

जसको समर्थनको बलमा सरकार टिकेको छ, त्यसैका आफ्ना 'एक बीस' कार्यकर्ता खुसी-कुसुरासरह सरकारी गोलीले मारिंदा पनि सत्ताको निम्ति बार्गेनिंग गरेर यतिन्जेलसम्म चुप रहन सक्ने एमालेको यो नितान्त स्वार्थकेन्द्रीत प्रवृत्ति मुलुकका निम्ति अत्यन्त चिन्ताजनक रहेको छ।

हाल कांग्रेसले मालेतिर आफ्नो झुकाव देखाए पनि 'गुन्द्रकको मोल'मा विपक्षीहरुको समर्थन पाउन सकिने वर्तमान स्थितिमा उसले मालेलाई अन्ततः जिल्याउन पनि सक्छ, सरकारमा नलिन पनि सक्छ। कारण, मालेको भन्दा 'सस्तो दर'मा एमालेले नै कांग्रेससामु आफ्नो समर्थन प्रस्तुत गर्ने सभावना पनि छ। र, कांग्रेसले हर-तरहले लोभ्याउँदै र फसाउँदै दुवैथरिलाई सरकारबाट पाखा लगाइराख्न पनि सम्भव छ।

राज्य आतक र राष्ट्रघातविरुद्ध ठोस कदम चाल्ने दृढ र पारदर्शी शर्तमा कांग्रेसलाई नवाँधीकन र सो शर्त पूरा नभए आफू तुरुन्त फिर्ता हुने स्पष्टता नबोकी यदि नेकपा माले हालको स्थितिमा कांग्रेससंग सरकारमा जान्छ भने, त्यो उसको लागि र मुलुकको लागि पनि हानिकारक हुने निश्चित छ।

कांग्रेसी सरकारको पचायती चरित्रको राज्य-आतक र राष्ट्रघाती रवैया समग्र देशका निम्ति हानीकारक रवैया हो। यसकाविरुद्ध विपक्षी ससदीय र गैरससदीय पार्टीहरु सबैले सयुक्त पहल गर्नु जरुरी छ। तीमध्ये पनि ठूला दुई पार्टीहरु एमाले र मालेको सयुक्त पहलको ठूलो अर्थ र प्रभाव रहने हुन्छ। यस निम्ति एमाले र मालेले सयुक्त अग्रसरता देखाउनु पर्नेमा द्वेषवश उनीहरु अहिले 'एकले अर्कोलाई ढाल्ने' कार्यलाई प्रमुख लक्ष्य बनाएर जनताका आँखामा 'अचम्मका प्राणीहरु' साबित हुन पुगेका छन्।

पिटापिट, हिलो छयापाछयाप, लुगा खोलाखोल र गाली गलौजपूर्ण आरोप प्रत्यारोपमा आफ्नो अमूल्य समय र शक्तिलाई प्रयोग गरी उनीहरुले आफ्नो भर्खरैको विवाद र फुटलाई 'जुवाडेहरुको झगडा'भन्दा पनि तल झार्न खोजिरहेछन्। छिमेकी देश भारतमा लालु यादवहरुका पार्टीहरुसमेतले आफ्नो पार्टी फुट भएको लगतैपछि "साम्प्रदायिक शक्ति- भाजपाविरुद्ध कार्यगत एकता गर्ने" फुटेको भोलिपल्टैदेखि आपसी पहल गर्ने गरेका उदाहरणहरुबाट मात्रै पनि के यिनीहरुले पाठ सिक्न सक्दैनन् ?

के एमाले र माले फुटनु भनेको प्रमुख दुश्मनविरुद्ध देशमा संयुक्त संघर्ष गर्नु पर्ने वस्तुगत आवश्यकताको आपसे आफ अन्त हुनु हो ?

राज्य आतक तुरुन्त रोक्ने, महाकाली सीमावारिबाट भारतीय पल्टनलाई धपाउन तुरुन्त पहल थाल्ने, स्वच्छ र निष्पक्ष आम चुनाव सम्पन्न गराउने र जन-राहतकारी सुधारहरु गर्ने: यति चारवटा मूर्त र सुस्पष्ट उद्देश्य राखेर एमाले मालेमध्ये दुवै वा कुनै पनि समूह सयुक्त सरकारमा जानुमा नै यतिखेर देश र जनताको तुलनात्मक हित छ। कांग्रेसको एकलौटी सरकार राखीछोड्नु, र यही सरकारको मातहत चुनाव गराउनुको तुलनामा यो विकल्प यतिखेर देश र जनताको लागि सही कार्यनीति हुन सक्छ।

तर यसतर्फ माले एमालेको किन ध्यान जाँदैन ?

–हरिगोविन्द लुइँटेल

नेपाली कांग्रेसको अल्पमतको सरकारले अर्थमन्त्री रामशरण महतमार्फत् आर्थिक वर्ष २०५५ ५६ को वार्षिक बजेट गएको असार २६ गते ससदमा पेश गरेको छ। जम्माजम्मीमा हेर्दा, कांग्रेसले २०४८ सालयता पेश गरेका समपूर्ण बजेटहरुमध्ये यो बजेटलाई सबैभन्दा उत्तम 'पपुलिष्ट' बजेट भन्न सकिन्छ। यद्यपि, मन्दीग्रस्त नेपाली अर्थतन्त्रको दुर्दशाउन्मुख दिशा बदल्ने कुरामा भने यो बजेटले कुनै नयां निर्णायक कुरो ल्याएको छैन।



अर्थमन्त्री रामशरण महत

बजेट भनेको राष्ट्रको आम्दानी-खर्चको विनियोजन गर्ने रकम कलमको योजना मात्र होइन, यो राष्ट्रलाई मूलत आर्थिक सामाजिक हिसाबले कुन दिशातिर डोऱ्याउने हो भन्ने सवालको दिशा-निर्देश पनि हो। एउटै बजेटले विगतका सारा कुंडाकरकटहरु साफ गर्न सक्दैन, तर बेठीक विगतको निरन्तरता तोड्ने र नयां र सही दिशाको थालनीको संकेत गर्ने कुरो भने एउटै बजेटबाट पनि सभव हुन्छ। यो बजेटको सबैभन्दा ठूलो सीमा नै के हो भने, यसले बेठीक विगतकै निरन्तरता बोकेको छ, त्यसमा हेरफेर ल्याउने अठोट यो बजेटले प्रतिबिम्बित गरेको छैन।

२०४६ साल यता बनेका बजेटहरुमा डा. देवेन्द्रराज पाण्डेद्वारा प्रस्तुत अन्तरीम सरकारकालीन र एमाले सरकारको बजेटले मात्र नेपालको अर्थतन्त्रमा वैदेशिक परनिर्भरता घटाउने दिशा बोकेको थियो। तर त्यस पछाडिको कुनै पनि कांग्रेसी सरकारले नेपालको नव-औपनिवेशक आर्थिक परनिर्भरतालाई घटाउँदै लैजाने कार्यदिशा पक्रेन। अहिलेको बजेटले पनि नेपालको आर्थिक परनिर्भरतालाई अरु ज्यादा बढाउने कार्य गरेको छ। उदाहरणका लागि, आर्थक वर्ष २०५३/५४ मा नेपाली कुल बजेटको वैदेशिक सहायतामा निर्भरता ३० प्रतिशत थियो, २०५४/५५ मा त्यो बढाएर ३२ प्रतिशत पारियो, यो वर्ष त झन् त्यसलाई ५ प्रतिशत नै बढाएर ३७ प्रतिशत पारिएको छ। यसको तात्पर्य के हो भने, नेपालको अर्थतन्त्रलाई अरु ज्यादा विदेशनिर्भर पार्ने प्रक्रिया यहां कमजोर हुँदै जाँदै छैन, उल्टो त्यसलाई अरु ज्यादा मजबूत पारिंदैछ।

यो प्रवृत्ति नेपालको विकास बजेटमा सबभन्दा ज्यादा उदांगो भएको छ। नेपालको विकास खर्चको स्रोत हेर्ने हो भने, २०५३/५४ मा नेपालको कुल विकास खर्चमध्ये ५७ प्रतिशत विदेशी सहायतामा आधारित थियो। पोहोर यो बढेर ६२ प्रतिशत हुन पुग्यो। यस वर्षको बजेटमा त नेपालको विकास खर्चको ६८ प्रतिशत विदेशी दाताहरुको दयामा आधारित गरिएको छ। यसबाट के छर्लंग भएको छ भने, समग्र नेपाली अर्थतन्त्रलाई र नेपालको विकास प्रक्रियालाई विदेशी दाता र साहुकारहरुको कृपाको विषय बनाउने प्रक्रिया हाम्रो देशमा सारै बलवान हुँदो छ र यो बजेटले पनि त्यही निरन्तरता कायम राखेको छ। जुन देशको दुई तिहाईभन्दा पनि ज्यादा विकास खर्चको स्रोत विदेशीहरुसित हात पसारेर मात्र जुटेछ, त्यो देश स्वतन्त्र र सार्वभौम कसरी हुन्छ ? त्यो देश नवउपनिवेश नभए के हुन्छ ?

स्मरणीय छ, सार्वा चक्राको ताजा हिसाबपछि नेपालको खुद तिर् बांकी विदेशी ऋण २०५४ चैत्र मसान्तसम्ममा १४९.२२ अरब पुगेको आर्थिक सर्वेक्षण २०५४/५५ ले देखाएको छ। यो पुरानो डलरको भाउको हिसाब हो, हालै बढेको डलरको भाउको हिसाबले त नेपालको विदेशी ऋण १६० अरब पुग्न जाने अनुमान छ। यो भनेको नेपालको कुल गार्हस्थ्य उत्पादनको ५१ प्रतिशतभन्दा पनि ज्यादा तिर् बांकी विदेशी ऋण हुनु हो।

नेपाल अहिले मन्दीको चपटामा छ। नेपालको आर्थिक बृद्धिदर २०५२/५३ मा ५.३ प्रतिशत रहेकोमा २०५३/५४ मा यो ४ प्रतिशतमा झऱ्यो। २०५४/५५ पुग्दा त हाम्रो वार्षिक आर्थिक बृद्धि दर खुम्चिएर खालि १.९ प्रतिशत मात्र रहेको अनुमान छ। यो बृद्धि दर गएको ११ वर्षयताको सबैभन्दा कम आर्थिक बृद्धिदर हो। कृषि उत्पादन र औद्योगिक उत्पादन दुवै क्षेत्रमा व्यापक ह्रास आउनाको कारणले नेपाली अर्थतन्त्र यसरी मन्दीको चपटामा परेको हो। यो बजेटको अर्को ठूलो दोष के हो भने, मन्दीको भड्खालोबाट नेपाली अर्थतन्त्रलाई राजमार्गमा ल्याउने निर्णायक उपाय यो बजेटले सुझाएको छैन। बजेट मन्दीको गम्भीरताप्रति आवश्यक मात्रामा गम्भीर छैन।

देशको अर्थतन्त्र यति गम्भीर सकटमा परेको बेला यो बजेटले देशको रक्षा खर्चमा पोहोरभन्दा १६ प्रतिशतले र प्रहरी खर्चमा १७ प्रतिशतले बृद्धि गरेको छ। यति नै बेला साधारण प्रशासनिक खर्चमा सरकारले १८ प्रतिशत र सवैधानिक अंगको खर्चमा १९ प्रतिशतले

कस्तो छ २०५५/५६ को वार्षिक बजेट ?

–श्याम श्रेष्ठ

वृद्धि गरेको छ । यो देशको समस्याप्रति बेवास्ताको निकै डरलाग्दो उदाहरण हो । यतिखेर राष्ट्रले पेटमा पट्टा कस्न पर्ने समय हो कि अरु ज्यादा मनखुसी फर्माइस गर्ने समय हो ? जुन देशको फौजले कुनै देशसित निकट भविष्यमा लडाइ गर्न परेको छैन, त्यो देशको फौजी खर्चमा १६ /१६ प्रतिशतले वृद्धि किन ? अरु, मन्दीग्रस्त राष्ट्रले सेनालाई नै आर्थिक उत्पादन हुन कार्यमा पो लाउनु पर्ने हो । जसको ज्वलन्त अनुभव छिमेकी राष्ट्र चीनमा प्राप्त गर्न सकिन्छ । त्यस्तै, प्रहरी र प्रशासनको खर्च, संवैधानिक अंगको खर्च जुन ढंगले बजेटमा बढाइएको छ, त्यसले देखाएको छ- कांग्रेस सरकारको नारा र व्यवहार बिल्कुलै विरोधाभाषी छ: उसले बजेटमा एकातिर मितव्ययिताको चर्का नारा दिएको छ, अर्कोतिर उसैले यति नै बेला अनुत्पादक पशासनिक खर्चमा काफी वृद्धि गरेको छ ।

अझ रहस्मयमय विरोधाभाष त राजदरबारको प्रशासनिक खर्चमा देख्न सकिन्छ । राजदरबारको प्रशासनिक खर्चमा यसपालि एक करोड रुपैयां वृद्धि गरिएको छ । जुन राजदरबारको प्रशासनको यति बेला कुनै खास कार्यकारिणी दायित्व नै छैन, त्यसको निम्ति मन्दीग्रस्त गरीब राष्ट्रले वर्षको एक एक करोड रुपैयांको थैली वृद्धि गर्न पर्यो नै किन ? कतै राजदरबारको प्रशासनिक दायरा र गतिविधिमा वृद्धि गर्न लागिएको त होइन ?

देशमा गैर कृषि उत्पादनमा गएको तीन वर्ष यता लगातार ह्रास आएको कुरा बजेटमा छ र आर्थिक सर्वेक्षणमा देखाइएको छ । तर आश्चर्य, बजेटमा यति नै बेला यही वर्ष सरकारले औद्योगिक विकास खर्चमा ३६ प्रतिशतले कटौती गरेको छ । यो कस्तो विरोधाभाष हो: देशको औद्योगिक उत्पादनमा लगातार ह्रास आएको छ, तर त्यसैको विकास खर्चमा ३६ प्रतिशत कटौती !? तर एक पैसा उत्पादन वृद्धिमा मद्दत नगर्ने अनुत्पादनक प्रशासनिक खर्चमा यति नै बेला १६ देखि १९ प्रतिशतसम्म वृद्धि ?! लापर्वाही र गैरजिम्मेवारीको योभन्दा ज्वलन्त उदाहरण अरु के हुन सक्छ ?

बजटमा यसपालि जन स्वास्थ्य जस्तो अति नै महत्वपूर्ण क्षेत्रको विकास खर्चमा कुनै वृद्धि गरिएन । र, शिक्षा जस्तो आधारभूत सामाजिक सेवा क्षेत्रको विकास खर्चमा लगभग ३ प्रतिशतले कटौती गरिएको छ । नेपाली कांग्रेसको सरकारको प्रजातान्त्रिक समाजवादको जन कल्याणकारी दर्शन र बजेटको यो व्यवहारले के मेल खाएको छ ? गंभीर प्रश्न पैदा भएको छ । कुनै पनि जनकल्याणकारी राज्यले त झनपछि झन बढ्ता शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा राष्ट्रिय बचतलाई प्रवाहित गर्नु पर्ने होइन र ?

यस वर्षको बजेटले विद्युत र यातायात क्षेत्रको विकास खर्चमा, सिंचाई र खानेपानी क्षेत्रको विकासमा भने काफी ज्यादा बजेट वृद्धि गरेको छ । विद्युतको विकास खर्चमा ५६ प्रतिशत वृद्धि गरिएको छ भने यातायातमा ३६ प्रतिशतले सिंचाईमा ४१ प्रतिशतले बजेट थैली बढेको छ र खानेपानीमा ५८ प्रतिशतले । यो राम्रो कदम हो । २० वर्षे दीर्घकालीन कृषि योजना लागू गर्ने सिलसिलामा यी शीर्षकहरुमा यसरी विकास खर्च बढाइएको हो ।

तर मूल प्रश्न के छ भने, अहिलेसम्म सरकारले सिंचाई र कृषि क्षेत्रमा अरबौं थैली खन्याइसक्यो, तर पनि नेपालको कृषि उत्पादन किन जनसंख्या वृद्धि दरभन्दा दोब्बर कम भइरहेछ ? कृषि क्षेत्रको विकासको लागि सर्वप्रथम क्रान्तिकारी भूमि सुधार लागू हुन जरुरी छ, जसले वस्तुविक जोताहाको हातमा जमीन पुऱ्याउँछ र कृषि क्षेत्रमा सामाजिक न्याय स्थापित गर्छ । त्यसको साथमा सिंचाई, ग्रामीण सडक, लघु विद्युत र अत्याधुनिक प्रविधि पुऱ्याइयो भने मात्र कृषि उत्पादनमा आमूल हेरफेर आउन संभव छ । तर २० वर्षे दीर्घकालीन कृषि योजना र वर्तमान बजेट दुवैले सहायक कुराहरुमा काफी बजेट वृद्धिको कुरा गरेको छ, तर कृषि उत्पादन वृद्धिको चूरो कारक तत्व छुटाएको छ । नेपालको पहाडी क्षेत्रको लागि त सडकको साथमा र सट्टामा रोप वे एवं कुलोको साथमा र सट्टामा पोखरी प्रविधि सबैभन्दा सस्तो र प्रभावकारी कृषि उत्पादन वृद्धिको सहायक हुन सक्छ । ललितपुरमा वांगमती सिंचाई आयोजनाबाट भएको प्रयोग यसको ज्वलन्त उदाहरण हो ।

> ◆ रहस्मयमय विरोधाभाष त राजदरबारको प्रशासनिक खर्चमा देख्न सकिन्छ ।
>
> ❑ बजेटमा यसपालि जन स्वास्थ्य जस्तो अति नै महत्वपूर्ण क्षेत्रको विकास खर्चमा कुनै वृद्धि गरिएन ।

बजेटमा केही राम्रा कदमहरु पनि सन्निहित छन् । जस्तो, मितव्ययिता सम्बन्धी योजना प्रशसनीय छ । नेपाली कपडा उद्योगलाई प्रोत्साहन गर्ने, सरकारी वित्तीय सस्थाको तरलता प्रयोग गर्ने, लघु जलविद्युत योजनालाई प्रोत्साहित गर्ने र कमैया प्रथा उन्मूलनको लागि ऋणमोचन गर्ने योजना सराहनीय छन् । ग्रामीण लघु कर्जा विकास केन्द्रको स्थापना र ग्रामीण विकास बैंकमार्फत बेरोजगार महिलाहरुको आय र शीप विकास गर्ने योजना राम्रो छ । शहीदका छोरा छोरीलाई उच्च शिक्षा तहसम्म छात्रवृत्ति दिलाउने कदम सही कदम हो । तर केही गम्भीर र आपत्तिजनक नीति र योजनाहरु पनि यही बजेटमा खाँदाखाँद छन् । नेपालका उच्च दक्ष र गरीखानेहरुलाई विदेशमा काम गर्न पठाउने योजना, हरेक संसदीय क्षेत्रबाट कम्तीमा २०० जना विदेश पठाउने योजना आपत्तिजनक कदमहरु हुन् । यसले नेपालमा गम्भीर रुपमा मस्तिष्क पलायनको समस्या पैदा गर्नेछ । नेपाली बैंकहरुले विदेशी बैंकबाट सिधै ऋण लिने नीतिले पूर्वी एशियाको वित्तीय संकट यहां पनि दोहोरिन संभव छ ।

६९.६९ अरबको बजेट यसपल्ट पेश गरिएको छ । यसमध्ये ३९.४८ अरब राजश्वबाट मात्र र विदेशी सहायताबाट २५.५ अरब रुपैया उठाउने योजना गरिएको छ । तर यो बजेटमा धनाढ्यहरुका लागि न त सम्पत्तिकरको व्यवस्था गरिएको छ, न प्रगतिशील भूमिकरको व्यवस्था । बजेटमा उल्लिखित कदम र वर्तमान राजश्व सयन्त्रबाट मात्र यति राजश्व उठ्नु धेरै नै गाह्रो छ । यही कारणले २२ अरबको बजेट घाटा भएको वर्तमान बजेटमा बजेट घाटा अरु ज्यादा वृद्धि हुन सभव छ ।

यो बजेट सारमा धनाढ्य र नव धनाढ्यहरुको लागि छुट्टै छुट्टको स्वर्ग खडा गर्ने बजेट भएको छ । यो बजेट विश्वव्यापीकरणको नव उपनिवेशिक जालोभित्र नेपालमा छिराउने प्रवेशद्वार झैं देखिन्छ । उदारीकरण र निजीकरण यो प्रवेशद्वारका दुइंतिरका खम्बा झैं देखापरेका छन् । सरकारले शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा निजीकरण लागू गर्ने जमर्को यो बजेटमार्फत गरेको छ । ◻

२०५५ /५६ को बजेट : संक्षेपमा

जम्मा बजेट ६९.६९ अरब रूपैयाँको
गत वर्षभन्दा २०.८ प्रतिशतले ठूलो

◆ *बजेटको स्रोत*

राजश्वबाट रू ३९.४८ (५६.६५ प्रतिशत)
विदेशी अनुदानबाट रू ७.७७ अरब (११.१५ प्रतिशत)
बजेट घाटा : रू २२.४४ अरब (३२.२० प्रतिशत)
घाटा पूर्ति
वैदेशिक ऋणबाट : रू १७.७३ अरब (२५.४४ प्रतिशत)
आन्तरिक ऋणबाट रू ४.७१ अरब (६.८ प्रतिशत)

◆ *बजेटको खर्चको बाँडफाँड*

साधारण खर्च : रू ३१.९५ अरब
विकास खर्च रू ३७.७४ अरब

साधारण खर्च		*वृद्धि प्रतिशत*
रक्षा	३०२.७८ करोड	१५.६८
प्रहरी	२९२.२१ करोड	१६.६४
साधारण प्रशासन	४७२.३५ करोड	१७.८८
संवैधानिक अंगहरू		६१.६४ करोड
१९.१४		

विकास खर्चको बाँडफाँड		*वृद्धि प्रतिशत*
शिक्षामा	२३०.१० करोड	२.६
स्वास्थ्यमा	२७१.६० करोड	०.१५
उद्योगमा	२६.०१ करोड	३५.९७
सञ्चारमा	९२.९२ करोड	३०.९१
खानेपानीमा	२६५.६२ करोड	५७.८५
यातायातमा	६३८.१६ करोड	३५.९
विद्युतमा	८१८.०१ करोड	५६.१६
सिंचाईमा	३४८.०६ करोड	४१.३७
कृषिमा	२३४.४८ करोड	९.५८
बनमा	५५.५४ करोड	२७.०६

नेपालको वैदेशिक निर्भरता

कुल बजेटमा

२०५३/५४ मा	२९.६३ प्रतिशत
२०५४/५५ मा	३२.३८ प्रतिशत
२०५५/५६ मा	३६.५९ प्रतिशत

विकास खर्चमा

२०५३/५४ मा	५६.६३ प्रतिशत
२०५४/५५ मा	६२.२१ प्रतिशत
२०५५/५६ मा	६७.५ प्रतिशत

नेपालको वैदेशिक ऋण

२०५४ को चैत्र मसान्तसम्ममा : १४९.२२ अरब

स्रोत: अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक

कस्तो रह्यो क्लिण्टनको हालैको बहुचर्चित चीन भ्रमण ?

क्लिन्टनः संघाइमा व्यापारीहरूसँग

यो भ्रमणका दौरानमा बिल क्लिण्टनले चीनमा त्यस्ता केही कुराहरू गर्न सफल भए, जुन गर्न संभव होला भनेर अमेरिकीहरूले कल्पना पनि गरेका थिएनन् ।

जब अमेरिकी राष्ट्रपति बिल क्लिण्टनले असार १० गते चीनको नौ दिने राजकीय भ्रमण शुरु गरे, अमेरिकामा यति ठूलो विरोध भयो त्यसको कि, कुनै एक जना विपक्षी सांसद समेत त्यस भ्रमण मण्डलमा सामेल हुन तयार भएनन् । तर जब यो सकियो, अमेरिकीहरु के कुरामा मख्ख थिए भने, यस भ्रमणका दौरानमा उनीहरुका राष्ट्रपतिले कूटनीतिमा चिनियाँ नेताहरुलाई निकै पुड्को र मूर्ख साबित गरेका छन् । यो भ्रमणका दौरानमा बिल क्लिण्टनले चीनमा त्यस्ता केही कुराहरु गर्न सफल भए, जुन गर्न संभव होला भनेर अमेरिकीहरुले कल्पना पनि गरेका थिएनन् ।

अमेरिकीहरुको लागि गर्व गर्न लायकको सबै-भन्दा ठूलो उपलब्धि के भयो भने, जून २७ (असार १३) को दुई घण्टा लामो शीर्षस्थ वार्तापछि पत्रकार सम्मेलनको रुपमा राष्ट्रपति क्लिण्टन र जियाङ जेमिनका बीचमा एउटा वादविवादको आयोजना गरियो । यो वादविवादलाई सरकारी टेलिभिजनमार्फत् राष्ट्रभरि प्रत्यक्ष प्रसारण गरियो । वादविवादको दौरानमा अमेरिकी राष्ट्रपतिले १९८९ को तियान ऐनमेन चोकको घटनामा चिनियाँ सरकारको तर्फबाट भएको दमनलाई स्पष्ट भाषामा 'गलत' बताए, चिनियाँ सरकारको तिब्बत सम्बन्धी नीतिको आलोचना गरेर पृथक्तावादी दलाई लामालाई 'इमान्दार' र पवित्र व्यक्ति बताए र उनीसित भेटेर वार्ता गर्न माग गरे । खालि ३० मिनेटको लागि भनेर प्रसारित यो कार्यक्रम ९० मिनेटसम्म चल्यो । अन्तिम घडीमा मात्र सरकारद्वारा प्रसार गर्न अनुमति प्राप्त यो कार्यक्रमको प्रसारणले स्वयं यात्रामा सलग्न अमेरिकीहरुलाई समेत अचम्भित पार्‍यो ।

दुई दिनपछि असार १५ गते अमेरिकी राष्ट्रपतिलाई अर्को अभूतपूर्व अवसर प्राप्त भयो- पेकिङ विश्वविद्यालयमा करिब ४०० जना विद्यार्थीहरुलाई संबोधन गर्ने र उनीहरुको प्रश्नको जवाफ दिने । यो प्रश्नोत्तर कार्यक्रमलाई पनि सरकारी टेलिभिजनले राष्ट्रव्यापी प्रत्यक्ष प्रसारण गर्‍यो । यो कार्यक्रमको दौरानमा बिल क्लिण्टनले पूँजीवादी सिद्धान्त र मूल्यहरुको बारेमा खुलेर व्याख्यान गरे । ती सिद्धान्तलाई उनले अमेरिकी वा यूरोपेली सिद्धान्त मात्र नठानेर सम्पूर्ण ठाउँका मानिसको जन्मसिद्ध अधिकार ठान्न आग्रह गरे । चिनियाँ जनतालाई अमेरिकी राष्ट्रपतिले 'स्वतन्त्रताको अधिकार' खोज्न हौस्याए, बेरोकटोक स-सानो उद्योग व्यवसाय खोल्ने र चलाउने अधिकार खोज्न प्रोत्साहित गरे । आफ्नो विचार र सिद्धान्तको व्याख्या गर्ने अवसर बिल क्लिण्टनलाई संघाईमा पनि प्राप्त भयो । त्यहाँको स्थानीय रेडियोमा एउटा सबैभन्दा लोकप्रिय फोन इन कार्यक्रम "नागरिक र समाज"मा स्रोताहरुको प्रश्नको जवाफ प्रत्यक्ष दिन उनलाई निम्त्याइयो ।

अमेरिकामा कुनै समाजवादी देशको राष्ट्रपति भ्रमणको लागि गएको बेला उनलाई त्यहाँ साम्यवादी सिद्धान्त र मूल्यहरुको सार्वजनिक व्याख्या गर्ने अधिकार खोज्न उक्साउने अवसर दिइएला कि नदिइएला ?

अमेरिकामा चिनियाँ वा अन्य कुनै समाजवादी देशको राष्ट्रपति भ्रमणको लागि गएको बेला उनलाई त्यहाँ अमेरिकी सरकारबाट साम्यवादी सिद्धान्त र मूल्यहरुको यसरी नै सार्वजनिक व्याख्या गर्ने अधिकार खोज्न उक्साउने अवसर दिइएला क नदिइएला ? यस्तो व्याख्यानको कार्यक्रमलाई त्यहाँको सरकारी टेलिभिजनले यसरी नै बिना सेन्सर राष्ट्रव्यापी प्रत्यक्ष प्रसारण गर्न दिने काम गर्‍यो कि नगर्‍यो ?- यो गम्भीर र टड्कारो प्रश्न आफ्नो ठाउँमा छदैछ । तर मूर्खतावश होस् वा बुद्धिमत्तावश, चिनियाँ सरकारले अमेरिकी राष्ट्रपतिलाई त्यस्तो अवसर प्रदान गर्‍यो, जुन कुनै पनि समाजवादी मुलुकका राष्ट्राध्यक्ष वा सरकार प्रमुखलाई कुनै पनि पूँजीवादी मुलुकमा प्राप्त छैन । सम्भवतः त्यसैले होला, अमेरिकी सरकार यो अवसरलाई अमेरिकी राष्ट्रपतिको चीन भ्रमणको सबैभन्दा महान उपलब्धिका रुपमा प्रचार प्रसार गर्दैछ ।

यो भ्रमणको क्रममा अमेरिकी पक्षमा अरु पनि उपलब्धि हासिल भएको देखिन्छ । त्यसमध्ये प्रमुख हो- दुवै राष्ट्रले आ-आफ्नो पारमाणविक क्षेप्यास्त्रलाई एक अर्कालाई तारो बनाएर नराख्ने भन्ने संझौता । यो संझौतामा पनि अमेरिकीहरुले चिनियाँ नेताहरुलाई पटमूर्ख बनाएको स्पष्टतः देखिन्छ । चीनसित अमेरिकासम्म पुग्न सक्ने जम्मा १८ वटा अन्तर महाद्विपीय क्षेप्यास्त्रहरु मात्र छन् । त्यसमध्ये पनि १३ वटा मात्र अमेरिकातर्फ सोझ्याएर राखिएका छन् । तर अमेरिकातर्फ त्यस्ता रणनीतिक क्षेप्यास्त्रहरु २००० वटा छन् र १५००० वटा भन्दा बेसी पारमाणिविक बार हेडहरु

छन् । यो स्थितिमा चिनियाँ क्षेप्यास्त्रहरु अमेरिकाको निम्ति कुनै ठूलो खतराको विषय नै होइन । तर अमेरिकी क्षेप्यास्त्रहरु चीनको राष्ट्रिय सुरक्षाको निम्ति निकै धेरै खतराको विषय हो । किनभने, निशाना ताकेर नराखिएका क्षेप्यास्त्रहरु पुनः निश्चित निशानातर्फ सोझ्याउन केही मिनेट लाग्छ र अमेरिकाले चीनभन्दा धेरै छिटो निशाना सोझ्याउने प्रविधि विकास गरेको देखिन्छ । अमेरिकासित क्षेप्यास्त्र उठ्नासाथ त्यसलाई प्रारम्भमै नष्ट गर्ने प्याट्रीयट मिसाइल प्रविधि पनि त छ, यद्यापि त्यो प्रविधि पूरै अचूक भने भइसकेको छैन ।

चीनले पहिलेका सबै वार्ताहरुमा क्षेप्यास्त्रको निशाना बदल्नका लागि सबभन्दा पहिले अमेरिकाले परमाणविक हतियार प्रयोग गर्ने पहिलो राष्ट्र अमेरिका हुने छैन भन्ने कुराको ग्यारेण्टी मागेको थियो । अमेरिकाले यो ग्यारेन्टी नदिनाले क्षेप्यास्त्रको निशाना बदल्ने कुरा चीनले अस्वीकार गरेको थियो । तर यसपालि अचम्म भयो । अमेरिकाले अझै पनि वार्तामा नाटोको राष्ट्रको सुरक्षा र जापानको सुरक्षाको दायित्व आफूमा भएको कारण देखाएर त्यो ग्यारेण्टी प्रदान गर्न इन्कार गऱ्यो, तथापि चीनले भने खुरुक्कै निशाना बदल्न मञ्जुर गऱ्यो । चीनको यो मन्जुरी उसको निम्ति सारै भारी सिद्ध हुने निश्चित छ ।

चीन यस पटकको अमेरिकासितको वार्तामा रासायनिक हातहतियारको निम्ति अरु मुलुकलाई रासायनिक पदार्थ नदिन र दक्षिण एशियामा ब्यालिष्टीक मिसाइलको सप्लाई नदिन पनि अमेरिकासित वचनबद्ध भएको छ । अन्तर्राष्ट्रिय मिसाइल प्रविधि रिजाइममा सरिक भएर क्षेप्यास्त्र बनाउने प्रविधि अरु देशलाई नबेच्ने कुरामा चीनलाई सहमत गराउन पनि अमेरिकाले यस पटक भरमग्दुर प्रयत्न गरेको थियो तर चीन यो कुरामा सहमत भएन । उसले यो सवालमा सक्रियतापूर्वक विचार गर्ने वचन मात्र दिएको छ ।

राष्ट्रपति क्लिण्टनले यस पटकको भ्रमणमा दुई अरब डलर बराबरको विभिन्न ७ वटा व्यापार संझौता गर्नमा पनि सफलता हासिल गरेका छन् । त्यसमध्ये मुख्य छन्- ४० करोड डलर बराबरको १९ वटा थप नयाँ बोइङ विमान बिक्रीको संझौता र ४० करोड डलर बराबरको २० लाख टन फोस्फेट मल अमेरिकी कम्पनीहरुबाट किन्ने संझौता ।

अमेरिकाको चीनसितको व्यापारमा लगभग ५० अरब डलर बराबरको वार्षिक घाटा छ । त्यो घाटा कम गर्न चिनियाँ बजारमा रहेका करको पर्खाल भत्काउन पनि अमेरिकी राष्ट्रपतिले यसपल्ट भरमग्दुर प्रयत्न गरे । तर यस सवालमा भने उनी त्यति सफल हुन सकेनन् ।

विश्व व्यापार संगठनमा प्रवेश गर्ने चिनियाँ इच्छालाई साथ दिन चीनले अमेरिकासित अनुरोध गऱ्यो । तर अमेरिकाले के जवाफ दियो भने, यस निम्ति चीनले विदेशका तयारी वस्तु र पूँजी निवेशका लागि आफ्ना बजारलाई खुल्ला बनाउनु पर्छ । त्यस्तो खुल्ला गर्ने सवालमा भने यसपटक कुनै संझौता हुन सकेन ।

चिनियाँ जनतालाई समाजवाद र क्रान्तिबाट विमुख गराउन अमेरिका ज्यूज्यान छोडेर लागेको छ । यस निम्ति उसले अहिले बाहिरबाट धर्मगुरुहरु, पीसकोर स्वयंसेवकहरु, स्याटेलाइट टि.भि., इन्टर्नेट, पत्रपत्रिकाहरुलाई सबैभन्दा प्रभावकारी साधनको रुपमा प्रयोग गरिरहेको छ ।

चीनियाँ नेता देङ शियाओ पिङ सन् १९७९ मा अमेरिका भ्रमणमा जाँदा राष्ट्रपति जिम्मी कार्टरको अनुरोधमा चीनमा सर्वप्रथम चर्च खोल्न र बाइबल छापेर बाँड्न अनुमति प्रदान गरिएको थियो । कार्टरको अनुरोध त अमेरिकी धार्मिक मिसनरीहरुलाई चीनमा काम गर्ने अनुमति दिइनु पर्छ भन्ने पनि थियो । तर देङले त्यो अनुरोध भने स्वीकार गरेनन् ।

अहिले २० वर्षपछि चीनमा ३७ हजार वटा चर्च वा भेटघाट थलोहरु बनिसकेका छन् । दुई करोड २० लाख बाइबल चिनियाँ भाषामा छापेर वितरित गरिसकिएको छ । चीनमा अहिले १० हजार जना विदेशी इसाई कार्यकर्ताहरु छन् र तिनीहरुमध्ये आधाभन्दा ज्यादा अमेरिकी छन् । ५ करोड चिनियाँहरुलाई त्यहाँ इसाई बनाइसकिएको बुझिन्छ । यस्तो प्रतीत हुन्छ, चिनियाँ सरकारले इसाई मिसनरीहरुलाई खुलेआम गतिविधि गर्न छूट नदिए पनि अघोषित रुपमा यिनै इसाई कार्यकर्ताहरुमार्फत त्यहाँ मिसनरीको काम हुँदैछ । यिनीहरुले चीनमा नितान्त स्वार्थी, व्यक्तिवादी, क्रान्ति र समाजवादबाट विमुख मान्छे र जन समुदाय तयार पार्न अहं भूमिका निभाइरहेछन् । यी धार्मिक भेषभूषामा कार्यरत पूँजीवादी राजनीतिक कार्यकर्ताहरु झैं देखिन्छन् ।

क्लिण्टनले यसपटक यिनीहरुलाई पनि चर्चमै गएर भेटेर उनीहरुको काम गर्ने बाटोलाई अरु ज्यादा सुगम पारेर गएका छन् ।

चीनमा पीसकोर स्वयंसेवकहरु अरु ज्यादा बढाउन चीन सरकारले यसपटक सहमति प्रदान गरेको छ । स्मरणीय छ, विश्वमा सर्वत्र यी स्वयंसेवकहरु सि.आई.ए. को एजेण्टका रुपमा बदनाम छन् ।

जून २९, १९९८ मा प्रकाशित **Newsweek** साप्ताहिकको एक लेखमा राष्ट्रपति क्लिण्टनले खुलेआम भनेका छन्- 'हाम्रो चीनसितको संलग्नता हाम्रा आदर्शहरु अघि बढाउने सर्वश्रेष्ठ बाटो पनि हो । हामी चीनलाई जति ज्यादा विश्वसमक्ष ल्याउन सक्छौं, विश्वले उति ज्यादा चीनमा स्वतन्त्रता ल्याउन सक्छ ।'

चीनमा इन्टर्नेटको पहुँच सख्या यस वर्ष ४ लाख छ, अर्को दशकमा यो दई करोड पुग्ने अनुमान छ । बेइजिङमा पाँच जनामा एक जनासित स्याटेलाइट टि.भि. सुविधामा पहुँच छ ।

अमेरिकाले इन्टर्नेट र स्याटेलाइट टि.भि.लाई कुन उद्देश्य-सिद्धिको साधन बनाउन खोजेको रहेछ त्यो क्लिण्टनको यो भनाइबाट स्पष्ट हुन्छ । यही कुरा पत्र पत्रिकाहरुको सम्बन्धमा पनि लागू हुन्छ ।

क्लिण्टनको चीन भ्रमण समग्रमा हेर्दा आर्थिक हिसाबले त्यति ज्यादा उपलब्धिमूलक भएको देखिन्न, तर भ्रामक वैचारिक-रणनीतिक हिसाबले यो निक्कै उद्देश्यमूलक र सफल देखिन्छ । 'अमेरिका विशेष व्यवहार पाउन लायकको एक मात्र महाशक्ति राष्ट्र हो र पूँजीवाद सर्वश्रेष्ठ व्यवस्था हो' भन्ने वैचारिक-राजनीतिक सन्देश चिनियाँहरुबाई टि.भि. र रेडियो कार्यक्रमहरुमार्फत दिन नै उनी त्यति ज्यादा दलबल र तामझामका साथ चीन भ्रमणमा गएको प्रतीत हुन्छ ।

तर प्रश्न छ, चीनबाट त अमेरिकाले यो भ्रमणमार्फत् थुप्रै उद्देश्यहरु सिद्धि गऱ्यो, चीनले चाहिं अमेरिकाबाट यो भ्रमणमार्फत् के चाहि प्राप्त गऱ्यो त ?

❑ दीपेश उपाध्याय

क्लिण्टनले खुलेआम भनेका छन्- 'हाम्रो चीनसितको संलग्नता हाम्रा आदर्शहरू अघि बढाउने सर्वश्रेष्ठ बाटो पनि हो ।'

क्लिन्टन र चिनियाँ राष्ट्रपति जियाङ जेमिन भ्रमणको अवसरमा ।
फोटो साभार: TIME

पाठकको कुरा

◆ मूल्याकन पूणाक ५७ समयमा नै पढ्न पाइयो । यस अकमा घटना र विचार स्तम्भमा यसरी हतोत्साहित गरिदैछ नेपाली पत्रिकाहरुलाई' मधुकर उपाध्यायको अनुसन्धानात्मक लेख 'यसरी रोपवेले नेपालमा कायापलट ल्याउन सक्छ' र रिपोट 'मूल्याकनलाई बौद्धिकहरुको खबरदारी' धेरै असल लाग्यो । नेपाली पत्रिकामाथि यसरी नेपाल हुलाकले 'हुलाक दता' खोस्न् नेपाल अधिराज्यको बहुदलीय सरकारले आफ्नै नेपालीपनको अस्मितामा कलक लगाउनु हो, मोसो दल्नु हो र नेपाल बाहिर र भित्र मूल्याकनमार्फत् भइरहेको प्रजातान्त्रिक विचारको आदान-प्रदानमा रोक लगाउँदै र भावी प्रजातान्त्रिक आन्दोलनको परिस्कृत र परिमार्जित रुपलाइ वतमानमा नै हत्या गरी अधिनायकवाद स्थापना गनु हो । यस सम्बन्धमा नेपाली पत्रिकाले उठाएको कदम प्रशसनीय र सह्राहनीय छ, यसमा आम जनपक्षीय व्यक्तिहरु सचेत हुनुपछ ।

मूल्याकनलाई बौद्धिकहरुको खबरदारी रिपोटमा गोविन्दप्रसाद लोहनीको राजनीतिक रुपमा एक पक्ष मात्र नभएर सबपक्ष समेट्ने, हिमालका सम्पादक कनकमणि दीक्षित र दीपक जवालीको साम्यवादीहरुको मात्र प्रचार साधन नबनोस् भनने विचार अति राम्रो छ । मूल्याकन वाम विचारकहरुको मात्र मञ्च नभएर राष्ट्रिय र अन्तर्राष्ट्रिय विचार अन्तर्क्रियामुखी बनोस् । यसले मूल्याकनको स्तर र महत्व वतमानमा भन्दा भविष्यमा सवोत्कृष्ट गर्नेछ ।

-दीपक बरुवाल 'दीप'
मिनेल स्प्रीङ, लेबोङ, दार्जिलिङ

◆ यस मूल्याकन पत्रिकाभित्रका सबै स्तम्भहरु अहिलेसम्म सान्दर्भिक नै छन् । यस पत्रिकामा विभिन्न राजनीतिज्ञहरुको परिचय र तिनीहरुले निर्वाह गरेका भूमिका, तिनीहरुका जीवनी र विचारहरु, विश्व घटनाहरु, नामुद साहित्यकारहरुको बारेमा जानकारी र देशका विभिन्न जल्दाबल्दा समस्याहरुबारे छलंग पारी अरु थप लेख रचनाहरु राख्न सकेमा अझै राम्रो हुनेथियो ।

भीम न्यौपाने, मणिग्राम- ४, रुपन्देही

◆ यस मासिक पत्रिकाको ५८ औं अक पढ्न पाए । इण्डोनेशियाको तानाशाह सुहार्तोको पतनको कथाको ऐतिहासिक पृष्ठभूमि ज्यादै स्पष्ट छ ।

हाल शान्ति सुरक्षा कायम राख्ने बहानामा नेकाको अल्पमतको सरकारले माओवादीको नाममा निर्दोष जनताको निर्ममतापूर्वक हत्या गरिरहेको छ । यो जारी रहने हो भने, शायद अब आउने समयमा कसैको पनि ज्यान सुरक्षित रहँदैन । यो निन्दनीय कार्यप्रति असन्तोष र विरोध जनाउनु जरुरी छ ।

प्रजातन्त्रका संस्थापक मानिने नेकाका नेता स्व. बि.पि. कोइरालाले चीनका नेताहरुसँग गरेको वार्तालाप हेर्दा नेका अझै साम्यवादी शक्तिदेखि तर्सिने गरेको बुझिन्छ ।

साथै, दक्षिण एशियामा भएको परमाणु शक्तिको प्रतिस्पर्धाले विश्वलाइ नै सशकित तुल्याएको छ । भारतको विस्तारवादी नीतिले र बारम्बार उसले गरेको नेपालको सीमा अतिक्रमणले गर्दा अब ऊ दक्षिण एशियाको दादा भएको प्रतीत हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा नै यसको विरोधमा आवाज उठाउनु जरुरी भइसकेको छ । र, अन्त्यमा, नीति संस्कृति तथा पाठकको खुराकको रुपमा रहेको विचारमञ्च स्तम्भहरु हटाइएकोमा अलि दुःख लाग्यो ।

होम थापा, बैंगाडाबर- ८, धनुषा

◆ मूल्याकन अक ५६ अक पढ्दासम्म मलाई के लागेको छ भने, यो नेपालको कम्युनिष्ट आन्दोलनको प्रमुख प्रतिनिधि पत्रिका हो । तर यति हुँदाहुँदै पनि यस पत्रिकामा प्रकाशित लेखरचनाहरु कहिलेकाहीं विरोधाभाषपूर्ण र भ्रामक भएको पनि पाइन्छ । जस्तै, अक ५६ मा प्रकाशित प्रज्ञानरत्नद्वारा लिखित 'एमाले फुट: एक सैद्धान्तिक विश्लेषण' शीर्षकको लेख पढ्दा सकल्प प्रस्ताव (महाकाली सन्धि पास गर्दा ससदले पास गरेको प्रस्ताव) लाई सन्धिकै अग मानिने भन्ने आशय व्यक्त गरिएको छ । यो सकल्प प्रस्ताव कसरी सन्धिको अग हुन्छ ? सकल्प प्रस्ताव र सन्धिको साइनो कस्तो हुन्छ ? भन्नेतर्फ ध्यान नदिई यस्तो जनमुखी पत्रिकाले समेत यसरी भ्रम सिर्जना गनु कत्तिको सही होला ? त्यस्तै, 'के फरक छ माले र एमालेमा' भन्ने शीर्षकमा सबै मालेका मात्र नेताको अन्तर्वार्ता हुँदा कतै केही नपुगेजस्तो लाग्यो । तर पनि 'कस्तो पार्टी बन्ला नेकपा माले ?' भन्ने लेख अति सान्दर्भिक र सटीक लाग्यो, साथै अन्य लेखहरु पनि ।

कहिलेकाहीं यस पत्रिकाले कम्युनिष्ट आन्दोलनको चर्चा गर्दा, भूमिगत पार्टीहरुको बारेमा लेख्दा कतिपय प्रकाशित गर्न नहुने कुराहरु पनि प्रकाशमा ल्याइएको पाइएको छ । उदाहरणको लागि, भारतको 'पिपुल्स वार ग्रुप'को प्रभावित इलाका र छापामा दस्ताको विवरण ।

यस पत्रिकाले अबदेखि विश्व कम्युनिष्ट आन्दोलनअन्तर्गत कुन कुन मुलकमा समाजवादीहरुले विजय हासिल गरेका हुन् र त्यहाँ उनीहरुको कस्तो गतिविधि छ भन्ने पनि प्रकाशित गरोस् ।

हिरण्यराज शर्मा, विविध खड्का,
हसपुर- १, प्युठान

◆ पूर्णाङ्क ५८ मा 'कालापानीमाथि भारतीय राजदूतको दावी' शीर्षकको लेखमा मेरो ध्यान आकृष्ट भएको छ । नेपालको इतिहासमा सन् १८१६ को सुगौली सन्धिपश्चात् अर्को आत्मघाती सन्धि भारतसँग सन् १९५० मा भएको जगजाहेरै छ । त्यसयताका हरेक सन्धिहरुमा भारतको तुलनामा नेपाल धेरै नै बुद्धु र पुड्को देखिएको छ । कोशी, गण्डक, टनकपुर र महाकालीजस्ता पछिल्ला सम्झौताहरु यसका प्रत्यक्ष उदाहरणहरु हुन् । भारतले नेपालको प्राकृतिक सम्पदामाथि त जे र जसरी भएपनि हस्तक्षेप गरेकै छ । यस अलावा, उसले आर्थिक, सास्कृतिक र ऐतिहासिक क्षेत्रहरुमा समेत पनि ठाडो हस्तक्षेप गरेको छ ।

आखिर, नेपाल एउटा स्वतन्त्र राष्ट्र भइकन पनि भारतीय विस्तारवादप्रति नेपालका कुनै पनि सरकार किन छाती फुकाएर विरोध गर्न सक्दैन ? अझ प्रत्येक दिन निर्बाध रुपमा प्रवेश गरिरहेका हज्जारौं सख्याका भारतीय नागरिकहरुको चापलाई यो सानो र निरिह मुलुकले कसरी धान्न सक्छ ? गजेन्द्रनारायण लगायतका व्यक्तिहरुको सरक्षण प्राप्त यी यस्ता गलत सन्धि र घातक राष्ट्रनीति कति दिनसम्म टिक्न सक्ला ? सिक्किम सरी भारतमा विलय हुन कोही पनि स्वाभिमानी नेपाली कदापि चाहँदैनन् । अझ, भारतीय शासक वर्गको चरित्र र रवैयाप्रति हामी सम्पूण नेपालीहरु चिन्तित छौं ।

हिमाल रेग्मी 'अज्ञात'
दुलारी- १, मोरङ

◆ विगत केही वषयतादेखि मूल्याकनका प्रायः सबै अकहरु अध्ययन गर्दै आइरहेको छु । विश्व कम्युनिष्ट आन्दोलनका विविध आरोह-अवरोहहरु एव नेपाली कम्युनिष्ट आन्दोलनका प्रवृत्तिगत पक्षलाई यथार्थवादी धरातलमा उभ्याएर समीक्षा गर्ने 'मूल्याकन' लाई प्रगतिशील मासिकहरुको भीडमा शीर्ष स्थानमा राख्दा अति नहोला । तर पनि, यसका प्रारम्भिक प्रकाशनहरुको तुलनामा बीचका केही प्रकाशनहरु केही हदसम्म पूर्वाग्रही, उपदेशवादी तथा सशोधनवादलाई पराक्ष ढगबाट पूट दिने खालका देखापरे । र, यसबाट कतिपय विद्वान प्रगतिशील लेखक एव साहित्यकारहरुको नजरमा समेत यो आलोच्य बन्न पुग्यो । खासगरी, सर्वहारावर्गको मुक्तिको निम्ति सघर्षरत नेकपा माओवादीलाई हेर्ने दृष्टिकोणमा पूर्वाग्रही र सतहीपनको आधिक्यता, नव-प्रतिक्रियावादी पार्टी एमालेप्रति आशावादी एव उसका प्रतिगामी चरित्रलाई सुधार्नको निम्ति उपदेशवादी लेखहरु प्रकाशित गर्नु यसका नकारात्मक पृवृत्तिहरु मान्न सकिन्छ ।

तैपनि, विगत केही समयअघिदेखि पुनः यसले आफूलाइ यथार्थको कष्टप्रद यात्रामा खरो उतार्ने जमको गरेको छ, जुन प्रशसनीय नै छ । विगतमा विश्व कम्युनिष्ट आन्दोलनका शीर्षस्था पुरुष चे ग्वेभाराको धारावाहिक जीवनी प्रकाशित गरेर मूल्याकन र राजेन्द्र महजनले मूल्याकनका पाठकहरुलाई ठूलो गुण लगाएका थिए । त्यसैको निरन्तरतास्वरुप, पूर्णाङ्क ५७ देखि खमेर रुज नेता पोल पोटको धारावाहिक जीवनी प्रस्तुत गर्ने प्रतिबद्धता प्रकट गर्दा हामीहरु त्यसै त्यसै पुलकीत छौं । चिन्तनमा केही उग्रवामपन्थी भड्कावको आधिक्यता भए पनि क्रान्ति र जनताप्रति अटल पोल पोट कसरी बदनाम हुन सक्छन् र साम्राज्यवादीहरुले खप्परको थुप्रोमाथि उनको तस्वीर टासेर ? वास्तवमा, मूल्याकनले यस्तो गोयेबल्स शैलीका प्रचारहरुलाई हामा माथिफलबाट, हटाएर उनीप्रतिको यथार्थ चिन्तनलाई भरिदिएको छ । माओवादी आन्दोलनलाई हेर्ने चिन्तनमा क्रान्तिकारी र सापेक्षवादी दृष्टिकोण अपनाउन थालेकोमा साधुवादका पात्र हुनुहुन्छ- मूल्याकनका प्रधान सम्पादक श्याम श्रेष्ठ । अन्य लेखहरुमा वाम् शशीको 'देश अथात् देश सै' कविता उत्कृष्ट छ । दशनशास्त्रसम्बन्धी लेख पनि बौद्धिक र खेदिलो छ । 'आखीझ्याल' अन्तरगत जापानी अथतन्त्रसम्बन्धी खोजमूलक लेखले पूजीवादी मुलकको आर्थिक चरमोत्कषताको कथित प्रचारबाजीको मुकण्डोलाई उधारीदिएका छ । अन्य सामग्रीहरु पनि अव्वल दजाकै छन् ।

पुन्य गौतम 'विश्वास',
निजगढ- २, प्रगतिपथ, बारा ।

वासस्वकर्ता राजेश कोइराला

◆ मैले नेपाल वातावरण पत्रकार समूहअन्तगत रही पत्रकारिता सिकेको र शुरु पनि सोही सस्थाअन्तगत नै रहेर गरेको हो । वातावरण पत्रकारकै हैसियतले म वासस्वक पुगको थिए । इंडिया कायक्रमका लागि मलाइ दिइएको विषय 'वन सरक्षणमा जनसहभागिता' मा मैले रिपोटहरु बनाउँदा वासस्वकको छनौट गरेर काम गरेको बेला मैले अन्य थप विषयहरुका बारेमा पनि लेख्ने प्रयास गरें । तिनै विषयहरु समेटेर मैले वासस्वकको 'विकास र वातावरणसम्बन्धी लेख' तयार पारेर मूल्याकन मासिक (अक ५२) छापिएको हो ।

यो चाहिं सत्य हो कि मेरा लेखले बोकेको सन्देश मूल्याकनको छविभन्दा एकदम पृथक रह्यो । लेखमा वासस्वकको समग्र राजनीतिको 'र' समेत देखिएन । त्यो लेख 'वातावरण लेख' हो । राजनीतिक लेख होइन । लक्ष्मण दोङको राजनीतिक जीवन एउटा वातावरण पत्रकारको हैसियतमा 'नितान्त निजी मामला' सिवाय केही हुँदैन । मेरा लागि 'वातावरण र विकास' को विषय अहम् हो ।

अहिले नेपालमा धेरै क्षेत्रमा पत्रकारिता शुरु भएको छ । चलचित्र अथ वातावरण विकास, साहित्य आदि क्षेत्रमा फैलिंदै गरेको पत्रकारिताभित्र पनि राजनीतिले देख्न थालियो वा राजनीति मिसिएकै हुनुपने अनिवायताको महसुस गन थालियो वा राजनीति मिसिएकै हुनुपने अनिवायताको महसुस गन थालियो भने यो शुरुवातले बालमृत्यु मात्र देख्नेछ । आंखा पूरै खोलेर हेरौं, हरियो चश्मा लाएर सबैधोक हरियो देख्ने नगरौं । ससारमा हज्जारौं रगहरु विद्यमान छन् ।

राजेश कोइराला
चावहील, काठमाडौं ।

मूल्याकनमा गतांकहरुमा प्रकाशित हुँदै आएको कम्बोडियासम्बन्धी सामग्री आगामी अकदेखि पुनः प्रस्तुत गरिनेछ ।
-मूल्याकन

DUCKHAMS



अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल

PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND

उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

DISCOVER
THE NEW
GREEN BOTTLE AND
THE REFRESHING
TASTE WITHIN...

Carlsberg

Probably the best beer in the world.